जि.प्र.का. काठमाडौं, द.नं. : ३६३/०७४/०७५

नेफ्स्कून

# साकोस आवाज
# SACCOS AAWAJ

नेफ्स्कूनको त्रैमासिक प्रकाशन

वर्ष ७ | अंक २२ | मुल्य रु. १००/- | साउन-असोज २०७९

## साकोस अभियानको साझा संकल्पः
## "एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधि"



नयाँ बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९१९६३, ४७८०२०१, ४७८३०७१, ४७८४६५९, इमेल : nefscun@nefscun.org.np

www.nefscun.org.np



नेपालीहरुको महान चाड

# विजया दशमी, शुभ दीपावली, छठ पर्व-२०७९ तथा नेपाल संवत् ११४३

को पावन अवसरमा सहकारी अभियानका अग्रज, अभियन्ता, आवद्ध सदस्य एवम् अभियानका सरोकारवालाहरु लगायत देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

परितोष पौड्याल
अध्यक्ष
एवम् नेफस्कून परिवार


नेफस्कून
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.
NEPAL FEDERATION OF SAVINGS AND CREDIT COOPERATIVE UNIONS LTD.

नयाँ बानेश्वर, काठमाडौं,
फोन नं.: ०१-४७९१९६३, ४७८०२०१,
इमेल: nefscun@nefscun.org.np
वेबसाइट: www.nefscun.org.np

नेफ्स्कून


**प्रकाशक**
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी
संघ लिमिटेड (नेफ्स्कून)

**संरक्षक**
परितोष पौड्याल
अध्यक्ष, नेफ्स्कून

**सूचना तथा प्रकाशन उपसमिति-संयोजक**
चन्द्र प्रसाद ढकाल
बरिष्ठ उपाध्यक्ष/प्रवक्ता

**सूचना तथा प्रकाशन उपसमिति सदस्यहरु**
विपिन शर्मा
लिला थापा
जगदिश भट्टराई
सालिकराम पुडासैनी

**सम्पादक**
सञ्जयराज तिमिल्सीना

**सह-सम्पादक**
राधा पौडेल

**लेआउट डिजाइन**
निबास डंगोल

**मुद्रण**
एक्सिस प्रिन्टर्स प्रा.लि.
न्यूप्लाजा, काठमाडौं
०१-४५३६८६१

**मुल्य**
रु.१००/-





# यस भित्र


अर्थतन्त्र सुधारका लागि नेफ्स्कूनका ............ १
राष्ट्रिय विकासका लक्ष्य पुरा गर्न ............ ७
क्रेडिट युनियन एक्ट तुरुन्त ल्याउन पहल गरौं ............ ११
सहकारीका समसामयिक विषयहरुमा ............ १५
नेफ्स्कून स्थापना दिवसको अवसरमा ............ २२
राजनीतिक दलका घोषणापत्रमा समावेश गर्न ............ २३
अक्कु फोरम २०२२ सम्पन्न ............ ३०
सहकारी सन्दर्भ व्याजदरमा न्यायिक सम्बोधन जरुरी छ ............ ३८
सहकारीमार्फत् गरिबी निवारण: एक उत्तम विकल्प ............ ४५
विपद् व्यवस्थापनमा सहकारीको भूमिका ............ ४७
नेपालको वित्तीय समावेशीकरणमा सहकारी क्षेत्र ............ ५०
क्रेडिट युनियनको छवि र  विश्वास अभिबृद्धि गर्न ............ ६०
के सहकारीको सन्दर्भ व्याजदर सान्दर्भिक छ ? ............ ६५
सहकारी क्षेत्रको वर्तमान अवस्था र नियमकको भूमिका ............ ६७
सहकारीमा देखिने समस्या र तरलता व्यवस्थापन ............ ६९



**© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**


केन्द्रीय कार्यालय: नयाँ बानेश्वर, काठमाडौं,
फोन नं.: ०१-४७९११९६३, ४७८०२०१, इमेल: nefscun@nefscun.org.np
वेबसाइट: www.nefscun.org.np


**यस साकोस आवाजमा प्रकाशित सबै धारणाहरु लेखकका निजी धारणा हुन् । -सम्पादक**

# सहकारीप्रति राज्य अनुदार नबनोस्

नेपालको संविधान, २०७२ ले निर्देशक सिद्धान्तको रूपमा "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै सामाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ ।" भन्ने उल्लेख गरिएको छ । त्यस्तै संविधानको निर्देशक सिद्धान्त अन्तर्गत नै राज्यले निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयन गर्न आवश्यकता अनुसार स्रोत साधन परिचालन गर्ने गराउने दायित्व किटान गरेको छ । तर, संविधान जारी भएको सात वर्ष बितिसक्दासम्म पनि राज्य ग्रामीण एवम् विपन्न वर्गमा पहुँच पुर्‍याउने अर्थतन्त्रको महत्वपूर्ण हिस्सा सहकारीको समूचित विकासको सन्दर्भमा सकारात्मक बन्न सकिरहेको छैन ।

कोभिड-१९ को संक्रमणसँगै संक्रमित भएको नेपालको अर्थतन्त्र निरन्तर अधोगतीमा अगाडि बढिरहेको छ भने पछिल्लो एक वर्ष वित्तीय क्षेत्रमा तरलता संकूचनको दवाव निरन्तर बढिरहेको छ । यस बीचमा केहि सहकारी संस्थाहरु वित्तीय संकटका शिकार बनिसकेका छन् भने धेरैले दवावका बीच सेवा सञ्चालन गरिरहेका छन् । सन् २००८ पश्चात विश्व अर्थतन्त्रमा देखिएको आर्थिक मन्दीले प्रभावित नभएको सहकारी अर्थव्यवस्था यसपटक भने विश्वव्यापीरूपमा नै प्रभावित भइरहेको छ । तरलता संकूचनले लगानी नियन्त्रित हुने मात्र होइन ब्याजदरको दवावले सञ्चालनमा रहेको व्यावसाय पनि संकटउन्मुख हुँदै गइरहेका छन् ।

संविधान जारी भएको दुई वर्षपछि नेपालमा नयाँ सहकारी ऐन जारी भयो । सहकारी ऐनका अधिकांश व्यवस्था सकारात्मक हुँदा हुँदैपनि त्यसको कार्यान्वयनमा राज्यको प्राथमिकता नहुनुले सहकारी क्षेत्रले राज्यको सकारात्मक भूमिका अनुभूति गर्न पाएको छैन । ऐनमा तोकिएका कतिपय विषयहरू दोहोरो सदस्यता, कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण, बचत तथा कर्जा सुरक्षण कोष गठन तथा सञ्चालनमा राज्य र अभियान दुवैको भूमिका प्रभावकारी बन्न सकेको छैन । तर, त्यहि सहकारी ऐनमा भएको सन्दर्भ ब्याजदर (जो व्यवहारतः असान्दर्भिक भइसकेको छ) को दवावपूर्ण कार्यान्वयनले वित्तीय सहकारीहरूमा चुनौती थपिरहेको छ । विगतमा केहि सहकारी संस्थाहरूले गरेका गलत अभ्यास, अनियन्त्रित ब्याजदर, सदस्यहरूको वित्तीय आवश्यकतालाई अवसरको रुपमा उपयोग गर्ने अवस्थालाई व्यवस्थित गर्नेसम्म सन्दर्भ ब्याजदर सान्दर्भिक एवम् सदस्य हितको विषय थियो । तर हाल बाणिज्य बैंकहरूको ब्याजदर नै सहकारीको भन्दा उच्च भएको अवस्थामा सहकारी संस्थाहरु वित्तीय कारोबारमा टिकिराख्न निकै नै चुनौतीपूर्ण बनेको छ । यसले राज्य कतै सहकारी अर्थव्यवस्था कमजोर बनाएर निजी क्षेत्र पोस्न त लागिरहेको छैन भन्ने गम्भीर प्रश्न सिर्जित भएको छ । सहकारी अभियानसँगको समझदारी विपरित असान्दर्भिकरूपमा आयकरको दर वृद्धि गरिनु (हाल संशोधन भई पूर्ववत् दर कायम भएको छ), सन्दर्भ ब्याजदर बजार सापेक्ष पुनरावलोकन नहुनु सहकारी अर्थव्यवस्था कमजोर बनाउन गरिएका प्रपञ्च त होइनन् ? समग्र सहकारी अभियानले आफ्ना व्यक्तिगत र संस्थागत स्वार्थभन्दा माथि उठेर सोच्न जरूरी छ । सहकारी नियमावली, २०७५ को विद्यमान व्यवस्था अनुरूप सन्दर्भ ब्याजदर पुनरावलोकन गर्ने हो भने हालको दरमा फेरिपनि वृद्धि हुने सम्भावना छैन । त्यसैले यथाशीघ्र सहकारी नियमावली संशोधन गरी सन्दर्भ ब्याजदरलाई बजार सापेक्ष हुने मापदण्ड स्थापित गर्नु जरूरी छ भने यसको दीर्घकालीन समाधानको लागि सहकारी ऐनमा संशोधन गरी सन्दर्भ ब्याजदरको सट्टा आधार दर र वित्तीय नाफा दर (फाईनान्सियल मार्जिन) तोकी सोको आधारमा ब्याजदरलाई स्वचालित बनाउन जरूरी छ । सन्दर्भ व्याजदरको अंकुशले वित्तीय सुशासनमा नरहेका मात्र होइन सुशासनमा चलेका सहकारीहरूमा पनि समस्या उत्पन्न हुन सक्ने देखिन्छ ।

सन्दर्भ ब्याजदर निर्धारण समितिमा राज्य पक्ष र अभियानको समझदारी बन्न नसक्दा महिनौं देखि बैठक बस्न र निश्कर्ष निकाल्न सकिरहेको छैन । बैंक तथा वित्तीय संस्थाहरूको ब्याजदर स्वचालित हुने र सहकारी क्षेत्रमा कानुनी अंकुश लाग्ने अवस्थाले वित्तीय पहुँच विस्तारमा बैंक तथा वित्तीय संस्थाको विकल्पकोरूपमा अगाडि बढिरहेको सहकारी क्षेत्र दिनानुदित कमजोर बनाईदैछ । यसमा अभियानको तर्फबाट दवाव सिर्जना गर्न नसक्ने हो भने अभियानको आवश्यकता, औचित्यता र नेतृत्वप्रति नै प्रश्न चिन्ह खडा हुन सक्दछ ।

आम भुँईमान्छेसँग जोडिएको अभियानले राज्यलाई समेत सम्बन्धित विषयगत क्षेत्रमा पूर्वाग्रहबिना मार्गनिर्देश गर्ने हो । त्यसैले सहकारी अर्थव्यवस्था जोगाउने, सहकारीको ब्यानरमा हुने गलत अभ्यासलाई निरूत्साहित गर्ने, भुँईतहमा वित्तीय पहुँच, स्थानीय उत्पादन वृद्धि, प्रशोधन, प्रबर्द्धन सहित स्वरोजगारी एवम् स्थानीय रोजगारी सिर्जना गर्ने स्पष्ट अवधारणा सहित आवश्यक पर्दा आवश्यकताको आधारमा निर्णय गरी अगाडि बढ्ने हिम्मत अभियानको नेतृत्वले गरोस् भन्ने आम सहकारीकर्मीहरूको मनोभावलाई निरूत्साहित हुन दिनु हुँदैन । यो समय संघहरूले आफ्नो औचित्यता पुष्टि गर्ने अवसर पनि हुन सक्दछ ।





# अर्थतन्त्र सुधारका लागि नेफस्कूनका प्राथमिकताहरू




kl/ tf]f kf}8bfn
अध्यक्ष
नेफस्कून


**युद्ध र महामारीका कारण** विश्व आर्थिक संकट र यसले पारेको प्रभावका कारणले नेपाल असाधारण समस्याको सामना गर्नुपर्ने अवस्था छ । विश्वको वृद्धि तीव्र (ऋणात्मक) गतिमा सुस्त भइरहँदा यसको सापेक्षित प्रभाव नेपालमा पनि परेको छ । यतिवेला नेपालको सानो र परनिर्भर अर्थतन्त्र थप सुस्त हुने सम्भावना छ । नेपालको आर्थिक प्रणाली समुदायमा आधारित जनताको अनौपचारिक अर्थतन्त्र, सहकारीता र विप्रेषणका कारणले जीवन्त र गतिशिल देखिएको छ । तर यस्ता अर्थव्यवस्था र सामाजिक प्रणाली सुस्त भईरहँदा अर्थतन्त्रको एउटा खम्बाको रूपमा रहेको सहकारी राज्यको नियमन, प्रवर्द्धन र विद्युतीय प्रविधिको बञ्चितीकरणको केन्द्र बनिरहेको छ । सहकारी अभियानलाई सुरक्षित र वलियो बनाउने सहकारी ऐन २०७४ मा भएका प्रावधानहरू कार्यान्वयन गर्न राज्य उदाशिन छ । ऐनमा व्यवस्था भएका कर्जा सूचना केन्द्र, ऋण असुली न्यायाधिकरण, अवैज्ञानिक सन्दर्भ व्याजदर, प्रवर्द्धन कोषको उपयोग, बचत र ऋणको सुरक्षण कोषको सञ्चालन, मुख्य कारोबारलाई सम्वोधन गरेर सुशासन कायम गर्न राज्य उदाशिन छ । अभियानले विकास गरेका स्तरीकरण कार्याक्रम, स्थिरीकरण कोष, उत्पादन र सेवालाई सरलिकृत बनाउने विद्युतीय प्रविधिको सार्थक उपयोग गर्न समेत राज्यले उत्तरदायित्व नलिँदा सहकारी क्षेत्र युद्ध र महामारीको पहिलो प्रभावको क्षेत्र बनिरहेको छ । उदीयमान बजार र विकासशील अर्थतन्त्रका लागि जनताको अर्थतन्त्रको रूपमा रहेको सहकारीलाई राज्यले उपेक्षा गरेर होइन सहकार्य गरेर राज्यको लक्ष्य हासिल गर्नु पर्दछ । यस्तो लक्ष्य हासिल गर्न समुदायमा आधारित अर्थतन्त्रको विकास मार्फत कम मुद्रास्फीति दर, मुद्रा स्थिरता र छिटो वृद्धि हासिल गर्न, नीति निर्माताहरूले आफ्नो ध्यान उपभोग घटाउनेबाट उत्पादन बढाउनका लागि परिवर्तन गर्न प्रेरित गर्नु पर्दछ । अब बन्ने सरकारले थप लगानी सिर्जना गर्न

र उत्पादकत्व र पूँजी विनियोजनमा सुधार गर्नु पर्दछ । जुन वृद्धि, विकास र गरिबी न्यूनीकरणका लागि महत्त्वपूर्ण छ । जनअर्थतन्त्रको विकास र राष्ट्रिय पुँजीको निर्माण गर्ने सामुदायीक अर्थव्यवस्थालाई बलियो वनाउने साधन सहकारीता मात्रै हो । सहकारीताको विकासले वित्त प्रणालीमा सरल पहुँच र अवसर मात्रै सिर्जना गर्दैन समानता र न्यायमा आधारित आर्थिक प्रणालीको विकासमा पनि सघाउँछ । यसका लागि सहकारीलाई यसको सिद्धान्त, मुल्य र मान्यताबाट बाहिर जान नदिन प्रभावकारी नियमनको अपरिहार्यता छ । सहकारी सिद्धान्तको रक्षा राज्यले गर्नु पर्दछ सहकारी अभियानले सिद्धान्तको सिर्जनात्मक अनुपालना गर्नु पर्दछ ।

## आसन्न आर्थिक मन्दिलाई सम्वोधन गर्न ध्यानाकर्षण गर्नुपर्ने विषयहरूः

**पहिलो, महामारी**ः यसले हाम्रो जीवन र अर्थतन्त्रलाई उल्टो बनायो र यो समाप्त भएको छैन । भाइरसको निरन्तर फैलावटले अझ बढी संक्रामक वा नराम्रो, थप घातक भिन्नताहरूलाई जन्म दिन सक्छ, अर्को मानिसका स्वास्थ्यसँग जोडिएका पर्यावरणीय प्रदुषणको समाधान दिन नसक्दा हामीले थप नयाँ रोगहरूको सामना गरिरहेका छौं ।

**दोस्रो, युद्ध**ः विविशिका युरोपको युद्ध र युद्ध अभ्यास र रूसको युक्रेनमा आक्रमण, ताईवान–चीन–उत्तर कोरिया–अमेरिकाको सामरिक तनावले विश्व अर्थतन्त्रको लागि विनाशकारी, विश्वभर झट्का तरंगहरु पठाउँदैछ । सबैभन्दा ठूलो मानवीय त्रासदीको रूपमा यो क्षणको अनुभव गरिरहेका छौं, युद्धक्षेत्रमा साधारण पुरूष, महिला र बालबालिकाको पीडा, जसमध्ये लाखौं विस्थापित मानिसहरु छन् । युद्धको आर्थिक नतिजाहरूको दुसप्रभाव छिमेकीहरु र त्यसभन्दा बाहिर छिटो र टाढा फैलिदै छन् । संसारको सबैभन्दा कमजोर मानिसहरु सबैभन्दा कठिन प्रहारको निसाना बनिरहेका छन । करोडौं परिवार पहिले नै कम आय र उच्च ऊर्जा र खाद्यान्नको मूल्यसँग संघर्ष गरिरहेका अवस्थामा युद्धले यसलाई झन् नराम्रो बनाएको छ । हरेक देशको युद्ध वजेटको विस्तारले मानवीय क्षेत्रको बजेट कटौति, मनोवैज्ञानिक त्रास, अभाव, असमानतालाई थप बढाइरहेको छ । नेपालजस्तो परनिर्भर र कमजोर अर्थतन्त्र भएको देशमा थप चुनौतिहरू देखिँदै छन् । मुल्य वृद्धि, न्यून मुद्रा सञ्चय र मुद्रास्फीतिका कारणले नेपाललाई स्पष्ट र वर्तमान खतरा भएको छ । आर्थिक सर्तहरूमा वृद्धि कम छ र मुद्रास्फीति माथि छ । मानवीय हिसाबले मानिसको आम्दानी घटेको छ र कठिनाइ बढेको छ ।

**दोहोरो संकट**–महामारी र युद्ध र तिनीहरूसँग लड्ने हाम्रो क्षमता, अर्को बढ्दो जोखिमले थप जटिल बनाएको छ । विश्व अर्थतन्त्रको भू-राजनीतिक ब्लकहरूमा विभाजन–उद्योग र वाणिज्य क्षेत्रको क्षयीकरण, मौद्रिक प्रणाली र व्यापारीक समस्यामा देखिएको जटिलता, भुक्तानी प्रणालीहरु र मुद्रा सञ्चितीको प्रभाव नेपालको अर्थव्यवस्था प्रणालीमा पनि देखिदैछ । यस्तो विषम अवस्थाले विश्वव्यवस्थामा देखिने पीडादायी समायोजन लागतको भागेदार नेपाल पनि हुदैछ । यस्तो विषम अवस्थामा विग्रेका आपूर्ति चेन, अनुसन्धान, विकास र उत्पादन सम्वन्धहरू पुनः निर्माण गर्न आवश्यक छ ।



हामीजस्ता गरिब देश र गरिब जनताले यी विस्थापनको मार भोग्नुपर्नेछ । नेपालमा सुशासनमा देखिएको समस्या, भुक्तानी असन्तुलन, राजनीतिक अस्थिरता, कमजोर अन्तर्राष्ट्रिय मुद्रा सञ्चिति, आर्थिक प्रणालीमा देखिएको समस्या, वित्तीय संघीयताको उत्पादकत्वमा देखिएको ह्रास, जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन मद्दत गर्ने नियममा आधारित ढाँचाका लागि सबैभन्दा गम्भीर चुनौती खडा भएको छ । यसले हामीले सामना गरिरहेका दुई संकटहरूमा सँगै काम गर्ने हाम्रो क्षमतालाई कमजोर बनाउँदैछ । यसले हामीलाई अन्य विश्वव्यापी चुनौतिहरु जस्तै जलवायु परिवर्तनको अस्तित्व, युद्ध र युद्धको विविशिकाको प्रभाव, कोभिड पश्चातको नयाँ व्यवस्थाको सञ्चालन, बढ्दो प्राविधिकरणलाई सम्वोधन गर्ने सापेक्षित रणनीति बनायनौं भने हामीले ठूलो जोखिमको

सामना गर्नुपर्ने हुनसक्छ । हामीले अहिले गरेका कार्यहरूलेनै आधारभूत रुपमा हाम्रो भविष्य निर्धारण गर्नेछन् । इतिहास साक्षि छ, जनयुद्ध समाप्त गर्न सवै स्वार्थ र हितलाई छोडेर युद्धको अँध्यारो छायाबाट नेताहरु उज्यालो संसारको कल्पना गर्न एकसाथ आएका थिए । यो अभूतपूर्व साहस र सहयोगको क्षण थियो । हामीलाई आज त्यो भावना चाहिन्छ, किनकि हामीले ठूला चुनौतीहरु र अझ कठिन छनौटहरूको सामना गर्नुपर्छ ।

## ठूला चुनौती, थप कठिन विकल्पहरू :

कोभिड विभिन्न भेरियन्टका कारण विश्वमा सामरिक बजेटको प्राथमिकता अगावै नेपालको आर्थिक विकास र सुधारले गति गुमाउँदै थियो । विश्व अर्थव्यवस्था प्रणालीमा आएको संकटसँगै नेपाली राजनीतिको अस्थिरताले सिर्जना गरेको वित्तीय अस्थिरताले झन् ठूलो चुनौति सिर्जना गरेको छ । आ.व. २०७८/७९ देखि कोभिड पश्चात् नयाँ उत्पादनका सम्वन्ध, युद्ध र यसको परिणामहरूको कारणले दृष्टिकोणमा ठूलो गिरावट आएको छ । मुद्रास्फीति, वित्तीय कडाई र बारम्बार फराकिलो तालाबन्दीहरु, भुक्तानी असन्तुलन–न्युन मुद्रा सञ्चिति, विश्वव्यापी आपूर्ति श्रृंखलाहरु, विकासदरमा लगातार गिरावट, क्रयशक्ति कमजोर, श्रम कटौति, उत्पादनमा कमी, वेरोजगारीमा वृद्धिले नयाँ बाधाहरु निम्त्याएको छ । नयाँ गतिविधिलाई पनि सुस्त बनाएको छ ।

यही समयमा, ऊर्जाको मुल्यवृद्धि र खाद्य मूल्यहरूले मुद्रास्फीतिको दबाबमा थप्दैछ । राष्ट्रिय अर्थतन्त्र अत्यन्त कमजोर रहँदा पनि आम नेपालीको घरपरिवारहरूको पारिवारिक अर्थतन्त्र र विप्रेशणमा आधारित वास्तविक आय श्रृखंलाले हालसम्म टिकेको छ । हाम्रो जस्तो देश अब यसको पूर्व-महामारी प्रवृत्तिमा फर्कन अझ बढी समय लाग्ने छ । हामीले युद्धको आर्थिक नतिजासँग मात्र होइन, महामारीको संकटका डरलाग्दो प्रभावहरु पनि भेलिरहेका छौं । यसमा उत्पादन र सेवा क्षेत्रको संकुचन, रोजगारी गुम्ने र सिकाइमा हुने नोक्सानीहरु समावेश छन् । यो क्षतिको पुर्तिको लागि न्यायीक आधार तयार गर्न नसक्दा धनी र गरिब बीच गहिरो खाडल परिरहेको छ । यस्तो अवस्थामा वितरणात्मक न्याय र क्षतिपूर्तिको न्यायको नीतिगत आधार तयार गर्नुपर्दछ ।

हाम्रो देश नेपाल युद्ध र प्रतिबन्धहरु, कोभिड भेरियन्टहरु, अन्य रोगव्याद, उत्पादकत्व र उत्पादनमा ह्रास, भुक्तानी असन्तुलन, न्यून मुद्रा सञ्चिति, वित्तीय अस्थिरता र न्युन सार्वक्षेत्रको लागानी जस्ता अनेकौं उच्च अनिश्चितताबाट प्रभावित परिरिस्थितिमा छ । यस्तो अवसथामा आधारभूत आवश्यकताका क्षेत्रहरु : मानवीय सुरक्षाका आधारभूत क्षेत्रहरू उर्जा सुरक्षा, स्वास्थ्य सुरक्षा र खाद्य सुरक्षा आजको गम्भीर चिन्ताका विषयहरू भएकाले यीनिहरूको सुरक्षा रणनीतिलाई बलियो बनाउन बहुपक्षीय पहलका साथ काम गर्नुपर्छ । विकल्प डरलाग्दो छः अधिक भोक, अधिक गरिबी, वेरोजगारी, अस्वस्थ नागरिक र थप सामाजिक अशान्ति – विशेष गरी हम्रो देशहरूका लागि जुन धेरै वर्षदेखि विपन्न, गरिब, कमजोर र द्वन्द्वबाट बच्न संघर्ष गरिरहेको छ । राजनीतिक र नागरिक स्वतन्त्रताका आयमलाई संस्थागत गर्ने विषय नीतिगत आधार खडा भएको छ जसलाई व्यवहारमा अभ्यास गरिदै छन् । आर्थिक सामाजिक, सांस्कृतिक र पर्यावरणका क्षेत्रमा निकर्ष निकाली आधार तयार गरिदै छन् । खाद्यान्न र ऊर्जा मूल्यवृद्धि, विश्वव्यापी आपूर्ति श्रृंखलामा उच्च कर, मुद्रास्फीति जारी छ । आउने दिनहरू विकासोन्मुख अर्थतन्त्रहरूको लागि मुद्रास्फीति दशकको उच्चमा पुगेको हुनेछ । अब हामी यसलाई पहिले अनुमान गरिएको भन्दा लामो समय सम्म अझ धेरै समय यसको प्रभाव रहने प्रक्षेपण गरिरहका छौं ।

यो हाम्रो जीवनकालको सबैभन्दा सार्वभौमिक जटिल नीति वातावरण हो – आसन्न राजनैतिक नेतृत्वले अत्यन्तै कठिन विकल्पहरु प्रस्तुत गर्दैः महत्वपूर्ण खर्चलाई कायम राख्दै र दिगो विकासको आधारशिला निर्माण गर्दा नीति निर्माताहरूले कसरी उच्च मुद्रास्फीति र बढ्दो ऋणलाई नियन्त्रण गर्न सक्नुपर्दछ ।

## आर्थिक पुनरउत्थान गर्न र लचिलोपन निर्माण गर्न राज्यका नीतिगत आधारहरू :

तत्काल प्राथमिकताहरु युद्ध र महामारीको सामना गर्ने मुल्यवृद्धि, मुद्रास्फीति र मुद्रा सञ्चितिलाई सम्बोधन गर्ने हो । द्वन्द्व विकास र समृद्धिको शत्रु हो भन्ने हामीले नेपालकै जनयुद्धको अनुभवबाट बुझेका छौं । युद्धको उच्च लागतले धेरै देशहरूलाई अपांङ्ग बनाएको छ र यो क्रम जारी छ । कोरोना महामारी र वित्तीय क्षेत्रमा प्रभाव, उत्पादनमा कमी र उपभोगमा गिरावट बिश्व आर्थिकमन्दी तिर उन्मुख भईरहेको छ । नोबेल कोरोनाको संक्रमणको सूस्तता र व्यापार व्यवसायको सकियताले नयाँ रणनीतिको वीचमा कोभिडले आफ्नो घातक मार्च जारी राखेको छ । "शान्ति, श्रम, स्वतन्त्रता, वन्धुत्व, सुख र समृद्धिको लागि सहकारी अभियान एकमात्र सही र उचित मार्ग हो । "संवैधानिक व्यवस्थाको उचित सम्वोधनले मात्र हामी अर्थतन्त्रलाई सुदृढ वनाउन सक्छौ ।

समाजवादको आधार तयार गर्न नेफ्स्कूनले उठाउँदै आएका विषयहरू संसार, समृद्धि र समाजलाई

केन्द्रविन्दुमा राखेर अर्थतन्त्रका तीनैवटा आयाम सरकार, नीजिक्षेत्र र सहकारीलाई उचित सम्वोधन गर्दै आर्थिक पुनउत्थानको लागि अवलम्बन गर्नुपर्ने नीतिगत प्राथमिकताहरू :

**१. नेपाल राष्ट्रवैंकले अर्थतन्त्रको संरक्षकको रूपमा समानताको दृष्टिकोण अपनाउनु** :

नेपालको संविधानले सरकार, नीजि र सहकारी क्षेत्रलाई समान हैसियत दिएको छ । तर कार्यशैली र व्यवहारमा भने सहकारी क्षेत्र अहिलेपनि ओभ्फेलमा छ । समान संरक्षण र समान नियमन नभएसम्म जनताको अर्थतन्त्रको रूपमा रहेको सहकारीले प्रभावकारी सञ्चालन र कुशल व्यवस्थापनमा समस्या भोग्नु पर्ने नियति छ । स्वास्थ्य संकट, बढ्दो आयात व्यापार, नीजि कार तथा सवारी साधन खरिद, विलासिताका सामानको बढ्दो आयात व्यापार, अनुत्पादित क्षेत्रमा बढि ऋण लगानी, सरकारको विकास खर्च अर्थात पूँजीगत खर्चमा कमी र सरकार परिवर्तन, निक्षेपको अनुपातमा ऋण लगानी अनुपात, हुण्डी कारोबार, सम्पत्ती शुद्धीकरण ऐन प्रभावित हुने डरले जग्गा कारोबारको आय कर तथा रजिष्ट्रेशन छल्ने नाममा नोटको घरमा सञ्चय, भारतीय नाकाहरूमा नेपाली पैसाको अवैध सञ्चिती, व्यवस्थापकीय खर्च, अनलाईन र प्रत्यक्ष वैंकीङ्ग प्रणालीको प्रभावकारीता, वित्तीय संघीयताको प्रभाकारी कार्यान्वयन, उपलब्ध कानुनको कार्यान्वयनमा सरकारी ढीलासुस्ति लगायतका विषयमा तत्काल सम्वोधन आवश्यक छ । मुलुकको संवैधानिक निर्देशन अनुरूप प्रस्तुत क्षेत्रमा देखिएका समस्या समाधान गर्न अर्थव्यवस्था प्रणाली उत्तरदायी हुनु पर्दछ । राष्ट्रवैंक अर्थतन्त्रको समान संरक्षणका लागि वित्तीय क्षेत्रहरू वैंक, वित्तीय क्षेत्र र सहकारी गरी तीनैवटा क्षेत्रको नियमन, प्रवर्द्धन र प्रशिक्षणमा प्रस्तुत विषयमा राष्ट्र वैंकले जिम्मेवारी लिनुको विकल्प छैन ।

- केन्द्रीय बैंक एक वित्तीय संस्था हो जुन राष्ट्र वा राष्ट्रहरूको समूहको मौद्रिक प्रणाली र नीतिको निरीक्षण गर्न, यसको मुद्रा आपूर्ति विनियमित गर्न, र ब्याज दरहरु सेट गर्न जिम्मेवार हुनु पर्दछ । संविधानले आर्थिक प्रणालीको अंगको रूपमा स्वीकारेको सहकारी क्षेत्रलाई वित्तीय सेवाका आयमहरू पूँजी र प्रविधिको उपयोग निषेध, बञ्चितीकरण, र बहिष्करण गरेको छ । अवसर र पहुँचमा समान व्यवहार गर्न आवश्यक छ ।
- केन्द्रीय बैंकहरूले मौद्रिक नीति बनाउँछन्, मुद्रा आपूर्ति र ऋणको उपलब्धतालाई सहज वा कडा पारेर, केन्द्रीय बैंकहरूले राष्ट्रको अर्थतन्त्रका आयामहरू सरकार, नीजि र सहकारीलाई समान स्तरमा राखेर नीति कार्यक्रममा उन्मुक्ति र सुविधा दिनु पर्दछ ।
- केन्द्रीय बैंकले बैंकिङ उद्योगका लागि आवश्यकताहरु नियमन गरिरहेका छन, जस्तै नगद रिजर्भको मात्रा बैंकहरूले आफ्नो निक्षेपको तुलनामा कायम राख्ने व्यवस्था र सुरक्षाको प्रत्याभुति यही विधि र व्यवस्थामा वित्तीय सहकारीहरूलाई पनि सम्वोधन हुनु पर्दछ ।
- मौद्रीक प्रणालीलाई आधुनिक बनाउन वित्तीय डिजिटल च्यानल, साझा प्लेटफर्म, डेटा सुरक्षा र डेटा विश्लेषणका उच्च प्रविधिमा वैंकको मात्र होइन सहारीको समान अवसर सिर्जना गर्नु पर्दछ ।
- केन्द्रीय बैंक समस्याग्रस्त वित्तीय संस्थाहरु र सरकारहरूका लागि अन्तिम रिसोर्टको ऋणदाता हुन पर्दछ । सहकारीमा सो कार्यका लागि गठन भएको स्थिरीकरण कोषको प्रभावकारी कार्यान्वयन र वित्तीय सक्षमताको लागि राष्ट्रवैकले जिम्मेवारी लिनु पर्दछ ।

**२. मुद्रास्फीति नियन्त्रण र नियमनको प्रभावकरीतालाई सुनिश्चित गर्नु** :

मुद्रास्फीति नै वित्तीय स्थिरताको मुख्य चुनौति हो । मुद्रास्फीतिको नियन्त्रण गर्नु हाम्रोजस्तो सानो तर संघीय अर्थतन्त्र भएको देशमा आर्थिक सुरक्षाका लागि पनि महत्त्वपूर्ण स्थान छ । आर्थिक पुनरउत्थानमा जुटिरहेका नागरिकको बीचमा प्रगतिशील कर प्रणालीले मुद्रास्फीतिलाई केन्द्रमा राखेर रणनीति तय गर्नु धेरै देशहरूमा, यो एक केन्द्रीय चिन्ताको विषय बनेको छ र त्यहाँ एक बढ्दो जोखिम छ कि मुद्रास्फीति नियन्त्रणको अपेक्षाहरु लामोसमयसम्म जान सक्छ, जसले मुद्रास्फीतिलाई जकडिएको र नियन्त्रण गर्न गाह्रो बनाउन सक्छ । यस चुनौतीको सामना गर्दा, राष्ट्र बैंकहरूले अर्थतन्त्रको नाडीमा औंला राख्दै र नीतिलाई उपयुक्त रूपमा समायोजन गर्दै निर्णायक रूपमा काम गर्नुपर्छ । विषयवस्तुको गाम्भीर्यताको लागि सरोकारवाला पक्षलाई निशन्देह स्पष्ट रूपमा सञ्चार गर्नु पर्दछ ।

उदीयमान र विकासशील अर्थतन्त्रहरूले मौद्रिक नीतिमा कडाई गर्दा सम्भावित विस्तारको थप जोखिमको सामना गर्छन् । उच्च उधारो लागत मात्र होइन, पूँजी बहिर्गमनको जोखिम पनि । यी देशहरु उपलब्ध उपकरणहरूको पूर्ण सेट प्रयोग गर्न तयार हुनुपर्छ । यी दायराहरु ऋण परिपक्वताहरु विस्तार गर्न र विदेशी विनिमय हस्तक्षेपहरु र पूँजी प्रवाह व्यवस्थापन उपायहरूमा विनिमय दर लचिलोपन प्रयोग गरेर यी चुनौतिहरूलाई सम्बोधन गर्नुपर्दछ । नेपालमा वैंक, वित्तीय क्षेत्र र सहकारी क्षेत्रमा निक्षेपमा

व्याजको वृद्धि, लगानीयोग्य तरलताको अभाव जस्ता परिस्थितिमा राष्ट्रबैंकले चतुर प्रतिक्रिया दिन मद्दत गर्नु पर्दछ । तरलतामा पहुँच कायम राख्नु विशेष गरी महत्वपूर्ण छ । वित्तीय काम गर्दै आएका सहकारीलाई राष्ट्रिय औपचारीक वित्तीय क्षेत्रको मान्यता आवश्यक पर्दछ । वित्तीय सहकारीहरूको सञ्चालन, व्यवस्थापन र विकासको नियमनमा राष्ट्रबैंकको प्रभावकारी नियमन आवश्यक छ । ठूला कारोवार गर्ने सहकारीको सम्पत्ती शुद्धीकरण, सहकारी सूचना प्रणाली र सहकारी सञ्जालसँगको निरपेक्षताले वित्तीय सुशासनको समस्या र राष्ट्रिय अन्तर्राष्ट्रिय कानुनी संहिताको परिपालनामा समस्या देखिएको छ । यस्ता संस्थाको नियमनको निर्दिष्ठ र एकरूपताको निर्देशन र नियमन नहुँदा सहकारीका सदस्यको बचतको जोखिम वढेर गएको छ । सहकारी ऐनमा भएका प्रावधानहरू समेत कार्यान्वयनमा जाँदा सरकारी पक्षको उदाशिनता र उक्त उदाशिनतामा सहकारीको सिद्धान्त, मुल्य र मान्यताभन्दा वाहिर गएर सहकारी सञ्चालन गर्ने गलत प्रवृतिका पद्दतिले प्रश्रय पाएको देखिन्छ । वित्तीय क्षेत्र र सहकारी क्षेत्रलाई प्रभावकारी नियमनको दायरामा ल्याउन सकिएन भने राष्ट्रिय नीति निर्माताहरूले बढ्दो वित्तप्रणालीलाई नियमन र प्रवर्द्धन गर्ने कठिन कार्यको समाधान गर्न सक्दैनन् । यस्ता समस्या समयमै अन्वेषण गर्न नसक्दा समस्या जटिल हुन्छन् र समयमै उचित सम्वोधन नहुँदा समाधान विकृत भईसककेको हुनेछन ।

वित्तीय स्थिरता कायम गर्न निश्चित रणनीति अपनाउनु पर्ने क्षेत्रहरू या वित्तीय मध्येस्तकर्ताको रूपमा काम गर्ने वैंक हुन, या सहकारीहरूनै किन नहुन सावधानीपूर्वक नियमनको प्राथमिकतामा राख्नुपर्छ । सुरक्षा जाल, स्वास्थ्य र शिक्षामा सबैभन्दा कमजोर हरुलाई लक्षित गरीनु पर्दछ । राज्यले सुरक्षा दिनुपर्ने क्षेत्र र समुहलाई छुट्टिएको सुलभ कर्जामा समेत टाठा वाठाको मात्र पहुँच हुने स्थितिले वितरणात्मक न्याय शुन्य प्राय छ । राष्ट्रवैंकले यस्ता क्षेत्रलाई सम्वोधन गरेर नियमन गर्नु आवश्यक छ । एक विश्वसनीय मध्यम-अवधि वित्तीय मार्ग, समानुपातिक कर नीतिहरु सहित, महत्वपूर्ण छ – यसले सार्वजनिक ऋण दिगोपनमा सम्झौता नगरी यो समर्थन प्रदान गर्न आवश्यक ठाउँ सिर्जना गर्न मद्दत गर्नेछ । यी चरणहरूले मात्रै दिगो र समावेशी रिकभरी ल्याउने छैनन् । त्यसका लागि नीति निर्माताहरु अहिले भइरहेको प्रमुख संरचनात्मक परिवर्तनका अवसरहरु सदुपयोग गर्नमा केन्द्रित हुनुपर्छ ।

### ३. जलवायु परिवर्तनमा हरित वित्त प्रणालीको प्रभावकारी प्रयोग :

दिगो विकास लक्ष्यको केन्द्रविन्दु रहेको विषय जलवायु भर्खरै सम्पन्न संयुक्त राष्ट्रको जलवायु प्रतिवेदनले संवोधन गरेझैं, हाम्रो ग्रहको खतरा हटिरहेको छैन । उल्टो झन् झन् बिग्रँदै गएको छ । हामीले यसलाई जतातत्तै न्यूनीकरण गर्नुपर्छ, आवश्यक भएमा अनुकूलन गर्नुपर्छ र आउने झट्काहरु विरूद्ध लचिलोपन निर्माण गर्नुपर्छ । हामीलाई थाहा छ के गर्न आवश्यक छः कार्वन मूल्य निर्धारण र नवीकरणीय ऊर्जामा लगानी, क्षतिपूर्ति र हरित संक्रमणबाट प्रतिकूल असर परेकाहरूका लागि नयाँ अवसरहरु सहित एक व्यापक दृष्टिकोणको निर्माण आवश्यक हुन्छ । यी उपायहरूले ऊर्जा सुरक्षालाई पनि बलियो बनाउन सकिन्छ । सहकारी अभियानले यो क्षेत्रमा सहयोगको लागि कदम चाल्नु पर्दछ । किफायती दीर्घकालीन हरित वित्त प्रणाली मार्फत लगानीलाई उत्प्रेरित गरेर, यसले जलवायु परिवर्तन र भविष्यका महामारीहरु जस्ता म्याक्रो-महत्वपूर्ण चुनौतीहरूलाई सम्बोधन गर्न मद्दत गर्नेछ । जलवायु जोखिमले सहरीकरण, जैविक विविधता र इकोसिस्टम सेवाहरु, गरिबी र बढ्दो सामाजिक आर्थिक असमानतासँग अन्तरक्रिया गर्ने हुँदा विश्वभरका सहरहरूले चुनौतीहरूको सामना गरिरहेका छन् । अत्याधिक वर्षाका घटनाहरु, बाढी, गर्मीको लहर र खडेरीले आर्थिक क्षति, सामाजिक असुरक्षा र कल्याणलाई असर गरिरहेको छ । समयसँगै सहरीकरण, भू-उपयोग र जलवायु परिवर्तन जस्ता प्रक्रियाहरुद्धारा सञ्चालित सहरी चुनौतीहरु बढ्ने अपेक्षा गरिन्छ ।



सहकारीको परिभाषा भित्र समेटिएको यो क्षेत्रमा सम्वोधन हुने गरि वित्तीय सहकारीहरूले व्यवसायीकता विकास र लगानी प्रवर्द्धनको विशेष योजना आवश्यक हुन्छ ।

**४.आधुनिकीकरणका लागि डिजिटल क्रान्तिः**

वित्तीय सहकारीले छुने अन्तिम विश्वव्यापी मुद्दा भनेको डिजिटल क्रान्ति हो । यसले बढ्दो डिजिटल अर्थतन्त्रका लागि कामदारहरूलाई पुनः सीप गर्न समावेश गर्दछ; केन्द्रीय बैंक डिजिटल मुद्राहरु जस्ता नवाचारहरूको सम्भावनालाई उजागर गर्दै डिजिटाइजेशन, डिजिटलाईजेशन, डिजिटल ट्रान्फरमेशन र डिजिटल एनालाईसिस वरिपरि नियामक ढाँचालाई सुदृढ गर्नु पर्दछ । वित्तीय सहकारी प्रणालीलाई एकसुत्रमा वाध्न उद्यमी स्रोत योजनालाई स्वचालित रूपमा चन्ने आधुनिक विद्युतीय सूचना प्रविधिको निर्माण गरिरहेको छ । अब अभियानको भविष्य यहाँ छ, नेफ्स्कूनले संस्थाको प्रभावकारी सञ्चालन र कुशल व्यवस्थापनको माध्यवाट विश्वसनिय, भरपर्दो र सुलभ प्रविधिको माध्यमवाट सहकारीको उत्पादकता, वृद्धि र रोजगारीको नयाँ स्रोतहरूमा केहि नवसिर्जना ल्याउँदै छ । सदस्यको वीचमा वित्तीय प्रविधिको प्रयोग, सेवा र उत्पादनको लागत घटाएर सञ्चालनलाई सुव्यवस्थित वा सदस्य अनुभव सुधार गरेर मुल्य अभिवृद्धि गर्न स्वचालित विद्युत्तीय प्रविधिको अपरिहार्यता बढेर गएको छ । डिजिटल युगमा प्रवेश गर्नको लागि मुलत प्रस्तुत पाँच प्रकृतिका वित्तीय विद्युत्तीय प्रविधिहरूमा हाम्रा कानुनी संहिताहरूले सम्वोधन गर्नु पर्दछ ।

- **डिजिटल च्यानलहरू :** सदस्यहरूलाई सम्पूर्ण वित्तीय समाधान दिन मुख्य डिजिटल लेनदेनका सेवाहरू अनलाईन र मोवाइल वैंकिङ, अनलाईन भुक्तानी र अनलाईन ऋण प्रशोधन, बीमा र विप्रेषणका अनुप्रयोगहरूको उपयोग, राष्ट्रिय पुँजी निर्माण र सामाजिक पुँजीको निर्माणमा सञ्जाल व्यवस्थापन जस्ता विषयमा डिजिटल च्यानलहरूको उपयोग गर्नु पर्दछ ।
- **साझा प्लेटफर्महरू :** साकोसहरूलाई राष्ट्रिय भुक्तानी प्रणालीसँग एकीकृत हुने गरि साझा भुक्तानी प्रणालीमा जडान गरि मोवाईल भुक्तानीको अनुमति लिनु पर्दछ । राष्ट्रका भुक्तानी सेवा प्रदायकको रूपमा वित्तीय सहकारीलाई स्वीकार गर्नु पर्दछ ।
- **जोखिम व्यवस्थापन :** वित्तीय कारोबारलाई सुरक्षित र भरपर्दो बनाउन सदस्यहरूको पहिचान र सदस्यहरूको डेटालाई डिजिटल आक्रमण र घुसपैठबाट जोगाउन राष्ट्रिय नियमहरूको पालना गर्न साइवर सुरक्षा प्रणालीको कार्यान्वयन गर्न ।
- **डेटा विश्लेषण :** सदस्यहरूको इच्छा, आवश्यकता र चाहना अनुरूपको थप सेवा प्रस्तावहरू निर्धारण गर्न डेटा विश्लेषण प्रयोग गर्दै वित्तीय शिक्षा, सेवाको परिपुर्ति, विद्युत्तीय प्रविधिका आधारमा जीवनका समाधान दिन सहज हुन्छ ।
- **वित्तीय प्रविधिको शिक्षा :** नागरिकको शैक्षिक स्तर भएता पनि वित्तीय प्रविधिको प्रयोगको अभ्यास नहुँदा वित्तीय प्रविधिको माध्येमवाट रकमान्तर गर्न वित्तीय प्रविधिको शिक्षा (fintech education) लाई आम नागरिकको दैनिकीसँग जोडनु पर्दछ ।






## नेफ्स्कून स्थापना दिवस

# राष्ट्रिय विकासका लक्ष्य पुरा गर्न सहकारीसँगको सहकार्यमा जोड

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठको प्रमुख आतिथ्यतामा श्रावण ३१ गते नेफ्स्कूनको ३५औं स्थापना दिवस भव्य समारोहका बीच सम्पन्न भएको छ । संघका अध्यक्ष परितोष पौड्यालको अध्यक्षतामा आयोजित कार्यक्रमको उद्घाटन मन्त्री श्रेष्ठले गर्नुभएको थियो ।

कार्यक्रममा मन्त्री श्रेष्ठले **'एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधि' (Shared Technology for Integrated SACCOS Network)** भन्ने यस बर्षको थिम घोषणा गर्नुभएको थियो भने प्रकाश भुर्तेलद्वारा रचना गरिएको साकोस गानको पनि मन्त्रीद्वारा लोकार्पण गरिएको थियो । शिशिर योगी र श्रृती योगीको संगित रहेको साकोस गानको बोल 'सहकारी अभियान उन्नतीको आधार हो' भन्ने रहेको छ । नेफ्स्कूनद्वारा प्रकाशित साकोस अभियानको अध्ययन सामग्री एकीकृत स्वनियमन मार्गदर्शन, जोखिममा आधारित साकोस सुपरिवेक्षण निर्देशिका र पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोबेसन) निर्देशिका पनि स्थापनका दिवस समारोहमा मन्त्री र अतिथिहरूद्वारा विमोचन गरिएको थियो ।

साकोस गानका रचनाकार प्रकाश भूर्तेललाई प्रतिभा पुरस्कार र साकोस गान छनौट समितिका सदस्य प्रा.डा. सुदन पौडेल र प्रा.डा. केशब सुवदीलाई सम्मान गरिएको थियो । रचनाकार प्रकाश भूर्तेल २०६८ सालदेखि लोकप्रिय बनेको हातमा हात समाउ, साथमा साथ मिलाउ सहकारी गितको रचनाकार हुनुहुन्छ भने नयाँ लोकापर्ण भएको सहकारी गानका रचनाकार पनि उहाँ नै हुनुहुन्छ । त्यसैगरी सिटिइभिटिबाट सम्बन्धन प्राप्त सहकारी व्यवस्थापन कोर्षको अध्ययन पुरा गरेका १२ जना विद्यार्थीहरू मन्त्री श्रेष्ठद्वारा दिक्षीत भएका थिए । कार्यक्रममा संघका निवर्तमान अध्यक्ष एवम् सल्लाहकार डी.बी. बस्नेतले गत बर्ष उत्कृष्ट कार्य गर्न सफल उत्कृष्ठ सहकारी संघ संस्था र व्यक्तिहरूलाई पुरस्कृत घोषित गर्नुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले समग्र राष्ट्रिय विकासका लक्ष्यहरू पुरा गर्न सहकारी क्षेत्रसँग सहकार्य गरेर सरकार अघि बढ्न प्रतिवद्ध रहेको बताउनुभयो । उहाँले देश विकासको लागि सरकार मात्र एक्लो नायक हुन सक्दैन तर नेतृत्व अवश्य सकारको रहन्छ भन्दै सहजीकरण, नियमक र उत्प्रेरकको भूमिकामा आफुलाई केन्द्रीत गर्दै साझेदारीको दिशातर्फ सरकार अगाडि बढिरहेको जिकिर गर्नुभयो । मन्त्रालय सहकारी क्षेत्रको विकासप्रति गम्भीर रूपमा लागेको र त्यसको परिणाम देखिन समय लाग्ने मन्त्री श्रेष्ठले बताउनुभयो । सहकारी क्षेत्रमा केही महत्वपूर्ण कामहरू भइसकेका छन् र केही कामहरू अन्तिम चरणमा रहेको बताउँदै उहाँले कुनै आग्रह पूर्वाग्रह विना सहकारी अभियानले

हेरेमा पक्कै पनि यसको अनुभूति गरेको होला भन्नेमा विश्वस्त रहेको बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेल, महासंघका पूर्व अध्यक्ष केशव वडाल, सहकारी मन्त्रालयका सचिव रामप्रसाद थपलिया, सहकारी विभागका रजिष्ट्रार रूद्रप्रसाद पण्डित, महासंघकी बरिष्ठ उपाध्यक्ष ओमदेवी मल्ल, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केबी उप्रेतिले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

संघका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले स्वागत मन्तव्य व्यक्त गर्दै बचत ऋण सहकारी अभियानको जग निर्माण गर्ने अग्रजहरूप्रति सम्मान भाव प्रकट गर्नुभएको थियो ।

साधना कला केन्द्रको विविध सांस्कृतिक प्रस्तुति समेत रहेको कुशल नेतृत्वको अभिभारा संघको रहेको प्रष्ट पार्दै यसप्रति सरकारको ऐक्यवद्धताका लागि आव्हान गर्नुभएको थियो । नेफ्स्कून यतिबेला एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधि विकासमा प्रयत्नरत छ अध्यक्ष पौड्यालले भन्नुभयो वर्तमान वदल्न र सुन्दर भविष्यको निर्माणमा हामी संकल्पित छौं ।

कार्यक्रमका विशेष अतिथिहरू राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेल, सहकारी सचिव रामप्रसाद थपलिया, विभागका रजिष्ट्रार रूद्रप्रसाद पण्डित, राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्ष दीपक प्रकाश बास्कोटा, केशव प्रसाद बडाल, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केबी उप्रेती, राष्ट्रिय सहकारी महासंघकी बरिष्ठ उपाध्यक्ष ओमदेवी मल्ल, नेफ्स्कूनका पूर्व महासचिव घनश्याम



समारोहको उत्कृष्ठ सञ्चालन महासचिव दामोदर अधिकारीले गर्नुभएको थियो । संघका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले साकोस अभियानको विगत, वर्तमान र भविष्यका पाईलाहरू विषयमा संस्थागत प्रस्तुतीकरण गर्नुभएको थियो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले २०४५ साल श्रावण ३२ गते विजारोपण भएको नेपालको साकोस अभियान जागरण, विकास, व्यावसायिकीकरण, गुणस्तर सुनिश्चितता र सञ्जालिकरणको शिखरारोहण गर्दै ३५औं वर्ष प्रवेशको अवसरमा यसमा प्रत्यक्ष अप्रत्यक्ष योगदान गर्नुहुने अग्रहजहरूप्रति हार्दिक सम्मान व्यक्त गर्नुभएको थियो । उहाँले साकोस अभियानभित्र आज जागरण, सशक्तिकरण, गुणस्तर सुनिश्चितताका आयामहरू सहित अभियानको शुद्धीकरण र सुदृढीकरणका लागि प्रभाकारी सञ्चालन र

खतिवडा, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका सदस्य काशीराज दाहाल, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटि) का कार्यकारी उपाध्यक्ष खगेन्द्र प्रसाद अधिकारी, राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेत विभिन्न संघ संस्थाका उच्च पदस्थ व्यक्तिहरू, सहकारी अभियानका अभियन्ताहरू, नेफ्स्कूनका पूर्व अध्यक्षहरू, वर्तमान सञ्चालक समिति लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमका काठमाडौं उपत्यकाभित्र सञ्चालित बचत तथा ऋण सहकारी संस्थाका प्रतिनिधिहरूको उत्साहजनक सहभागिता रहेको थियो भने संघको आधिकारिक फेसबुक पेज साकोस आवाज मार्फत कार्यक्रमको प्रत्यक्ष प्रसारण गरिएको थियो ।

# साकोस अभियानको साझा संकल्पः "एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधि"



नेफ्स्कूनले आर्थिक बर्ष २०७९/०८० का लागि तय भएको "**एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधि**" (**Shared Technology for Integrated SACCOS Network**) भन्ने अभियानको थिम सार्वजनिक गरेको छ । नेफ्स्कूनले आफ्ना नेटवर्कमा रहेका संस्थाको वित्तीय सक्षमता र प्रतिस्पर्धात्मक स्थान कायम राख्न, प्रविधि र उपकरणको सुलभ उपलब्धतालाई सुनिश्चित गर्न र सफ्टवेयरमा एकरूपता कायम राख्न एकीकृत स्रोत योजनाको रणनीति अन्तर्गत प्रविधि विकासमा अग्रसर बनेको हो ।

संघले ३५औं स्थापना दिवसका अवसरमा श्रावण ३१ गते थिम सार्वजनिक गरेको हो । सो अवसरमा समारोहका प्रमुख अतिथि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले "एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधि" भन्ने बचत तथा ऋण सहकारी अभियानको प्रविधिउन्मुख थिम वाचन गरेर सार्वजनिक गर्नुभएको थियो ।

स्थापना दिवस विशेष समारोहमा उपस्थित अभियानका अग्रजहरू, वर्तमान सहकारी अभियन्ताहरू र सहभागी सम्पूर्ण सेयर सदस्यहरूले अभियानको थिममा ऐक्यबद्धता जाहेर गर्नुभएको थियो ।

साकोस सञ्जालमा आवद्ध तथा सञ्जाल भित्र रहनुपर्ने सम्पूर्ण संघ संस्थाहरूलाई समेटी सबैको साझा अपनत्व सहित विकास गरिएको एउटै प्रविधि मार्फत सेवाहरूमा स्थलगत र गैरस्थलगत पहुँच, डिजिटल माध्यम मार्फत पहुँच वृद्धिको योजना संघले अगाडि सारेको हो । संघले साझा प्रविधि मार्फत चौबीसै घन्टा, सातै दिन बचत, ऋण, बिमा र भुक्तानी फर्स्योट सेवा, स्मार्ट प्रविधि, अद्यावधिक सदस्य तथा व्यवस्थापन सूचना प्रणाली, प्रविधिमार्फत सदस्य तथा ऋण विश्लेषण र निर्णय, प्रविधिमार्फत सदस्यता आवेदन, स्वचालित प्रणाली मार्फत खाता सञ्चालन, प्रविधिमार्फत नियमित शिक्षा/तालिम सञ्चालनका कार्यक्रम जोड्न सकिने जनाएको थियो ।

# विभिन्न संघसंस्था एवम् व्यक्तिहरुलाई सम्मान तथा पुरस्कार घोषणा

नेफ्स्कूनले ३५ औं स्थापना दिवसको अवसरमा आ.व. २०७८/०७९ मा उत्कृष्ट कार्य गरेवापत विभिन्न संघसंस्था एवम् व्यक्तिहरूलाई उत्कृष्टताको सम्मान तथा पुरस्कार घोषणा गरेको छ । नेफ्स्कूनका निवर्तमान अध्यक्ष, पुरस्कार तथा सम्मान उपसमिति संयोजक एवम् संघका सल्लाहकार डी.बी. बस्नेतले विधागत सम्मान तथा पुरस्कारको घोषणा श्रावण ३१ गते आयोजित एक विशेष समारोहका बीच गर्नुभएको थियो ।

संघले गत बर्षको संस्थापक अध्यक्ष पुरस्कार महिलातर्फ भक्तपुरस्थित नारी सेवा साकोसकी अध्यक्ष सहना पसखल र चितवन जिल्ला बचत संघका पूर्व अध्यक्ष एवम् इन्द्रग्राम

पुनर्मिलन साकोसका अध्यक्ष धनप्रसाद श्रेष्ठलाई पुरस्कृत घोषणा गरेको छ । नेफ्स्कून सर्वोत्कृष्ट संस्था पुरस्कार अन्तर्गत बर्दघाट सुस्ता पश्चिम, नवलपरासीको ग्रामीण साकोस र महिलाद्वारा सञ्चालित सर्वोत्तकृष्ट साकोसमा चितवनको बछौली नारी चेतना साकोसलाई पुरस्कृत घोषण गरेको छ ।

नेफ्स्कून सर्वोत्कृष्ट व्यवस्थापक पुरस्कार घोषित हुनेमा बिन्धबासिनी साकोस काभ्रेका प्रमुख कार्यकारी अधिकृत के.बी. लामा हुनुहुन्छ । नेफ्स्कून सर्वोत्कृष्ट कर्मचारीतर्फ बरिष्ठ अधिकृत प्रेमनाथ वाग्ले र नेफ्स्कून रूपन्देही फिल्ड कार्यालयका इन्चार्ज छत्र प्रसाद धमला पुरस्कृत घोषित हुनुभएको छ ।

नेफ्स्कून प्रदेशस्तरीय उत्कृष्ट साकोसहरूमा प्रदेश नं १ बाट लेटाङ साकोस-मोरङ, मधेश प्रदेशबाट संकल्प साकोस-रौतहट, बागमती प्रदेशबाट चण्डेश्वरी साकोस-बनेपा, गण्डकी प्रदेशबाट सप्तकोशी साकोस-गोरखा, लुम्बिनी प्रदेशबाट अन्धकारमुक्ति साकोस-रामपुर पाल्पा, कर्णाली प्रदेशबाट समाज कल्याण साकोस-सुर्खेत र सुदूरपश्चिम प्रदेशबाट श्री एकता प्रगतिशिल साकोस-कैलाली पुरस्कृत घोषित भएका छन् ।

त्यसैगरी प्रदेशगत उत्कृष्ट व्यवस्थापक पुरस्कार पाउनेहरूमा क्रमशः प्रदेश नं १ बाट दाम्राभिट्टा साकोस-मोरङका सोमनाथ अर्याल, मधेश प्रदेश बाट स्वस्तिक साकोस-सर्लाहीका विनोद कुमार थापा, बागमती प्रदेशबाट सामुहिक साकोस-भक्तपुरका कविन्द्र धौवन्जार, गण्डकी प्रदेशबाट मध्य नेपाल साकोस-नवलपुरका नरभूपाल भूषाल, लुम्बिनी प्रदेशबाट सिको साकोस बर्दियाका हरिहर पौडेल, कर्णाली प्रदेशबाट जनकल्याण साकोस सुर्खेतका खुमलाल न्यौपाने, सुदुरपश्चिम प्रदेशबाट जनकल्याण साकोस कैलालीका छविलाल जैशी हुनुहुन्छ ।

नेफ्स्कून अग्रज व्यक्तित्व सम्मान अन्तर्गत महिलातर्फ सीता भट्टराई-ईलाम र पुरूषतर्फ महेन्द्र ढकाल-सिन्धुली पुरस्कृत घोषित हुनुभएको छ ।

उत्कृष्ट जिल्ला बचत तथा ऋण सहकारी संघमा सर्लाही जिल्ला बचत संघ सर्वोत्कृष्ट संघ घोषित भएको छ । त्यसैगरी नेफ्स्कून विद्वता पुरस्कारमा काठमाडौंको तारकेश्वर नगरपालिकाका देशमर्दन बस्न्यात (पि.एच.डी.) पुरस्कृत हुनुभएको छ । उहाँले नेपालका बचत तथा ऋण सहकारी संस्थाका कर्मचारीहरूमा व्यक्तित्व विशेषताहरूमा पि.एच.डी. गर्नुभएको थियो ।

त्यसैगरी नेफ्स्कून पत्रकारिता पुरस्कारतर्फ नेपाल समाचारपत्र डट कमका सम्पादक माधव कुमार खड्का पुरस्कृत घोषित हुनुभएको छ । त्यसैगरी आ.व. ०७७/७८ मा फिल्ड कार्यालय अन्तर्गत पोखरा फिल्ड कार्यालय, कास्की पुरस्कृत घोषित भएको छ ।

त्यसैगरी नेफ्स्कून प्रशंसा पुरस्कारतर्फ उत्कृष्ट नेकोस प्लस सफ्टवेयर प्रयोगकर्तामा सुर्खेतको शुभ साकोस, उत्कृष्ट बचतकर्तामा जनकपुरधाम, धनुषाको आस्था साकोस, उत्कृष्ट शेयर खरिदकर्तामा कास्की पोखराको जय गणेश साकोस र उत्कृष्ट लघुवित्तमा लमजुङको बेसिशहरस्थित जनकल्याण साकोस पुरस्कृत घोषित भएका छन् ।

त्यस्तै नेफ्स्कून प्रतिभा पुरस्कारतर्फ साकोस गान (हातमा हात मिलाउ साथमा साथ मिलाउ) का रचनाकार प्रकाश भूर्तेल पुरस्कृत हुनुभएको छ । रचनाकार भूर्तेलद्वारा लिखित नयाँ साकोस गान पनि नेफ्स्कूनको ३५औं स्थापना दिवसका अवसरमा लोकार्पण भएको छ ।





त्यस्तै साकोस एकीकरण अभियानमा उत्कृष्ट हुने साकोसमा बर्दियास्थित हाम्रो मध्यवर्ती साकोस उत्कृष्ट घोषित भएको छ । साकोसले १४ वटा साकोससँग एकीकरण गरेको छ ।

नेफ्स्कूनको स्थापना दिवसमा घोषणा गरिएको सम्मान तथा पुरस्कार संघको आगामी बार्षिक साधारणसभामा वितरण गरिने संघले जनाएको छ । पुरस्कृत सम्पूर्ण व्यक्ति तथा संघसंस्थाहरूलाई नेफ्स्कून हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछ ।




# सदस्य संघ संस्थाहरुका लागि "एकीकृत स्वनियम मार्गनिर्देशन २०७९" जारी

नेफ्स्कूनले सदस्य संघ संस्थाहरूका लागि एकीकृत स्वनियम मार्गनिर्देशन २०७९ जारी गरेको छ । मार्गनिर्देशन संघको ३५औं स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले विमोचन गर्नुभएको थियो । संघले बचत तथा ऋण सहकारी संस्था सञ्चालनमा पालना गर्नैपर्ने एकीकृत नीति नियमहरूलाई एकीकृत गरी मार्गनिर्देशन जारी गरेको हो ।

यसभित्र बचत ऋण सहकारीका सिद्धान्त तथा मूल्य-मान्यताहरु, सहकारीको क्षेत्रको वित्तीय प्रतिवेदन ढाँचा, Nepal Financial Reporting Standards –NFRS कार्यान्वयन सम्बन्धी विषय, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी विषय, बाह्य लेखा परीक्षण तथा कर भुक्तानी सम्बन्धी विषय, सामाजिक परीक्षण, स्थिरीकरण कोषमा सहभागिता, बचत तथा ऋण व्यवस्थापन, पारिश्रमिक तथा श्रम अडिट, सामाजिक सुरक्षा कोषमा आवद्धता लगायतका २४ विषयहरू समेटिएका छन् ।

# "क्रेडिट युनियन एक्ट तुरुन्त ल्याउन पहल गरौं" पूर्व महासचिव खतिवडा

म राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेलज्यूको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु । दुई बर्ष अगाडि संसदभित्र एउट कृषि सहकारी र प्राकृतिक स्रोत समिति भित्र सहकारी उपसमिति गठन गर्यौं । म त्यसको संयोजक बने । त्यो समितिले सहकारीका धेरै साथीहरुलाई बोलाएर छलफर र अन्तरक्रिया गर्यो । नेफ्स्कूनका अध्यक्ष, बरिष्ठ उपाध्यक्ष लगायत थुप्रै साथीहरू पनि त्यहाँ हुनुहुन्थ्यो । त्यहाँ छफल गर्दा के कुरा उठेको थियो भने, सबै प्रकृतिका सहकारीले अहिले नेपालमा बचत ऋणको कारोबार गरिरहेका छन् । एउटा फलफुल तरकारी सहकारी भनेको छ, त्यसले पनि बचत कै काम गर्ने, दुग्ध उत्पादक सहकारीले पनि



घनश्याम खतिवडा
पूर्व महासचिव, नेफ्स्कून

बचत कै काम गर्ने, त्यो सबै गर्ने हो भने नेपालको सहकारी आन्दोलन उभो लाग्ने हैन यसले झन् विकृति निम्त्याउँछ भनेर छलफलका क्रममा निकै ठूलो वहस भयो । त्यो विषयसँगै नेफ्स्कूनले बचत ऋण सहकारी ऐन छुट्टै दर्ता गनुपर्ने आवश्यकता बारे फोरममा कुरा उठायो । बचत

ऋण सहकारीको ऐनको आवश्यकताको विषयलाई लिएर ७/८ जना सांसदहरूसँग नेफ्स्कूनमा पनि छलफल भयो । सांसदहरूलाई मन्त्री समक्ष यो विषय राख्न पनि आव्हान गर्यौं । पहल भयो तर नेफ्स्कूनले यो विषयको काम खेद्न सकेन भन्ने मलाई लागेको छ । संघले काम पटक्कै खेदेन भन्छु म ।

सबै सहकारीलाई बचत ऋणमा मात्रै केन्द्रीत भएको अवस्थामा महासंघले पनि कमाण्ड गर्न सकेन भन्ने महासंघका अध्यक्षज्यूप्रति पनि मेरो गुनासो हो । महासंघले तिमि बचत गर, तिमी फलफूल तरकारी गर भन्ने गरी जानसक्नुपर्यो ।

अर्को अभियानभित्र संघ धेरै खोलिइए । के-के संघ बनाउने हो ? निर्वाचन क्षेत्रीय संघ बनाउने की, प्रदेश निर्वाचन क्षेत्रका संघ बनाउने की । संघ त सरकारको टायरमा बनाऔं न । थ्रि टायर सिस्टममा सरकार छ । थ्रि टायरमा संघ बनाऔं । तल पालिका स्तरमा समेत संघहरू बन्न थालेका छन् । ऐनमा छ कि छैन ? निर्वाचन क्षेत्रिय समन्वय समिति भनेर पनि सहकारीका संघहरू बन्न थालेका छन् ।

जिल्ला संघ चाहिन्छ की चाहिदैन भन्ने वहस म अहिले गर्न चाहन्न, किनभने आफैले निर्माण गरेका थुप्रै संघहरू छन् । म महासचिव भएका बेला थुप्रै जिल्ला संघ निर्माणमा गएको छु । जिल्ला संघ चाहिन्छ भने प्रदेश संघ नवनाऔं न । कतिवटा टायर बनाइरहने ? संघ मात्रै गठन गरेर यसले खर्च बढायो भन्ने, अभियानलाई आरोप छ । यो आरोपका प्रति अव नेफ्स्कूनले कसरी जाने हो सोच्नुपर्ने वेला भएको छ ।

यसले सहकारीको संस्थागत संरचनामा खलल पुर्‍याउँछ, यसले राम्रो गर्दैन् भन्ने मेरो बुझाई हो, कि चाहिने नै हो र मैले नवुझेको हो भने यसमा छलफल गरौं । तर अभियानले यस विषयमा ठूलो गुनासो गरेको छ ।

अर्को सहकारी सेवामुखी बनाऔं । सहकारी क्षेत्रमा गौतश्री प्रकरण वडा ठूलो क्षयीकरण हो । नियमन अनुगमन कमी भयो वा के भयो ? सहकारीमा यस्तो हुनुहुँदैन । बचत तथा ऋण सहकारी अभियानको छाता संघ नेफ्स्कूनले आफ्ना सदस्यहरूलाई आँधीहुरीबाट बचाउन नसकेपनि घाम र पानीबाट कुनै पनि हालतमा बचाउन सक्नुपर्छ, भन्छु म । सहकारीभित्र सुशासनमा कमि आउनासाथ नेफ्स्कूनले के काम गरेको छ ? भन्ने प्रश्न उठ्नु स्वभाविक हो । नेफ्स्कूनको सरकारसँगको लविईङमा पनि कमी भएको छ । सहकारी अभियानभित्र शुद्धताको जरूरी छ । ठग्ने उद्देश्यले सञ्चालन भएका सहकारी अब नेफ्स्कूनले पहिचान गर्नुपर्छ । त्यसका लागि नियमन गर्ने वा जाँचवुझ गर्ने कुनै छुट्टै संयन्त्र बनाउने पो हो कि । अब क्रेडिट यूनियन ऐन ल्याउन ढिला गरिनुहुँदैन । बचत ऋण सहकारीलाई नियमन र सुशासनको दायरामा ल्याउने काम नेफ्स्कूनले गर्छ भनेर ऐनमा लेखिनुपर्छ । म नेफ्स्कूनको महासचिव हुँदा संघलाई कसरी राम्रो बनाउने भनेर अहोरात्र खटेको छु, सांसद भएर पनि मैले सहकारी अभियानलाई कसरी राम्रो बनाउन सकिन्छ भनेरै सम्पूर्ण तागत र समय खर्चेको छु । कतै अभियान कमजोर हुन्छ की ! भन्ने सँधै मेरो चिन्ता र चासोको विषय बनेको छ । अब सहकारी अभियानलाई बचाउने हो भने सबैजना दृढतापूवर्क लाग्नुपर्छ । छिटो भन्दा छिटो क्रेटिड युनियन ऐन ल्याउन पूरा अभियान जाग्नुपर्छ ।

***नेफ्स्कूनले आफ्नो ३५औं स्थापना दिवसको अवसरमा संघका अग्रजहरूसँग साकोस अभियानको बर्तमान र भविष्यको विषयमा श्रावण ३० गते आयोजना गरेको वृहत अन्तरक्रियाका क्रममा संघका पूर्व महासचिव एवं संघीय सांसद घनश्याम खतिवडाले राख्नुभएको विचारको सम्पादित अंशः***

# "सहकारी अभियान उन्नतिको आधार हो" बोलको साकोस गान सार्वजनिक (शब्दसहित)

नेपालको बचत तथा ऋण सहकारी अभियानमा "सहकारी अभियान उन्नतिको आधार हो" बोलको नयाँ साकोस गान सार्वजनिक भएको छ । नेफ्स्कूनले ३५औं स्थापना दिवसको अवसरमा सार्वजनिक गरेको नयाँ गीतका रचनाकार सर्जक प्रकाश भूर्तेल र संगितकार शिशिर योगी हुनुहुन्छ । साकोस गीतको लोकार्पण नेफ्स्कूनको ३५औं स्थापना दिवस विशेष समारोहका अवसरमा श्रावण ३१ गते भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले गर्नुभएको थियो ।

गीतको संगित संयोजन नेपालका लोकप्रिय संगितकार तथा संगित संयोजक बी.बी.अनुरागीले गर्नुभएको छ । शिशिर योगी र श्रृती योगीको सामुहिक स्वर रहेको साकोस गीतको ध्वनी सम्पादन चर्चित युवा सम्पादक श्यामस्वेत रसाइलीले गर्नुभएको छ । १ मिनेट ४० सेकेण्डको गीतलाई बीच बीचमा बासुरी र सारङ्गीका धुनहरू जोडेर २ मिनेट ५० सेकेण्डको

बनाइएको छ । नृत्य राख्न सकिने र गीत मात्रै पनि गाउन सकिने गरी रचना भएको यस गीतका रचनाकार एवम् सर्जक प्रकाश भूर्तेल, २०६८ सालदेखि सहकारी अभियानमाझ लोकप्रिय बनिरहेको हातमा हात मिलाउँ, साथमा साथ मिलाउँ गीतका सर्जक हुनुहुन्छ । सहकारी अभियन्ता समेत रहनुभएका भूर्तेलले गीत मार्फत सहकारी क्षेत्रको विकास र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आउनुभएको छ ।

नेफ्स्कूनले सहकारी गीत रचनाका लागि सर्जकहरूलाई आव्हान गरेको थियो भने १६ जना सर्जकहरूले गीत सहितको निवेदन पेश गर्नुभएको थियो । प्राप्त गीतहरू छनोटका लागि संस्कृत विश्वविद्यालयका प्राध्यापक डा.सुधन पौडेल, प्राध्यापक केशव सुवेदी, नेफ्स्कूनका महासचिव दामोदर अधिकारी सहितको छनोट समितिले प्रथम, द्वितीय र तृतीय गीत छनोट र शब्द सम्पादन गर्नुभएको थियो ।

छनोट भएका तीनवटा गीतहरूमध्ये सर्जक तुलसीहरि प्रजापतीको रचना तृतीय, सर्जक लक्ष्मी नारायण दुवालद्वारा रचित गीत द्वितीय र सर्जक प्रकाश भूर्तेलद्वारा रचित गीत प्रथम भएको थियो ।

स्थापना दिवस विशेष समारोहका अवसरमा सर्जक भूर्तेल, गीत छनोट समितिमा रहनुभएका प्रा.डा. सुधन पौडेल र प्रा.केशव सुवेदीलाई सम्मान गरिएको थियो ।

सहकारी अभियान माझ श्रावण ३१ गते नेफ्स्कून स्थापना दिवसका अवसरमा लोकार्पण भएको सहकारी गीतको शब्द यहाँ प्रस्तुत गरिएको छः

# साकोस गान



सहकारी अभियान उन्नतिको आधार हो
सबै अट्ने साझा थलो सिङ्गो परिवार हो ॥
थिए धर्म भकारी र गुठी लाखौ लाख देशमा
संस्कार थियो मिलापको एकता र विकासमा ॥
अमूल्य मूल्य देशको सगर्व सँधै रही रहोस्
मिलाई हातमा हात यी विचार एक रही रहोस् ॥
हजार गाँैथली र यहाँ करोडौं मौरी बन्नु छ
सँगाली बुँद बुँदले जिन्दगी यो बदल्नु छ ॥
साकोस क्रान्ति अघि बढोस् अघि अघि बढी नै रहोस्
हिमाल पहाड तराईमा सबैतिर फैलिरहोस ॥
सिद्धान्त हाम्रा अमर रहून्, स्वप्नद्रष्टा अमर रहून्
वसुधैव कुटुम्बकम्, आदर्श अमर रहून् ॥



रचनाः प्रकाश भूर्तेल
सम्पादनः प्रा.डा. सुधन पौडेल र प्रा. केशव सुवेदी

# अभियानसँग नेफ्स्कूनको वृहत अन्तरक्रिया, साकोस सञ्जालको ७ बुँदे प्रतिवद्धता सार्वजनिक



नेफ्स्कूनले बागमती प्रदेश बचत संघ, काठमाण्डौ, ललितपुर र भक्तपुर बचत संघका पदाधिकारी एवम् प्रमुख कार्यकारी अधिकृत बीच सहकारीका समसामयिक विषयमा वृहत्त अन्तरक्रिया गरेको छ ।

भदौ १९ गते नेफ्स्कूनका का.बा. अध्यक्ष चन्द्रप्रसाद ढकालको अध्यक्षतामा संघको सभाहलमा भएको अन्तरक्रिया कार्यक्रमले सहकारीका समसामयिक विषयहरूमा ७ बुँदे सामुहिक प्रतिवद्धता निर्माण गरेको छ । विषयगत जिल्ला संघहरूको प्रतिनिधिमुलक उपस्थितिका बीच गरिएको प्रतिबद्धता समग्र साकोस अभियानको साझा प्रतिबद्धताको रूपमा कार्यान्वयन हुने जनाइएको छ ।

**साकोस सञ्जालको ७ बुँदे प्रतिवद्धता**

(१) साकोस सञ्जाललाई नीतिगत सर्वोच्चता र कार्यगत स्वायत्तताको नमुनामा सञ्चालन गर्ने । यसको लागि अभियानमा आवश्यक प्रविधि विकास, नीतिगत व्यवस्थामा बहस पैरवीको नेतृत्व, तालिम तथा क्षमता विकासका पाठ्यक्रम विकासमा सदस्य संघहरूको सहभागिता सहित साझा स्वामित्व स्थापित गराउने । यसका लागि नेफ्स्कूनले साकोस सञ्जाल व्यवस्थापन नमुना निर्माण गरी सदस्य संघहरूसँग छलफल गर्ने,

(२) जिल्ला र प्रदेश संघहरू समेतको स्वामित्व रहने गरी साकोस अभियानको संरक्षण, सुशासन प्रवर्द्धन, छवी निर्माण गर्न सहयोगी हुने चेतनामुलक सामाग्री विकास, प्रकाशन एवम् प्रसारण गर्ने,

(३) साकोस अभियानको वित्तीय, प्राविधिक एवम् मानव स्रोतको व्यवस्थापन, परिचालन र उपयोगमा सञ्जाललाई प्राथमिकता दिने,

(४) बहस, पैरवी र अन्य समसामयिक सवालमा साकोस अभियानको आधिकारिक धारणा विकास गर्दा प्रदेश एवम् जिल्ला बचत संघसँगको समन्वयमा नेफ्स्कून मार्फत विकास गरी सार्वजनिक गर्ने । प्रदेश एवम् जिल्ला संघले सोहि धारणा अनुरूप आफ्ना कार्य, योजना, बहस, पैरवी लगायतका कार्यहरू गर्ने ।

(५) साकोस सञ्जालमा साझा सेवाहरूको विकास एवम् हस्तान्तरण र सोको उपयोग सम्बन्धमा आधिकारिक धारणा, कार्यविधि र स्रोतको बाँडफाँड सम्बन्धमा संघका प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा प्रदेश बचत संघ र जिल्ला बचत संघका व्यवस्थापन प्रमुख सम्मिलित कार्यदल निर्माण गरी मासिक समीक्षा गर्ने । व्यवस्थापनले प्रदान गरेको धारणाको आधारमा नेतृत्वले आवश्यक निर्णय एवम् सहजीकरण गर्ने,

(६) नेफ्स्कूनको संयोजनमा प्रदेश बचत संघ र जिल्ला बचत संघका पदाधिकारीहरूको बैठक त्रैमासिकरूपमा बसी समसामयिक सवालहरूमा व्यवस्थापनबाट प्राप्त प्राविधिक सुझावको आधारमा समीक्षा गरी प्राथमिकता निर्धारण गर्ने,

(७) नेफ्स्कून, प्रोस्कून र जिल्ला बचत संघको संयुक्त अनुगमन कार्यदल बनाई जोखिमउन्मुख संस्थाहरूको अनुगमन गर्ने । सोको लागि प्रोस्कून र जिल्ला बचत संघको सुझाव (पृष्ठपोषण)को आधारमा अनुगमन औजार विकास गर्ने । अनुगमनको दायरा क्रमिकरूपमा विस्तार गर्दै लैजाने ।

कार्यक्रममा नेफ्स्कूनका महासचिव दामोदर अधिकारी, कोषाध्यक्ष दिपक पनेरू, प्रोस्कूनका अध्यक्ष उद्धव सापकोटा, ललितपुर जिल्ला बचत संघका अध्यक्ष रामहरि बजगाईं, कास्कूनका उपाध्यक्ष नवराज अर्याल, भक्तपुर जिल्ला बचत संघका कोषाध्यक्ष कान्छाभक्त घजु लगायत सञ्चालक र प्रमुख कार्यकारी अधिकृतहरूको उपस्थिति रहेको थियो । नेफ्स्कूनको तर्फबाट उच्च व्यवस्थापन कर्मचारीहरू उपस्थित हुनुहुन्थ्यो ।

# सहकारीका समसामयिक विषयमा महासंघ र नेफस्कूनबीच छलफल




नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून) ले राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कडेल र महाप्रवन्धक चित्रा कुमारी थाम्सुहाङ सुब्बालाई भेट गरी साकोस अभियानका समसामयिक विषयहरूमा ध्यानाकर्षण गराएको छ । भदौ २२ गते महासंघमा आयोजित संक्षिप्त भेटघाटका क्रममा नेफ्स्कूनका कार्यवाहक अध्यक्ष चन्द्र प्रसाद ढकाल र निमित्त प्रमुख कार्यकारी अधिकृत सञ्जयराज तिमिल्सीनाले भाद्र १९ गते नेफ्स्कूनमा आयोजित साकोस सञ्जालबीचको वृहत अन्तरक्रिया र सञ्जालद्वारा जारी गरिएको ७ बुँदे समुहिक प्रतिबद्धताका बारेमा जानकारी गराउनुभएको थियो ।

महासंघका अध्यक्ष कंडेलले बचत तथा ऋण सहकारी अभियानको श्रीवृद्धिमा महासंघ सँधै गम्भीर रहेको बताउँदै साकोस सञ्जालद्वारा जारी ७ बुँदे प्रतिबद्धताप्रति महासंघको तर्फबाट ऐक्यवद्धता जाहेर गर्नुभएको थियो । नेफ्स्कूनको अगुवाईमा विषयगत जिल्ला संघहरू र प्रदेश बचत संघको समेत ऐक्यवद्धता सहितको निश्कर्षले साकोस अभियानको शुद्धीकरण, स्तरीकरण र सुदृढीकरणमा ठोस पहलकदमी रहने विश्वास लिएको अध्यक्ष कंडेलले बताउनभुयो ।

नेफ्स्कूनका का.वा. अध्यक्ष ढकालले संघले आयोजना गरेको साकोस सञ्जालबीचको अन्तरक्रियाले अभियानका समसामयिक विषयहरूमा एक चरणको धारणा विकास गरी कार्यान्वयन तहमा प्रवेश गरेको उल्लेख गर्नुभयो । साकोस अभियानबीचको ऐक्यवद्धतामा कहि कतै कमी नआओस् भन्नेमा साकोस अभियानमा सबैनै जिम्मेवार रहेको र नेफ्स्कून सँधै निर्देशकको भूमिकामा रहेर काम गरोस् भन्ने भावना अभियानबाट प्रकट भएको उहाँले प्रष्ट्याउनुभयो ।

महासंघका महाप्रबन्धक सुब्बाले सहकारीको सबैभन्दा ठूलो हिस्सा ओगट्ने बचत तथा ऋण सहकारी संस्थाको शुद्धीकरण पहिलो प्राथमिकतामा रहेको र महासंघले पनि त्यसैमा बढि जोड दिएर हेरिरहेको बताउनुभयो । बचत तथा ऋण सहकारी अभियान सबैको साझा अभियान हो, यसमा कसैले पनि अन्यथा लिननहुने उहाँले प्रष्ट पार्नुभएको थियो ।

संघका निमित्त प्र.का.अ. तिमिल्सीनाले महासंघ सबैको माउ निकाय भएकोले अब अभियानको सुदृढीकरणका निम्ति चाल्नुपर्ने कदमहरूका विषयमा छलफल जरूरी रहेको धारणा व्यक्त गर्दै साकोस सञ्जालद्वारा व्यक्त ७ बुँदे प्रतिबद्धताहरूबारे प्रष्ट्याउनुभएको थियो ।

नेफ्स्कूनको अगुवाईमा बागमती प्रदेश बचत संघ, काठमाण्डौं, ललितपुर र भक्तपुर बचत संघका पदाधिकारी एवम् प्रमुख कार्यकारी अधिकृत सहितको उपस्थितिका बीच भाद्र १९ गते सम्पन्न अन्तरक्रियाद्वारा ७ बुँदे प्रतिबद्धता जारी गरिएको थियो ।

# सदस्य संघ संस्थाहरुसँग नेफस्कूनको अन्तरक्रिया

## चितवन

सहकारी क्षेत्रका समसामयिक विषयहरूलाई लिएर नेफ्स्कूनले चितवनमा सदस्यहरूसँग अन्तरक्रिया साथै सुझाव संकलन गरेको छ । भाद्र २६ गते नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालको अध्यक्षतामा भएको कार्यक्रममा नेफ्स्कूनका पदाधिकारी, सञ्चालक सदस्य, जिल्ला बचत संघ चितवनका अध्यक्ष, फिल्ड व्यवस्थापन उपसमिति सदस्यहरू, संघका प्रमुख कार्यकारी अधिकृत सहित २२ वटा बचत तथा ऋण सहकारी संस्थाबाट साकोस प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा संघका अध्यक्ष पौड्यालले बचत तथा ऋण सहकारी अभियानको संक्षिप्त वित्तीय जानकारी सहित हाल सहकारी क्षेत्रमा विकसित भैरहेका घटनाक्रम, गतिविधि साथै आगामी दिनमा सहकारीका अवसर तथा चुनौतिका बारेमा धारणा राख्दै सहकारी अभियानलाई सफल गन्तव्य तर्फ पुऱ्याउन नेफ्स्कून चालेको पहलकदमीका बारेमा चर्चा गर्नुभएको थियो ।

सहकारी अभियानलाई बलियो बनाउन खुल्ला छलफलबाटै अन्तिम निश्कर्ष निकाल्नुपर्ने, स्थानीय सहकारीहरूको सुदृढीकरणका लागि बाह्य रूपमा प्रवेश भएका आगन्तुक सहकारीहरूलाई रोक्नुपर्ने, सहकारी सम्बन्धी विभिन्न तालिम तथा शिक्षाका कार्यक्रम मार्फत सदस्यहरूलाई सहकारी सम्बन्धमा सुसूचित गर्नुपर्ने, स्तरीकरण कार्यक्रममा आवद्ध संस्थाहरूको नियमित अनुगमन तथा निरीक्षणको कार्यलाई विस्तार गर्नुपर्ने लगायतका विषयमा सहभागी साकोसका अध्यक्षहरूले आफ्ना धारणा व्यक्त गर्नुभएको थियो ।

उहाँहरूले एशियाली ऋण महासंघले नेपालका सहकारी संस्थाहरूको ब्राण्डिङ गर्ने विषयलाई निरन्तरता दिनुपर्ने, सन्दर्भ व्याजदर बढ्ने वा घट्ने साथै सहकारी संस्थालाई समस्या परेको बखत केन्द्रीय संघले पूर्ण अभिभावकत्व ग्रहण गर्नुपर्ने जस्ता विषयहरू प्रति ध्यानाकर्षण गराउनुभएको थियो ।

सहकारीको आयकरको दरमा भएको बृद्धिलाई यथावत स्थितिमा ल्याउन अभियानले खेलेको भूमिकाको सहभागीहरूले स्वागत गरेका थिए ।

अन्तरक्रियाका क्रममा उठेका जिज्ञासाहरूको सम्बोधन गर्दै नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकाल, उपाध्यक्ष शान्ति अधिकारी र प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले वर्तमान अवस्थामा सहकारी संस्थाहरूले जोखिम विश्लेषण गरि बचत तथा ऋणको मात्रालाई सन्तुलित बनाउने कुरामा विशेष जोड दिनुपर्ने बताउनुभएको थियो ।

कार्यक्रम समापनका अवसरमा संघका अध्यक्ष परितोष पौड्यालले बढ्दै गएको आर्थिक मन्दी, तरलता संकट बाट संस्थालाई बचाई राख्नको लागि मुख्यतया संस्थागत पुँजीको वृद्धिमा जोड दिनुपर्ने कुरा राख्नु भयो । सहकारी संस्थालाई समस्या परेको बखत छाता संगठन नेफ्स्कूनले पूर्णत अभिभावकत्व बहन, आवश्यक नियमनको लागि नियमन निकायलाई खवरदारी गर्ने कुराको विश्वसनियता दिलाउँदै सहकारी संस्थाहरूलाई ढुक्क भएर वस्तु तथा सेवा, कार्यक्रम साथै प्रविधिमा प्रयोगमा ऐक्यबद्धता जनाउन आव्हान गर्नुभयो ।

## बागलुङ



बागलुङमा सदस्य साकोसहरूसँग सहकारीका समसामयिक विषयमा वृहत अन्तरक्रिया गरिएको थियो । नेफ्स्कून फिल्ड कार्यालय पोखराको आयोजना र बागलुङ जिल्ला बचत सघंको ब्यवस्थापन सहयोगमा सदस्य संघ/सस्थांहरूसँग सहकारीका समसामयिक बिषय सम्बन्धी अन्तरक्रिया कार्यक्रम भाद्र २४ गते शुक्रबार सम्पन्न भएको हो । कार्यक्रममा बागलुङ र म्याग्दी जिल्लाका बचत तथा ऋण सहकारीबाट ८४ जनाको उपस्थिति रहेको थियो ।

कार्यक्रम नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून) का सञ्चालक सदस्य एवम् बागलुङ जिल्ला बचत संघका अध्यक्ष चण्डी प्रसाद शर्मा पौडेलको अध्यक्षता, संघका उपाध्यक्ष गणेश बहादुर खत्रीको स्वागत र सह सचिव विरबहादुर किसानको सञ्चालनमा सम्पन्न भएको थियो ।

कार्यक्रमको उद्घाटन प्रमुख अतिथि बागलुङ नगरपालिकाका नगरप्रमुख बसन्त कुमार श्रेष्ठले गर्नुभएको थियो । नगरप्रमुख श्रेष्ठले सहकारी क्षेत्र गैर सरकारी संस्था भन्दा फरक भएकोले सहकारी मार्फत आर्थिक, सामाजिक, सांस्कृतिक

विकासको प्रवल सम्भावना रहेको चर्चा गर्नुभयो ।

नेफ्स्कूनले समयमै कार्यक्रम राखेर राम्रो गरेको छ, सहकारीको विकासका लागि नगरपालिकाको तर्फबाट र व्यक्तिगत तर्फबाट पनि अत्यन्त सकारात्मक रहेको बताउँदै उहाँले अभियानसँगको सहकार्यमा स्थानीय सरकार अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नेफ्स्कूनका सञ्चालक शर्माले बचत तथा ऋण सहकारी अभियानको स्तरीकरण, शुद्धीकरण, सवलीकरण र सुदृढीकरणको समय भएकोले अब कुनै पनि सहकारी संस्था स्तरीकृत हुनुको विकल्प नरहेको बताउनुभयो । उहाँले सहकारी अभियान बलियो बनाउन सहकारी संस्था, संघ, केन्द्रीय निकाय र स्थानीय सरकारबीच एकमत भएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।कार्यक्रममा बागलुङ नगरपालिका-१२ का वडा अध्यक्ष कोपिलामणी शर्मा, नेफ्स्कूनका सहायक कार्यकारी अधिकृत एवम् व्यवसाय विभाग प्रमुख दुर्गा प्रसाद ढकाल लगायतले सहकारीका समसामयिक विषयहरूमा आफ्ना विचार राख्नुभएको थियो ।

अन्तरक्रियामा सहभागी सहकारीकर्मीहरूले समतामुलक समाज निर्माणका निम्ती नेपालका सहकारीको ठुलो योगदान रहेको हुँदा सबै सहकारी एउटै स्टाण्डरमा चल्नुपर्नेमा जोड दिएका थिए ।

संघमा आवद्ध सहकारीका सञ्चालक र प्रवन्धकहरूको सहभागिता रहेको कार्यक्रमको सहजीकरण संघका व्यवसाय विभाग प्रमुख ढकालले गर्नुभएको थियो ।

## कलंकी

सहकारीका समसामायिक विषयहरू सम्बन्धमा काठमाडौं कलंकी आसपासमा सञ्चालित सहकारीहरूसँग भाद्र २३ गते वृहत अन्तरक्रिया गरिएको थियो ।

नेफ्स्कून कलंकी फिल्ड कार्यालयद्वारा आयोजित अन्तरक्रिया कार्यक्रम कलंकी फिल्ड कार्यालय ब्यवस्थापन उपसमिति सदस्य केशव राज पौडेलको अध्यक्षता र नेफ्स्कूनका कोषाध्यक्ष दिपक पनेरूको प्रमुखत्वमा भएको थियो ।

कार्यक्रममा कलंकी फिल्ड कार्यालय व्यवस्थापन उपसमिति सदस्यहरू, नेफस्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल, संघका सहायक कार्यकारी अधिकृत एवम् व्यवसाय विभाग प्रमुख दुर्गा प्रसाद ढकाल, काठमाडौं जिल्ला बचत संघका लेखा सुपरिवेक्षण समिति संयोजक सुबास घिमिरे लगायत विभिन्न ६५ वटा बचत तथा ऋण सहकारी संस्थाबाट गरी ७५ जनाको उपस्थिति रहेको थियो ।

सहकारीका समसामयिक सवालहरू र नेफ्स्कूनको सेवा तथा व्यवसाय सम्बन्धमा संघका विभागीय प्रमुख दुर्गा प्रसाद ढकालले सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख व्यक्ति दिपक पनेरू र नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत पोखरेलले सहकारी अभियानमा पछिल्लो समय छिटपुट रूपमा देखिएका समस्या, समस्याका कारण, समाधानका उपाय साथै बचत तथा ऋण सहकारी अभियानको शुद्धीकरण र सुदृढीकरणका लागि नेफ्स्कूनले चालेको पहलकदमीका सन्दर्भमा विस्तृत चर्चा गर्नुभएको थियो ।

अन्तरक्रियाका क्रममा सहभागीहरूबाट उठेका जिज्ञासाहरूको संम्बोधन विभागीय प्रमुख दुर्गा प्रसाद ढकालले गर्नुभएको थियो ।

## सर्लाही

सर्लाही र रौतहटमा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाका अध्यक्षहरूसँग सहकारीका समसामयिक विषयहरूमा अन्तरक्रिया गरिएको छ । नेफ्स्कूनका सञ्चालक सदस्य एवम् सर्लाही फिल्ड कार्यालय व्यवस्थापन उपसमिति संयोजक गोमा नेपालको अध्यक्षतामा भाद्र २३ गते सञ्चालित कार्यक्रममा जिल्ला बचत संघ रौतहटकी अध्यक्ष देवकी नेपाल, जिल्ला बचत संघ सर्लाहीका अध्यक्ष बाबुराम घिमिरे, फिल्ड व्यवस्थापन उपसमिति सदस्य विभु कुमार पोखरेल, जिल्ला वचत संघ रौतहटका कोषाध्यक्ष, जिल्ला बचत संघ सर्लाहीका कोषाध्यक्ष मन्दिरा आचार्य लगायत दुवै जिल्लाबाट गरी ३६ बचत तथा ऋण सहकारी संस्थाका अध्यक्षहरूको उपस्थिति रहेको थियो ।

नेफ्स्कूनका सञ्चालक गोमा नेपालले सहकारीका समसामयिक विषय, सहकारी अभियानमा देखिएको तरलता अभावको अवस्था, तरलता अभावको समस्या समाधानका रणनीतिक उपायहरू, नेफ्स्कूनको सेवा तथा व्यवसाय, सहकारी विभागबाट जारी भएका मार्गदर्शन तथा निर्देशनहरूका सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

नेफ्स्कून सर्लाही फिल्ड व्यवस्थापन उपसमिति सदस्य विभु कुमार पोखरेलले स्वागत मन्तव्य राख्नुभएको  उक्त कार्यक्रममा जिल्ला बचत संघ रौतहटकी अध्यक्ष देवकी नेपाल र सर्लाही जिल्ला बचत संघका अध्यक्ष बाबुराम घिमिरेले सहकारी क्षेत्रमा पछिल्लो समयमा देखिएका समस्या, तरलता अभावको अवस्था र समाधानका उपायहरूका बारेमा आआफ्नो धारणा राख्नुभएको थियो । त्यसैगरी सर्लाही जिल्ला बचत संघकी कोषाध्यक्ष मन्दिरा आचार्यले पनि सहकारी सञ्चालनमा ध्यानदिनुपर्ने सुशासनका सवालहरूको विषयमा जानकारी गराउनुभएको थियो ।

अन्तरक्रियाका क्रममा सहभागीहरूले राख्नुभएको जिज्ञासाको सम्बोधन सहजकर्ता गोमा नेपालले गर्नुभएको थियो । सहभागीहरूको तर्फबाट नवविकास साकोस रौतहटका व्यवस्थापक यज्ञ प्रसाईंले सहकारीको असल अभ्यास सम्बन्धी आफ्नो अनुभव सुनाउनुभएको थियो ।

## नवलपरासी



नेफ्स्कून फिल्ड कार्यालय चितवनको आयोजना, नवलपुर जिल्ला बचत संघ र सहकारी कर्मचारी समाज नवलपुरको समन्वयमा नवलपरासीको कावासोतीमा भाद्र ७ गते सदस्यसँग सहकारी अन्तरक्रिया भएको थियो ।

कार्यक्रममा नवलपुर बर्दघाट सुस्ता पूर्वमा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक समिति र व्यवस्थापक गरी ७३ जनाको उपस्थिति रहेको थियो ।

कार्यक्रमको अध्यक्षता नेफ्स्कून सञ्चालक समिति सदस्य तथा नेफ्स्कून चितवन फिल्ड कार्यालय व्यवस्थापन उप समिति संयोजक विद्या कोईरालाको अध्यक्षता, नेफ्स्कूनकी उपाध्यक्ष शान्ति अधिकारीको प्रमुख आतिथ्यता, नवलपुर जिल्ला बचत संघका कार्यवाहक अध्यक्ष होमनाथ जैशी, नवलपुर जिल्ला बचत संघका निवर्तमान अध्यक्ष तथा सल्लाहकार माधव प्रसाद गौतम, नेफ्स्कून सदस्य सेवा विभाग प्रमुख गणेश प्रसाद तिमल्सिना र सहकारी कर्मचारी समाजका अध्यक्ष नरभुपाल भुषालको आतिथ्यता रहेको थियो ।

नेफ्स्कूनकी उपाध्यक्ष एवम् कार्यक्रमकी प्रमुख अतिथि अधिकारीले एकादुई सहकारीमा देखिएको वित्तीय अपचलन र गलत गतिविधिका कारण समग्र सहकारी क्षेत्र तरंगित भइरहेको परिवेशमा बचत तथा ऋण सहकारी संस्था सञ्चालनमा सजगता अपनाउनुपर्ने बताउनुभयो । सहकारीमा सुशासन कायम गर्न विभागले विभिन्न समयमा जारी गरेका निर्देशनहरूको प्रशङ्ग उल्लेख गर्दै उपाध्यक्ष अधिकारीले निर्देशनको पूर्ण पालना गर्नु हरेक सहकारीको कर्तव्य रहेकोमा जोड दिनुभयो ।

अन्तरक्रियाका क्रममा सहभागी सहकारीकर्मीहरूले साकोसको समय सापेक्ष अनुगमन, स्थानीय निकाय र नेफ्स्कूनबाट साना संस्थाहरूको विकास र प्रवर्द्धनमा विशेष ध्यान, साकोस भुक्तानी सटही सुविधा, सहकारीलाई सहुलियत ऋण परिचालन, प्रविधि एकरूपता लगायतका विषयहरूको आवश्यकता सम्बन्धमा सुझाव प्रस्तुत गर्नुभएको थियो । साथै सहकारीकर्मीहरूले कावासोतीमा नेफ्स्कूनको सेवा केन्द्र आवश्यकताको माग गर्नुभएको थियो ।

कार्यक्रममा नवलपुर जिल्ला बचत संघका कार्यवाहक अध्यक्ष जैशीले स्वागत मन्तव्य र नवलपुर जिल्ला बचत संघका निवर्तमान अध्यक्ष तथा सल्लाहकार गौतमले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नेफ्स्कूनका सदस्य सेवा विभाग प्रमुख गणेश प्रसाद तिमल्सिनाले नेफ्स्कूनका सेवा तथा कार्यक्रमहरू, भावी रणनीतिक योजना, स्तरीकरण कार्यक्रम, स्थिरीकरण कोष र सहकारीका समसामयिक सबालहरू सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो ।

## झापा



झापाका बचत तथा ऋण सहकारीहरूसँग नेफ्स्कूनले एक दिवसीय अन्तरक्रिया कार्यक्रम भदौ ५ गते गरेको थियो । सहकारीका समसामयिक विषयवस्तु साथै बचत तथा ऋण सहकारी संस्था सञ्चालनका जोखिमका क्षेत्रहरू पहिचान तथा समाधानका उपायहरू सहितको अन्तरक्रिया सहजीकरण नेफ्स्कूनका बरिष्ठ कार्यक्रम अधिकृत प्रेमनाथ वाग्लेले गर्नुभएको थियो । नेफ्स्कूनका सञ्चालक सदस्य घनश्याम अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा झापा जिल्ला बचत संघका अध्यक्ष तुलाराम न्यौपानेले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमका सहभागीहरूलाई स्वागत गर्दै अध्यक्ष न्यौपानेले दिगो रूपमा सहकारी संस्था सञ्चालनका लागि सहकारीका मुल्य, मान्यता, आदर्श र नीति विधिलाई छोड्न नहुने बताउनुभयो । उहाँले नेफ्स्कूनद्वारा सञ्चालित स्तरीकरण कार्यक्रमहरू कर्ब्स, प्रोबेसन र एक्सेस आवद्धताका लागि सहभागीहरूलाई आग्रह गर्नुभएको थियो ।

नेफ्स्कूनका सञ्चालक सदस्य घनश्याम अधिकारीले नेफ्स्कूनद्वारा प्रवर्द्धित सबै प्रकारका सेवाहरू लिएर सबल, दिगो र सुशासित साकोस निर्माणमा पहल गर्न सहभागी साकोस प्रतिनिधिहरूलाई अनुरोध गर्नुभयो । नेफ्स्कून बचत तथा ऋण सहकारी संस्थाको एक मात्र केन्द्रीय संघ भएको र साकोसका हरेक समस्याको समाधानको सामर्थ्य राख्न सक्ने संघ भएकोले ढुक्कसँग नेफ्स्कूनका सेवाहरू लिन र साकोसमा आइपर्नसक्ने समस्याको समाधान नेफ्स्कूनभित्रैबाट गर्न सकिनेमा जोड दिनुभयो ।

कार्यक्रममा झापामा सञ्चालित विभिन्न बचत तथा ऋण सहकारी संस्थाहरूबाट गरी ५५ जना साकोस प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# सर्लाहीमा साकोस एकीकरण सम्बन्धी गोष्ठी, ३ साकोसद्वारा एकीकरण प्रतिवद्धता




साकोस एकीकरण समिति सर्लाहीको आयोजना, जिल्ला बचत संघ सर्लाहीको व्यवस्थापन तथा नेफ्स्कूनको प्राविधिक सहयोगमा साकोस एकीकरण सम्बन्धमा अभिमुखीकरण, जागरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । सर्लाहीको सगुन साकोसको सभाहलमा भाद्र १६ गते सम्पन्न कार्यक्रममा जिल्लाका १८ ओटा साकोसका ७० जनाको सहभागिता थियो । कार्यक्रमको अध्यक्षता एकीकरण समितिका संयोजक बाबुराम घिमिरेले गर्नुभएको थियो । कार्यक्रमको प्रमुख अतिथि सर्लाही क्षेत्र नम्वर ३, क का सभासद डिल्ली उप्रेती रहनु भएको थियो भने कार्यक्रममा विशिष्ट अतिथिहरूमा नेफ्स्कूनका पूर्व अध्यक्ष ऋषिराज घिमिरे तथा नेफ्स्कूनका महासचिव दामोदर अधिकारी रहनुभएको थियो । यस्तै, अतिथिहरूमा नेफ्स्कूनका कोषाध्यक्ष दिपक पनेरू, सञ्चालक सदस्य हरेराम प्रसाद हुनुहुन्थ्यो ।

कार्यक्रममा पहिलो सत्रको प्रस्तुतीकरण एशियाली ऋण महासंघ (अक्कु) का पूर्व अध्यक्ष समेत रहनुभएका ऋषिराज घिमिरेले गर्नु भएको थियो भने दोस्रो सत्रको प्रस्तुतिकरण नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले गर्नु भएको थियो । कार्यक्रमा स्वागत मन्तव्य सगुन साकोसका अध्यक्ष केशव प्रसाद ढकालले गर्नु भएको थियो । कार्यक्रममा एकीकरण किन ? के का लागि ? कहिले ? कसका लागि? लगायतबारे नेफ्स्कूनका पूर्व अध्यक्ष ऋषिराज घिमिरेले प्रस्तुति गर्नु भएको थियो भने एकीकरणको औचित्य र त्यसको सैद्धान्तिक पक्षमा नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले प्रस्तुतिकरण गर्नु भएको थियो । कार्यक्रम सञ्चालन एकीकरण समितिका सचिव तथा स्वस्तिक बचत तथा ऋण सहकारी संस्था लि.का व्यवस्थापक विनोद थापाले गर्नु भएको थियो । कार्यक्रममा लालबन्दी नगरपालिका स्थित डुमडुमे साकोस, पौरखी साकोस र जनहित साकोसले एक अर्कामा एकीकरण गर्ने प्रतिवद्धता समेत व्यक्त गरेका थिए । ती साकोसका प्रतिनिधिहरूलाई कार्यक्रमका विशिष्ट अतिथिद्वय ऋषिराज घिमिरे र दामोदर अधिकारीले खादा तथा टिका लगाएर एकीकरण सम्पन्न गर्न शुभकामना व्यक्त गर्नु भएको थियो ।

# नेफ्स्कूनद्वारा विभिन्न जिल्लामा सञ्चालित सहकारीहरूका लागि कोपोमिस तालिम प्रदान

सहकारी विभागले पछिल्लो समय जारी गरेको परिपत्र तथा निर्देशन अनुसार सहकारी संघ संस्थाहरूले कोपोमिस (सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली) मा अनिवार्य आफ्नो संस्थाका समष्टिगत वित्तीय विवरण प्रविष्टी गर्नुपर्नेछ । यसै सन्दर्भमा नेफ्स्कूनले राज्यको नीतिलाई सहयोग गर्दै सदस्य साकोसहरूलाई प्रविष्टमा सहजता होस् भन्ने उद्देश्यका साथ तालिममा जोड दिएको छ । कोपोमिस प्रणालीलाई सहकारी संस्थामा पूर्ण कार्यान्वयनमा ल्याउनका लागि नेफ्स्कूनले फिल्ड कार्यालयहरू मार्फत देशव्यापी तालिम कार्यक्रमहरू सञ्चालन गरेको हो ।

## झापा

बिर्तामोड नगरपालिकामा सहकारीहरूका लागि कोपोमिस तालिम (Co-operative And Poverty Related Management Information System - COPOMIS) प्रदान गरिएको छ । नेफ्स्कून दमक फिल्ड कार्यालय अन्तर्गत विर्तामोड सेवा केन्द्रको आयोजनामा सञ्चालित तालिम प्रदेश बचत संघ प्रदेश न. १ का अध्यक्ष तथा नेफ्स्कूनका सञ्चालक घनश्याम अधिकारीको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा सञ्चालक अधिकारीले राज्यले तयार गरेको कोपोमिस होस् या अन्य नीतिगत व्यवस्था तथा मार्गनिर्देशनको पालना गर्नु सवै सहकारीको दायित्व र जिम्मेवारी रहेको बताउनुभयो । राज्यका नीति निर्देशन र कानुनी परिपालनाले सहकारी संस्थालाई शुद्धीकरण र व्यवस्थित गर्न सहयोग पुऱ्याउने स्पष्ट पार्नुभयो । बचत ऋण सहकारीको अभिभावक संघ नेफ्स्कूनले पनि सहकारी संघ संस्थाहरूको दिगो विकास र सुदृढीकरणका लागि समय समयमा जारी गरेका मार्गनिर्देशन, गुणस्तर सुनिश्चितताका कार्यक्रम र स्थिरीकरण कोष कार्यान्वयनबाट दिगो साकोस अभियान निर्माणमा ठोस योगदान पुग्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा विभिन्न २२ बचत तथा ऋण सहकारी संस्थाबाट २५ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागी प्रतिनिधि मुलक दुई साकोसका व्यवस्थापकले नियामक निकाय वाट तालिम प्राप्त गर्न नसकिरहेको वेला नेफ्स्कूनद्वारा आयोजना भएको यस तालिमका लागि धन्यवाद सहित आगामी दिनमा पनि यस्तै प्रयोगात्मक तालिमहरू समय समयमा प्राप्त हुने अपेक्षा रहेको बताउनुभयो ।

## सिन्धुली

नेफ्स्कूनको आधारशिला कार्यक्रम अन्तर्गत भाद्र २६ र २७ गते सिन्धुलीको फिक्कल गाउँपालिकामा सहकारीहरूका लागि कोपोमिस तालिम प्रदान गरिएको थियो ।

नेफ्स्कूनले स्थानीय तहको मातहतमा रहेका, ग्रामिण र दुर्गम क्षेत्रमा सञ्चालित सबै प्रकृतिका सहकारीहरूलाई लक्षित गरी सुरू गरेको आधारशिला कार्यक्रम अन्तर्गत सहकारीहरूका लागि कोपोमिस तालिम प्रदान गरिएको हो । तालिममा विभिन्न प्रकृतिका १५ सहकारीका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## कैलाली




नेफ्स्कून कञ्चनपुर फिल्ड कार्यालयको आयोजनामा कञ्चनपुर र कैलाली जिल्लामा सञ्चालित सहकारीहरूका लागि भाद्र २२ गते एक दिवसीय कोपोमिस तालिम प्रदान गरिएको थियो .

नेफ्स्कून फिल्ड कार्यालय व्यवस्थापन उप समिति सदस्य भुपेन्द्र थापाको अध्यक्षतामा सञ्चालन भएको तालिमको प्रमुख आतिथ्यतामा नेफ्स्कूनका महासचिव दामोदर अधिकारी रहनुभएको थियो ।

प्रमुख अतिथि नेफस्कूनका महासचिव दामोदर अधिकारीले

सहकारी संस्थाले राज्यले ल्याएका सवै कानुनको परिपालन गर्नुपर्नेमा जोड दिनुभएको थियो । बचत तथा ऋणको कारोबार गर्ने संस्था अन्य भन्दा अझ बढी संवेदनशील हुनेहुँदा सहकारीमा सुशासन कायम गर्नुपर्नेतर्फ सचेत गराउँदै उहाँले सबै सहकारी संस्थाले अनिवार्य रूपमा कोपोमिस प्रणालीमा संस्थाका समष्टिगत डाटा प्रविष्टि गर्न अनुरोध गर्नुभएको थियो ।

कार्यक्रममा नेफ्स्कून कञ्चनपुर फिल्ड कार्यालय व्यवस्थापन उप समिति सदस्य सुरत बहादुर बोगटी, प्रेमलता गौतम, कञ्चनपुर बचत संघका सञ्चालक सदस्य बसन्त भट्ट, कञ्चनपुर म्यानेजर क्लबका अध्यक्ष गणेश भट्ट, उपाध्यक्ष अशोक जोशी, कैलाली म्यानेजर्स क्लवका कोषाध्यक्ष प्रकाश कुमार जोशी, सदस्य बिष्णु उपाध्याय लगायतको सहभागिता रहेको थियो ।

फिल्ड कार्यालय व्यवस्थापन उप समिति सदस्य सुरत बोगटीले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । तालिममा विभिन्न संस्थाका ५५ जनाको सहभागिता रहेको थियो । तालिम सहजीकरण नेफ्स्कूनका सूचना प्रविधि अधिकृत प्रविन अधिकारीले गर्नुभएको थियो ।

क्रममा संघले स्तरीकरण कार्यक्रम, स्थिरीकरण कोष, प्रविधि सहयोग, कानुनी परामर्श लगायतका धेरै विषयमा काम गरिरहेको उहाँले बताउनुभयो ।

कार्यक्रमका सभाध्यक्ष सन्दिप सापकोटाले कोपोमिस तालिम लिएसँगै संस्थामा गई तत्काल समष्टिगत विवरण अद्यावधिक गर्न सहभागीहरूलाई अनुरोध गर्नुभएको थियो ।

फिल्ड कार्यालय व्यवस्थापन उप समिति सदस्य श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्दै वर्तमान कानुनको परिपालना गर्न र कानुनमा निर्दिष्ट गरिएका कुरा संस्थागत रूपमा लागु गर्न अनुरोध गर्नुभएको थियो ।

उहाँले कोपोमिसमा अद्यावधिक गर्नुपर्ने सम्पूर्ण विवरण साथै सम्पत्ती शुद्धीकरण ऐनका विषयमा पनि संस्थाले रिपोर्ट पेस गर्नुपर्ने सम्बन्धमा जानकारी गराउनुभएको थियो ।

तालिम सहजीकरण नेफ्स्कूनका सूचना प्रविधि अधिकृत राजन सुवेदीले गर्नुभएको थियो । विभिन्न संस्थाका ४१ जनाको सहभागिता रहेको तालिम फिल्ड कार्यालय व्यवस्थापन उपसमिति सदस्य शुभकान्त न्यौपानेको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## रुपन्देही




नेफ्स्कून रुपन्देही फिल्ड कार्यालयको आयोजनामा जिल्लामा सञ्चालित सहकारीहरूका लागि एक दिवसीय कोपोमिस तालिम प्रदान गरिएको थियो ·

नेफ्स्कूनका सञ्चालक सदस्य एवं रूपन्देही फिल्ड कार्यालय व्यवस्थापन उप समिति सदस्य सन्दिप सापकोटको अध्यक्षतामा सञ्चालन भएको तालिमको प्रमुख व्यक्तित्व नेफ्स्कूनका उपाध्यक्ष शान्ति अधिकारी रहनु भएको थियो । अतिथिहरूमा रूपन्देही फिल्ड कार्यालय व्यवस्थापन उप समिति सदस्य महेश्वर श्रेष्ठ उपस्थित हुनुहुन्थ्यो ।

कार्यक्रमका प्रमुख अतिथि नेफ्स्कूनका उपाध्यक्ष शान्ति अधिकारीले सदस्य संस्थाले राज्यले ल्याएका सबै कानुनको परिपालन गर्नुपर्नेमा जोड दिनुभएको थियो । नेफ्स्कून र सदस्य संस्था बीचका सम्बन्ध सुधार गर्दै अगाडि वढ्ने

## लहान




मधेश प्रदेशमा सञ्चालित सहकारीहरूलाई लक्षित गरी सिरहाको लहानमा बचत तथा ऋण सहकारी संस्थाहरूका लागि कोपोमिस तालिम प्रदान गरिएको थियो ।

तालिम सिरहा जिल्ला बचत संघका अध्यक्ष सञ्जय कुमार महतोको अध्यक्षता र सप्तरी जिल्ला बचत संघका वरिष्ठ उपाध्यक्ष भवानी प्रसाद चौधरीको प्रमुख आतिथ्यतामा भएको थियो ।

नेफ्स्कूनद्वारा आयोजित तालिममा सिरहा र सप्तरीका ६५ बचत तथा ऋण सहकारी संथाबाट ७१ जना साकोस प्रतिनिधिहरूको सहभागिता रहेको थियो । तालिमको सहजीकरण नेफ्स्कूनका सूचना प्रविधि अधिकृत राजन सुवेदीले गर्नुभएको थियो ।



# नेफस्कून स्थापना दिवसको अवसरमा अग्रजहरुसँगको अन्तरक्रिया

नेफ्स्कूनले ३५औं स्थापना दिवसको अवसरमा संघका अग्रज र पूर्व कर्मचारीहरूसँग साकोस अभियानको बर्तमान र भविष्यको विषयमा वृहत अन्तरक्रिया गरेको छ ।

बचत तथा ऋण सहकारी अभियानको प्रवर्द्धन, विकास, व्यवसायिकरण, स्तरीकरण र एकीकृत सञ्जाल निर्माणमा निरन्तर क्रियाशिल यस संघ स्थापनाको सफलतम् ३४ वर्ष पुरा गरी श्रावण ३१ गतेबाट ३५औं वर्ष प्रवेश गरेको छ । नेफ्स्कूनको जन्म २०४५ साल श्रावण ३२ गते बचत समूह राष्ट्रिय संघ तदर्थ समिति बाट भएको थियो भने २०५० साल भाद्र २९ गते सहकारी विभागमा दर्ता भएको थियो ।

संघका अध्यक्ष परितोष पौड्यालको अध्यक्षतामा आयोजित कार्यक्रमका प्रमुख व्यक्तिहरूमा संघका पूर्व अध्यक्षहरू क्रमशः डी.बी. बस्नेत, मिनराज कंडेल र कैलाशभक्त प्रधानाङ्ग हुनुहुन्थ्यो ।

कार्यक्रममा संघका पूर्व पदाधिकारीहरू, पूर्व सञ्चालक समितिका सदस्यहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक एवम् सदस्यहरू, पूर्व प्रमुख कार्यकारी अधिकृतहरू, वर्तमान पदाधिकारीहरू, सञ्चालक समितिका सदस्यहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक एवम् सदस्यहरू र उच्च व्यवस्थापनका कर्मचारीहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा संघका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले संघको संस्थागत विकासका पाइलाहरू विषयमा प्रस्तुतिकरण राख्नुभएको थियो ।

संघका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन संघका महासचिव दामोदर अधिकारीले गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख व्यक्ति संघका पूर्व अध्यक्षहरूले मार्गदर्शन सहित साकोस अभियानको दिगो विकास, अभियानको शुद्धीकरण र सुदृढीकरणका लागि सुझाव दिनुभएको थियो । त्यसैगरी संघका संस्थापक उपाध्यक्ष नारायण शर्मा गजुरेल, पूर्व महासचिव घनश्याम खतिवडा, देवेन्द्र अर्याल, पूर्व कोषाध्यक्ष दीपक थापा, अनिरूद्र प्रधान, पूर्व सञ्चालकहरू र पूर्व प्रमुख कार्यकारी अधिकृतहरूले मार्गनिर्देशन सहित शुभकामना व्यक्त गर्नुभएको थियो ।

# राजनीतिक दलका घोषणापत्रमा समावेश गर्न सहकारी महासंघद्वारा सुझाव पेश



ललितपुर । राष्ट्रिय सहकारी महासंघले २०७९ मंसिर ४ गते हुने प्रदेश सभा तथा प्रतिनिधिसभा निर्वाचनमा राजनीतिक दलहरूका घोषणापत्रमा सहकारीका मुद्दाहरूलाई समेट्न आग्रह गर्दै सुझाव पेश गरेको छ । भाद्र २८ गते महासंघका अध्यक्ष मिनराज कडेल र वरिष्ठ उपाध्यक्ष ओमदेवी मल्लले नेकपा(एमाले)का महासचिव शंकर पोखरेल र माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठलाई घोषणापत्रमा सहकारीका मुद्दा समेट्न आग्रह गर्दै सुझाव दिनुभएको थियो ।

आगामी संसदीय निर्वाचनका लागि पार्टीहरू घोषणापत्र तयारीमा जुटिरहेको समयमा महासंघले सहकारी अभियानकोतर्फबाट दलहरूलाई सुझाव दिन थालेको हो । महासंघका अध्यक्ष मिनराज कडेलले सबै दललाई सुझाव दिने तयारी गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'हामीले दलहरूलाई सहकारीको अभियानको तर्फबाट घोषणपत्रमा समेट्नुपर्ने सहकारीका मुद्दाका विषयमा बुँदागत रूपमा सुझाव पेश गरेका छौं । उहाँहरू सकारात्मक रहेको र प्राप्त सुझावलाई अध्ययन गरेर समेट्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।' कतिपय दलहरूले महासंघमा सर्म्पक गरेर समेत सहकारीका समेट्नुपर्ने विषयहरू माग गरेका छन्, अन्य दलहरूसँग पनि समय मिलाएर छिट्टै सुझाव दिने कडेलले बताउनुभयो ।

.........................................................................




# सिन्धुपाल्चोकको लिसंखु पाखर गाउँपालिकाका सहकारीहरुको जागरण अभियान सुरु

सिन्धुपाल्चोकको लिसंखु पाखर गाउँपालिकासँग 'आधारशिला' कार्यक्रम कार्यान्वयन सम्झौता भएको छ । कार्यक्रम कार्यान्वय सम्झौता सँगै अब लिसंखु पाखर गापाका सहकारीहरूको जागरण र विकासको चरण सुरू भएको छ ।

नेफ्स्कूनले स्थानीय तहको मातहतमा रहेका, ग्रामिण र दुर्गम क्षेत्रमा सञ्चालित सबै प्रकृतिका सहकारीहरूलाई लक्षित गरी सुरू गरेको आधारशिला कार्यक्रम अन्तर्गत गाउँपालिकासँग कार्यक्रम कार्यान्वयन सम्झौता भएको हो ।

गाउँपालिकाको कार्यालयमा भाद्र २७ गते आयोजित कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत मंगल बहादुर बिष्ट र नेफ्स्कूनका बरिष्ठ कार्यक्रम अधिकृत नविन राज दाहालले आधारिशला कार्यक्रम कार्यान्वयन सम्झौतामा हस्ताक्षर गर्नुभयो । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष राजु लामा, उपाध्यक्ष मिठु देवी लामा, नेफ्स्कूनका सूचना प्रविधि अधिकृत राजन सुवेदी, गाउँपालिकाका सहकारी शाखाका नायव सुब्बा दिप बहादुर अधिकारी लगायतको उपस्थिति थियो ।

आधारशिला कार्यक्रम स्थानीय निकायहरूसँगको समन्वय र सहकार्यमा सबै प्रकृतिका सहकारीहरूको सशक्तिकरण गर्ने नेफ्स्कूनको नयाँ कार्यक्रम हो । आधारशिला कार्यक्रमको लोकप्रियता पछिल्लो समय बढ्दै गइरहेको छ । स्थानीय तहहरू पनि नेफ्स्कूनले सञ्चालन गरेको यो कार्यक्रममा सहभागिता जनाउँदै आफ्नो क्षेत्रका सहकारीहरूको जागरण, विकास, प्रवर्द्धन र सञ्जालीकरणका लागि क्रियाशिल देखिएका छन् ।

# बनेपामा प्रोबेसन अभिमुखीकरण




नेफ्स्कून बनेपा फिल्ड कार्यालयको आयोजनमा काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित साकोसहरूलाई लक्षित गरि एक दिवसीय पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम-प्रोबेसन अभिमुखीकरण सम्पन्न भएको छ ।

अभिमुखीकरण कार्यक्रम नेफ्स्कूनका सञ्चालक सदस्य एवम् बनेपा फिल्ड कार्यालय व्यवस्थापन उपसमित संयोजक जीवसराज खड्काको अध्यक्षतामा भएको थियो । बनेपा फिल्ड कार्यालय व्यवस्थापन उपसमिति सदस्य रोशन श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा विभिन्न १७ वटा बचत तथा ऋण सहकारी संस्थाबाट २१ जना पदाधिकारी एवं व्यवस्थापकहरूको सहभागिता रहेको थियो ।

कार्यक्रम सहजीकरण नेफ्स्कूनका सहायक कार्यकारी अधिकृत एवम् सदस्य सेवा विभाग प्रमुख गणेश प्रसाद तिमल्सिना र बरिष्ठ कार्यक्रम अधिकृत भरत प्रसाद न्यौपानेले गर्नुभएको थियो ।

कार्यक्रममा उठेका जिज्ञासामाथि सहजकर्ता द्वय तिमल्सिना र न्यौपानेले प्रष्ट्याउनु भएको थियो ।

कार्यक्रममा आफ्ना जिज्ञासा राख्दै नवदुर्गा साकोस पनौतीका प्रमुख कार्यकारी अधिकृत दिपक प्रसाद तिमल्सिनाले संस्था प्रोबेसन कार्यक्रममा सहभागी हुनु अघि र आबद्ध भैसकेपछि संस्थामा आएको परिवर्तन र यसको उपादेयताबारे सहभागीहरूलाई जानकारी गराउनु भएको थियो ।

कार्यक्रमको अन्त्यमा सभाध्यक्षले साकोसहरूको सबलीकरण र संस्थालाई दिगो बनाउनका लागी स्तरीरकण कार्यक्रमा आबद्ध हुदै सदस्यहरूलाई व्यावसायिक सेवा प्रदान गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रम पश्चात् काभ्रेको पिपुल्स साकोसले प्रोबेसन कार्यक्रम सम्फौता गरेको थियो । सम्फौता कार्यक्रममा नेफ्स्कूनको तर्फबाट बरिष्ठ कार्यक्रम अधिकृत भरत प्रसाद न्यौपाने र साकोसका तर्फबाट उपाध्यक्ष पवन राज कर्णजीतले हस्ताक्षर गर्नुभएको थियो । सो सम्फौता पत्रमा संघका सञ्चालक जीवसराज खड्का उपस्थित हुनुहुन्थ्यो ।

२०६२ सालमा स्थापित पिपुल्स साकोसले काभ्रेको बनेपा नगरपालिका वडा नं. ८ मा कार्यालय राखी कुल ५ हजार ९ सय ५२ सदस्यहरूलाई वित्तीय सेवा उपलब्ध गराउँदै आइरहेको छ । हाल संस्थाको कुल वासलात ३१ करोड ५४ लाख रहेको छ । साकोस जोखिममा आधारित साकोस सुपरिवेक्षण कर्बर्स कार्यक्रममा समेत सहभागी थियो ।

कार्यक्रम संयोजन/सञ्चालन बनेपा फिल्ड कार्यालका बरिष्ठ सहायक प्रेमहरी मैनालीले गर्नुभएको थियो ।

# हाम्रो चित्रवन साकोसको सामाजिक परीक्षण कार्यक्रम



चितवनस्थित हाम्रो चित्रवन बचत तथा ऋण सहकारी संस्थाले आ.व. ०७८।०७९ मा गरेका वित्तीय र गैर वित्तीय क्रियाकलापको सामाजिक परीक्षण सम्बन्धी सुनुवाई कार्यक्रम भाद्र १० गते सम्पन्न गरेको छ । कार्यक्रम संस्थाका उपाध्यक्ष तथा सामाजिक परीक्षण उप समितिका संयोजक अनिलराज पौडेलको अध्यक्षतामा सम्पन्न भएको थियो । संस्थाका अध्यक्ष तेजेन्द्रबहादुर खड्काको प्रमुख आथित्यतामा सम्पन्न उक्त कार्यक्रममा सामाजिक परीक्षण उप समितिको तर्फबाट लक्ष्मणप्रसाद पौडेलले प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्न भएको थियो ।

चितवन जिल्लामै पहिलो पटक हाम्रो चित्रवन साकोसले सामाजिक परीक्षण (Social Audit) नीति तथा कार्यविधि २०७९ तयार गरि सहकारी संस्थाको समग्र वित्तीय अवस्था, उपलब्ध स्रोतको परिचालन, बार्षिक कार्यक्रम एवं बजेटको प्रभावकारी उपयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्न र सहकारी संस्थाका गतिविधिलाई थप सदस्य केन्द्रित र समुदायमा आधारित बनाई सामाजिक परीक्षणको माध्यमबाट थप पारदर्शी एवम् जवाफदेही बनाउँदै संस्थालाई सुदृढ बनाउन लागु गरेको हो ।

कार्यक्रममा संस्थाका अध्यक्ष तेजेन्द्रबहादुर खड्काले सहकारी ऐनमा सामाजिक परीक्षण गर्न सक्ने प्रावधान भए पनि चितवनका सहकारी संस्थाहरूले सामाजिक परीक्षण गरेको जानकारीमा नभएको तर संस्थाले कार्यान्वयन गरेको जानकारी गराउनु भयो । साथै यो परीक्षण प्रारम्भिक भएता पनि यसले आगामी दिनमा संस्थाको होलबढी चेपअप को रूपमा लिई संस्थालाई महत्वपूर्ण पृष्ठपोषण दिने बताउनु भएको थियो ।

सामाजिक परीक्षणको लागि संस्थाले आवश्यक नीति तथा कार्यविधि बनाई संस्थाको वार्षिक नीति, कार्यक्रमको कार्यान्वयनको अवस्था, बजेट कार्यान्वयनको अवस्था, सदस्य केन्द्रित कार्यक्रम र सामाजिक क्षेत्रका कार्यक्रमको कार्यान्वयनको अवस्था लगायत विषयमा परीक्षण गरिएको जानकारी गराउनु भयो । संस्थाले सामाजिक परीक्षणको लागि सेयर सदस्यज्यूहरू मध्येबाट समिति गठन गर्नुका साथै सुनुवाईको लागि सेयर सदस्यहरूको समुह गठन गरेको थियो । सामाजिक परीक्षण समितिले संस्थाको अवस्थाको वारेमा समग्र मूल्याकंन गरी प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको उक्त कार्यक्रममा सहभागी सदस्यहरूबाट जिज्ञाशा र सुझाव राख्नु भएको थियो ।

सामाजिक सुनुवाई कार्यक्रममा परीक्षण विधिको वारेमा संस्थाका उपाध्यक्ष अनिलराज पौडेलले जानकारी गराउनु भएको थियो भने परीक्षणको अवस्थाको वारेमा प्रारम्भिक प्रतिवेदन सामाजिक परिक्षण उपसमितिका सदस्य लक्ष्मण पौडेलज्यूले प्रस्तुती गर्नु भएको थियो । कार्यक्रममा उठेका जिज्ञासाहरूको वारेमा संस्थाका सचिव कृष्णप्रसाद पौडेलले प्रष्टाउनु भएको थियो ।

साकोसका प्रमुख कार्यकारी अधिकृत उमाकान्त पौडेलले संस्थाले निमार्ण गरेको सामाजिक परिक्षण नीति तथा कार्यविधि प्रस्तुत गर्नु भएको थियो । संस्थाले २५ वटा सूचकहरू तयार गरी उक्त सूचकको मूल्यांकनको आधारमा सर्वोकृष्ट, उत्कृष्ट, सामान्य र न्यून उपलब्धीको वारेमा मूल्यांकन रिपोर्ट तयार भएपछि आगामी वार्षिक साधारण सभामा छलफलको लागि पेश गर्ने नीति रहेको संस्थाका उपाध्यक्ष तथा कार्यक्रमका संयोजक अनिलराज पौडेलले बताउनु भएको थियो ।

सामाजिक परीक्षणबाट संस्थाको बार्षिक नीति तथा कार्यक्रम र बजेटलाई प्रभावकारी ढंगले परिचालन गराउन, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति तथा व्यवस्थापनका काम कारवाहीलाई पारदर्शी बनाउन, संस्थाको समग्र गतिविधिहरूको बारेमा सदस्यहरूलाई जानकारी गराउन र संस्थाको कार्यलाई थप प्रभावकारी बनाउनु रहेको संस्थाका प्रमुख कार्यकारी अधिकृत पौडेलले बताउनु भयो ।

# सहकारीमा आयकरको दर पुरानै कायम

सरकारले आर्थिक बर्ष २०७९/८० को बजेट मार्फत बढाएको सहकारीको आयकर बृद्धि फिर्ता लिई पुरानै कायम गरेको छ । आर्थिक ऐन २०७९ संशोधन गर्दै सरकारले सहकारीको नाफामा लाग्ने आयकर बृद्धिको रकमलाई घटाई साविक बमोजिम कायम रहने निर्णय गरेको छ ।

आर्थिक वर्ष २०७९/८० को बजेटले सहकारी संस्थालाई कर छुट हुने बाहेकको कारोबारमा नगरपालिका क्षेत्रभित्र ७.५ प्रतिशत, उपमहानगरपालिका भित्र १० प्रतिशत र महानगरपालिका भित्र १५ प्रतिशत आयकर लाग्ने व्यवस्था गरेको थियो । सहकारी अभियानबाट आयकर बृद्धिको विषयमा व्यापक विरोध रहँदै आएको थियो ।

आर्थिक ऐन २०७९ मा संशोधन गर्दै सरकाले यसअघि गरिएको आयकर बृद्धिलाई घटाएर नगरपालिका क्षेत्रभित्रका सहकारीको कारोबारमा ५ प्रतिशत, उपमहानगरपालिका भित्रका सहकारीको कारोबारमा ७ प्रतिशत र महानगरपालिका भित्रका सहकारीमा १० प्रतिशत आयकर लाग्ने व्यवस्था गरेको हो ।

# दाङमा ऋृण असुली तथा धितो लिलामको कानुनी प्रकृया सम्बन्धी तालिम सञ्चालन

लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका बिभिन्न जिल्लाका बचत तथा ऋण सहकारी संस्थाहरूका लागि ऋण असुली तथा धितो लिलामको कानुनी प्रकृया सम्बन्धी तालिम सञ्चालन गरिएको छ । नेफ्स्कून दाङ फिल्ड कार्यालयको आयोजनामा भाद्र २८ गते सञ्चालन गरिएको एक दिवसीय उक्त तालिममा तिनवटै प्रदेशमा सञ्चालनमा रहेका विभिन्न बचत तथा ऋण सहकारी संस्थाबाट ६७ जनाको सहभागिता रहेको थियो ।

नेफ्स्कून दाङ फिल्ड कार्यालय व्यवस्थापन उपसमिति सदस्य भरत बहादुर बुढाथोकीको अध्यक्षता, घोराही उपमहानगरपालिकाकी उपप्रमुख हुमा कुमारी डि.सी.को प्रमुख आतिथ्यता र जिल्ला बचत संघ दाङका सचिव बिमल अधिकारीको आतिथ्यता सहित तालिमसत्रको सुभारम्भ भएको थियो ।

प्रमुख अतिथि डि.सीले सहकारी क्षेत्रका समसामयिक विषयवस्तुहरूबारे चर्चा गर्दै सुशासित र सुदृढ सहकारी अभियान निर्माणका लागि राज्यको नियमन प्रभावकारी हुनुपर्ने बताउनुभयो । उहाँले घोराही उपमहानगरपालिका भित्रका सहकारीहरूमा सुशासन कायम गर्ने सवालमा नेफ्स्कूनको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै आगामी दिनमा घोराही उपमहानगरपालिका सकारीको विकास र सुदृढीकरणका लागि नेफ्स्कूनसँग सहकार्य गरेर अगाडि बढ्न तयार रहेको बचतबद्धता व्यक्त गर्नुभयो ।

दाङ जिल्ला बचत संघका सचिव बिमल अधिकारीले सहकारीमा ऋण असुली तथा धितो लिलामको कानुनी




प्रकृया सम्बन्धी तालिम अत्यन्त महत्वपूर्ण तालिम रहेको हुँदा तालिमबाट पर्याप्त ज्ञान लिन र व्यवहारमा कार्यान्वयनमा ल्याउन सहभागीहरूलाई अनुरोध गर्नुभएको थियो ।

फिल्ड व्यवस्थापन उपसमिति सदस्य भरत बहादुर बुढाथोकीले नेफ्स्कूनले सञ्चालन गर्ने तालिम गुणस्तरीय, समयसान्दर्भिक र महत्वपूर्ण रहने हुँदा तालिमबाट पर्याप्त लाभ लिएर साकोस सञ्चालनलाई चुस्त दुरूस्त राख्नसकिनेमा जोड दिनुभयो ।

तालिमको सहजीकरण नेफ्स्कूनका सहायक कार्यकारी अधिकृत तथा सदस्य सेवा बिभाग प्रमुख गणेश प्रसाद तिमल्सिनाले गर्नुभएको थियो । कार्यक्रम सञ्चालन नेफ्स्कून दाङ फिल्ड कार्यालयका इन्चार्ज बिष्णुदत्त जोशीले र कार्यक्रमको ब्यवस्थापन फिल्ड कार्यालय सहायक प्रकाश लुहार र दिनेश महराले गर्नुभएको थियो ।

# स्थानीय कला संस्कृति संरक्षणमा सहकारी




सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुरको सेवाकेन्द्र व्यवस्थापन उपसमिति, तेखापुखुको आयोजनामा एक महिने मादल बजाउने तालिम सञ्चालन भएको थियो । सदस्य र संस्था बीचको सम्बन्ध प्रगाढ बनाउन, मनोरञ्जन र स्वस्थ जीवनशैली विकास गर्न तथा संस्कृतिको जगेर्ना गर्न सकिने उद्देश्यले सञ्चालन गरिएको तालिममा ७ बर्षको बच्चादेखि ६० बर्षका बृद्धबृद्धा सम्मको सहभागिता रहेको थियो । महिनाभर (साउन २५ देखि भाद्र २५ सम्म) सञ्चालित तालिममा साकोसका सदस्यहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

संस्थाका अध्यक्ष राजन लाखाजुले संगीतको भाषा, वर्ण, जात र सीमाना नहुने र संगीतले मनोरञ्जनका साथसाथै स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पार्ने भएकोले मादल बजाउने तालिम पश्चात प्रशिक्षार्थीहरू साँस्कृतिक व्यक्ति भएको र संस्कृति जगेर्नाका लागि महत्वपूर्ण भूमिका निभाउन सक्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले सहकारी संस्थाहरू समुदायमा स्थापना भई समुदायमै रही सञ्चालन हुने भएकोले सदस्य र संस्थाबीच सम्बन्ध प्रगाढ बनाउन विभिन्न कार्यक्रमहरू तथा तालिमहरूको आयोजना गर्नुपर्नेमा जोड दिनुहुँदै संस्थाले प्रदान गर्ने लाभांश र उपस्थिति खर्चको आधारमा नभई संस्थाले प्रदान गर्ने सेवा/सुविधा तथा सदस्य केन्द्रीत कार्यक्रमहरूबाट संस्थाको मूल्याङ्कन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

तालिमको समापन गर्दै प्रमुख अतिथि नेमकिपाका केन्द्रीय सदस्य एवं बागमती प्रदेशसभा सांसद सृजना सैंजुले सिद्धि गणेश साकोस एक वित्तीय संस्था भएतापनि यस संस्थाले रासायनिक मल वितरण मार्फत कृषि क्षेत्रमा, विभिन्न साँस्कृतिक तालिम मार्फत सँस्कृति जगेर्ना तथा सीपमूलक तालिमहरू मार्फत समुदायको आर्थिक स्तर विकासमा पुऱ्याएको योगदानको प्रशंसा गर्नुहुँदै भक्तपुर नगरको सहकारी अभियानबाट अरू संस्थाहरूले सिक्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

तालिमका प्रशिक्षक राजकुमार मानन्धरले व्यक्ति अनुसार सिकाइ क्षमतामा फरक हुने तर देखासिकी र नक्कलले संगीतमा विद्या आर्जन गर्न सकिन्दैन भन्नुभयो । उहाँले मादलका ताल तथा बोलबारे सामान्य जानकारी दिनुहुँदै मादलमा बिशेषत ख्याली र झ्याली ताल बढी प्रचलित रहेको जानकारी दिनुभयो ।

संस्थाका व्यवस्थापक शिला गोसाईले हाल वित्तीय बजारमा सहकारी अभियानलाई दुरूत्साहित गर्ने नकारात्मक समाचारको बिगबिगी रहेको अवस्थामा पनि सिद्धि गणेश साकोसप्रति सदस्यहरूको विश्वासले हौसला दिएको र सिद्धि गणेश ऐन कानुन तथा सुशासनमा आधारित रही सञ्चालित रहेकोले सदस्यले ढुक्ककासाथ संस्थामा आर्थिक कारोवार गर्न आग्रह गर्नुभयो ।

कार्यक्रमका सभापति एवं आयोजक उपसमितिका संयोजक पञ्चरत्न सैंजुले जिल्लाको पश्चिमी भेगका सदस्यहरूलाई सहज सेवा दिने उद्देश्यकासाथ सिद्धिगणेशले तेखापुखु सेवा केन्द्रको स्थापना गरेको बताउनुभयो । सदस्यहरूलाई वित्तीय तथा गैरवित्तीय सेवा प्रवाह, सदस्य क्रियाशिलता अभिवृद्धि र बाल बचतकर्तादेखि सबै उमेर समुहका शेयर सदस्यहरूलाई आ-आफ्ना रूचि र आवश्यकता अनुसारका सीप तालिम उपलब्ध गराउने लक्ष्य साकोसले लिएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा प्रशिक्षार्थीद्वय शोभा बोहजु र रामकृष्ण मुलगुठीले तालिम सम्बन्धी आ-आफ्नो अनुभव आदान प्रदान गर्नुभएको थियो ।

# रुपन्देहीमा सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी अभिमुखीकरण

रूपन्देही बचत तथा ऋण सहकारी संघ लि. रूपन्देहीको आयोजनामा १ दिने "सहकारीमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अभिमुखिकरण कार्यक्रम" बुटवलमा भाद्र २८ गते सम्पन्न भएको छ । सम्पत्ति शुद्धीकरण सम्बन्धमा भएका प्रचलित ऐन नियम तथा सहकारी संस्थाहरूले पुरा गर्नु पर्ने कानुनी दायित्वका बारेमा जिल्लाका सहकारी संस्थाका प्रतिनिधिहरूलाई जानकारी गराइएको थियो ।

रूपन्देही बचत तथा ऋण सहकारी संघ लि.ले आफ्ना सदस्य संस्थाहरूको क्षमता अभिबृद्धिका लागि आयोजना गरेको अभिमुखीकरण कार्यक्रममा विभिन्न संस्थाका पदाधिकारी तथा व्यवस्थापकहरू गरि ८४ जना सहभागी भएका थिए ।

तालिमको शुरूवातमा संघका सञ्चालक तथा शिक्षा उपसमिति संयोजक भरतराज भूसालको अध्यक्षतामा संक्षिप्त उद्घाटन कार्यक्रम सम्पन्न भयो । संयोजक भूसालले सहकारीमा जनशक्ति विकासमा हुने खर्चलाई संस्थाले लगानीको रूपमा लिनु पर्ने र जनशक्ति विकासमा यथेष्ट ध्यान दिन अनुरोध गर्नु भयो । सञ्चालकहरू ब्यवस्थापक बन्ने र ब्यवस्थापकहरूलाई लेखापाल बनाएका संस्थाहरूमा संकट आएको बताउदै भूसालले ब्यवस्थापकहरूलाई सहि अर्थमा ब्यवस्थापक बनाउन उनिहरूको क्षमता विकास गर्न र संस्थामा लिखित विधि र कानुनको निशर्त परिपालनामा सबैलाई अपिल गर्नु भएको थियो ।

संघका अध्यक्ष प्रकास भट्टराईको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा अध्यक्ष भट्टराईले नीति, विधि र प्रविधि विना अव साकोस अभियान अगाडि नबढ्ने कुरा बताउनु भयो । उपाध्यक्ष कृष्ण चौहान क्षेत्रीले स्वागत मन्तब्य ब्यक्त गर्नु भएको थियो । संघका सञ्चालक रामप्रसाद आचार्य, नेफ्स्कून बुटवलका प्रमुख छत्रप्रसाद धमला र राष्ट्रिय सहकारी बैंक बुटवलका प्रबन्धक नारायण बेल्वासेले तालिमको सफलताको शुभकामना दिनुभएको थियो । संघका विभिन्न तलिमहरूले ग्रामिण क्षेत्रमा रहेका कम पुँजीका सहकारीहरूका लागि पनि सिकाइको अवसर दिएको हौसला बचत तथा ऋण सहकारी संस्था लि.का मथुरा भण्डारीको भनाई रहेको थियो ।

उक्त अभिमुखीकरण तालिमको सहजीकरण नेफ्स्कूनका कार्यक्रम अधिकृत मनोज खड्काले गर्नु भएको थियो । कार्यक्रमको सञ्चालन संघका ब्यवस्थापक तथा नेफ्स्कून सँगको साझेदारी कार्यक्रमका फोकल पर्सन सर्मिला भट्टराई गौतमले गर्नु भएको थियो । रूपन्देही बचत तथा ऋण सहकारी संघले यस अगाडि पनि नतिजामुखी र आवश्यकताका आधारमा विभिन्न तालिम दिने तथा सदस्य संस्थाको नीति तथा कार्यविधि बनाउने कार्यमा सहयोग गर्दै आइरहेको छ ।

# गुइत साकोस कर्ब्स कार्यक्रममा आबद्ध



ललितपुरको गुईटोलमा रहको गुईत बचत तथा ऋण सहकारी संस्था लि. कर्ब्स कार्यक्रममा आबद्ध भएको छ । कर्ब्स कार्यक्रम नेफ्स्कूनले सञ्चालन गरेको जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम हो ।

साकोसको कार्यालयमा आयोजित एक संक्षिप्त कार्यक्रमका बीच साकोसका अध्यक्ष ज्ञान बहादुर महर्जन र नेफ्स्कूनको तर्फबाट नेफ्स्कूनकी कार्यक्रम अधिकृत सोविता मैनालीले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रमले सहकारीको जोखिम पहिचान गरी सुरक्षित र दिगो सहकारी निर्माणमा सहयोग पुऱ्याउने अपेक्षा सहित कार्यक्रममा आबद्ध भएको साकोसका अध्यक्ष महर्जनले जानकारी गराउनुभयो ।

२०६६ सालमा ललितपुरको गुईंटोलमा स्थापना भएको गुइत बचत तथा ऋण सहकारी संस्थामा हाल ८ सय ४० सेयर सदस्य छन् भने साकोसको कुल पुँजी करिब १६ करोड रूपैयाँ रहेको छ ।

# बाबियाखर्क साकोसद्वारा तीज विशेष वित्तीय साक्षरता कार्यक्रम




काठमाडौंस्थित बाबियाखर्क बचत तथा ऋण सहकारी संस्था लि.ले भाद्र ४ गते आवद्ध सदस्यहरूका लागि तीज विशेष वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ । साकोसकी सञ्चालक सदस्य एवम् महिला उपसमिति संयोजक श्रीभा न्यौपानेको सभापतित्व र राष्ट्रिय सहकारी महासंघकी बरिष्ठ उपाध्यक्ष ओमदेबी मल्लको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा साकोसका समिति, उपसमिति साथै सदस्यहरू गरी २ सय जनाको सहभागिता रहेको थियो ।

प्रमुख अतिथि मल्लले हरितालिका तीज २०७९ को शुभकामना व्यक्त गर्दै धर्म संस्कृतीको जगेर्ना गर्न सहकारीको भूमिका महत्वपूर्ण रहेको, महिला सशक्तिकरण मार्फत नेतृत्व विकास गर्न गराउन सहकारी संस्थाहरू राम्रो स्थान भएकोले निर्णायक नेतृत्व तहमा पुग्न महिलाहरु पनि अध्ययनशील भई स्व-उत्प्रेरित हुन पर्नेमा जोड दिनुभयो ।

साकोसका अध्यक्ष ऋषिराज घिमिरेले उक्त कार्यक्रममा सदस्यहरूलाई बचत गर्ने बानीको विकास गराई आर्थिक रूपमा स्वावलम्बी हुन वित्तीय साक्षरता कार्यक्रमले सिकाउने धारणा ब्यक्त गर्नुभयो । साकोसले आर्थिक वर्ष २०७९।८० मा सदस्यमुखी कार्यक्रमहरू सञ्चालन गर्ने, सदस्यहरू सँग प्रत्यक्ष भेटघाट गरी संस्थाप्रति सदस्यहरूको प्रभाव सकारात्मक बनाउन विविध कार्यक्रम सञ्चालन हुने जानकारी गराउनुभयो । उहाँले अहिलेको आवश्यकता पनि सदस्यहरूसँगको सामिप्यता सकारात्मक रहनुपर्ने भएकोले साकोस र सदस्य एकआपसमा सौहार्दपूर्ण बातावरण निर्माण गरी, नियमित छलफल र संवादलाई जोड दिएर अगाडि बढ्न आव्हान गर्नुभयो ।

वित्तीय साक्षरता कार्यक्रम पछि साकोसले आयोजना गरेको निःशुल्क दरखाने कार्यक्रममा सहभागी भएर सदस्यहरूले नाचगान र मनोरञ्जन गरेका थिए ।

# नारी पर्व बचत शुभारम्भसँगै पिपलबोटका तीज विशेष कार्यक्रम

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-४ भैरवस्थानमा मुख्य कार्यालय रहेको पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि.ले महिला परिचालन उपसमितिको आयोजनामा हरितालिका तीज बिशेष कार्यक्रम तथा महिला लक्षित बचत योजना शुभारम्भ कार्यक्रम भदौ ४ गते सञ्चालन गरेको थियो ।

हरितालिका तीज २०७९ का अवसरमा साकोसले “नारी बचत नारी गर्व ढुक्क सँग मनाऊँ पर्व” मुल नारा राखी पिपलबोट नारी पर्व बचत योजना शुभारम्भ गरेको हो । नारी पर्व बचत योजनाको शुभारम्भ वीरेन्द्रनगर नगरकार्यपालिकाकी सदस्य टिका कुमारी घले, साकोसका अध्यक्ष बल बहादुर सार्की र कोषाध्यक्ष खेमराज रावतले संयुक्त रूपमा गर्नुभएको थियो ।

नारी पर्व बचत योजनामा साकोसका ३९० जना भन्दा बढि सेयर सदस्यहरूको सहभागिता रहेको थियो । महिला सदस्यहरूलाई बचत बृद्धि अभियानमा जोड्न पर्व बचत महत्वपूर्ण अवसरको रूपमा रहेको र आगामी दिनमा युवा तथा जेष्ठ नागरिक लक्षित बचत योजना सुरूवात गर्ने योजना समेत रहेको साकोसका अध्यक्ष बल बहादुर सार्कीले बताउनु भयो ।



साकोसमा हाल २ हजार ५ सय ९२ सेयर सदस्य रहेका छन । कुल सदस्य संख्याको महिला शेयर सदस्य ५६ प्रतिशत अर्थात १४ सय ५७ जना छन् । कुल बचतमा महिला सदस्यको मात्रै ६१ प्रतिशत बचत निक्षेप रहेको र पिपलबोट नारी पर्व बचत योजना शुभारम्भकै दिनमा ३१ जना महिला शेयर सदस्यहरूबाट रू.६० हजार बचत संकलन भएको प्रबन्धक रमेश खनालले जानकारी गराउनुभयो ।

चाडपर्व मनाउन गरिने खर्चमा मितव्ययी भएर सहकारीका सदस्यहरूलाई बचत गर्न प्रोत्साहन गर्ने कार्यक्रमको उद्देश्य रहेको प्रवन्धक खनालले बताउनुभयो ।

# अक्कु फोरम २०२२ सम्पन्न, अध्यक्षमा पुनः योनसुक किम निर्वाचित




"कोभिड १९ बाट पुर्नउत्थानका लागि हरित समावेशी तथा सामनाशक्ति विकासको मार्ग" (Greener, Inclusive, Resilient Path to COVID-19 Recovery) भन्ने थिम सहित एशियाली क्रेडिट युनियनहरूको फोरम २०२२, अगस्ट २९ देखि सेप्टेम्बर १ तारिख (२०७९ भाद्र १३ देखि १६) सम्म थाइल्याण्डको बैंककमा सम्पन्न भएको छ । फोरम सहभागिताका लागि नेपालबाट नेफ्स्कून, राष्ट्रिय सहकारी बैंक, सरकारी निकाय, सहकारी विभाग, प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाका पदाधिकारी, व्यवस्थापक र कर्मचारीहरूको सहभागिता रहेको थियो ।

फोरम आयोजक राष्ट्र सहित एशियाली मुलुकका १६ राष्ट्रहरूः अष्ट्रेलिया, बंगलादेश, इण्डोनेशिया, भारत, जापान, लाओ पिडिआर, साउथ कोरिया, मलेशिया, नेपाल, फिलिपिन्स्, सिंगापुर, श्रीलंका, ताइवान, थाइल्याण्ड, तिमोर लिस्ते, भियतनाम लगायतबाट ३ सय ३० क्रेडिट युनियनकर्मीहरूको प्रतिनिधित्व फोरममा रहेको थियो ।

फोरमको उद्घाटन सत्र प्रत्येक राष्ट्रले आ आफ्नो देशका राष्ट्रिय झण्डा फहराउँदै राष्ट्रिय गानसहित सुरू भएको थियो । एशियाली ऋण महासंघ अक्कुका अध्यक्ष योनसुक किमले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । अक्कुकी प्रमुख कार्यकारी अधिकृत एलिनिता भि सान्राक्योले कोभिडका कारण लामो समयपछि भौतिक उपस्थितिका बीच आयोजित अक्कु फोरमले धेरै खुसी थपेको बताउनुभएको थियो । कोभिडका सकारात्मक नकारात्मक पक्षको चर्चा गर्दै सिइओ लेनीले कोभिडका कारण धेरै र राष्ट्रको लागि महत्वपूर्ण भूमिका भएका व्यक्तिहरू गुमाउनुपर्दाको पीडा सुनाउनुभयो । उहाँले कोभिडका कारण स्वास्थ्य, आर्थिक र सामाजिक क्षेत्रमा ठूलो संकट सृजना गरेको बताउनुभयो । हामीले वातावरण परिवर्तनको असरलाई न्यूनीकरण गरेर भविष्यका पुस्तासम्मलाई वातावरण जोगाइराख्नुपर्नेमा सिइओ लेनीले जोड दिनुभयो ।

कार्यक्रममा अष्ट्रेलियन मिच्युअल फाउण्डेसन (एएमएफ) का ब्राइन व्यानेट, अष्ट्रेलियन मिच्युअल बैंकका सिइओ मार्क ओर्थिङ्टन लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

फोरमको उद्घाटन समारोहमा उत्कृष्ट कार्य गर्ने विभिन्न राष्ट्रका क्रेडिट युनियनहरूलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो । कोभिड महामारीमा उत्कृष्ट कार्य गर्ने फिलिपिन्सको तगुम कोअपरेटिभका प्रमुख कार्यकारी अधिकृत जुरिस पिरेजलाई उत्कृष्ट सम्मान प्रदान गरिएको थियो । विश्व ऋण परिषद् ओकु डिजिटल अवार्ड २०२१ NATCCO र PFCCO द्वारा निर्मित काया प्लेटफर्मलाई प्रदान गरिएको थियो । त्यसैगरी फिलिपिन्सको तगुम क्रेडिट युनियनले एक्सेस गोल्ड ब्राण्ड अवार्ड र ओरो इन्टिग्रेटेड कोअपरेटिभले

एक्सेस ब्रोञ्ज ब्राण्ड प्राप्त गरेका थिए ।

कार्यक्रममा सहभागी राष्ट्रका प्रतिनिधिहरूले आ आफ्ना देशका क्रेडिट युनियन अभियानका विषयवस्तुहरू प्रस्तुतीकरण गर्नुभएको थियो । अक्कुका प्रमुख प्राविधिक




अधिकृत रन्जित हिताराची र सिइओ लेनीले सहजीकरण गर्नुभएको कार्यक्रममा नेपालको तर्फबाट नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) का प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल, राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाईं र विकू बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत माधव प्रसाद पौडेलले बचत तथा ऋण सहकारी अभियानको अवस्था, अभियानको विकास र प्रवर्द्धनमा सरकारी निकायहरूको संलग्नता र प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरूको सदस्य सेवा प्रवाहको स्थितीका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

फोरमको दुई दिन आयोजक राष्ट्र र सहभागी राष्ट्रका विज्ञ व्यक्तिहरूद्वारा सामुहिक र ब्रेकआउट सत्र गरी करिब २ दर्जन फरक फरक विषयवस्तुहरू प्रस्तुतीकरण भएका थिए ।

फोरमको तेस्रो दिन एशियाली ऋण महासंघको ४१औं चुनावी साधारणसभा भएको थियो भने अन्य सहभागीहरूलाई थाइल्याण्डका विभिन्न ऐतिहासिक ठाउँहरूको भ्रमण गराइएको थियो । त्यसैगरी चौथो दिन फोरमका सहभागीहरूलाई थाइल्याण्डका उत्कृष्ट क्रेडिट युनियनहरूमा लगेर क्रेटिड युनियनका सफल अभ्यासहरूको आदान प्रदान गराएको थियो । थाइल्याण्डको एम्फो थ याङ फेक्टचबुरीमा रहेको Ban Song Credit UNION कोअपरेटिभ बैंक र नोङ्खानयाङ कोअपरेटिभ लिमिटेड भ्रमण गराइएको थियो ।

अक्कुको सेप्टेम्बर १ मा सम्पन्न १४औं साधारणसभाले पुनः कोरियाका योनसुक किमलाई आगामी कार्यकालका लागि अध्यक्षमा निर्वाचित गरेको छ । निर्वाचित नयाँ नेतृत्वमा थाइल्याण्डका डा. वीरा बोगसान प्रथम उपाध्यक्ष, ताइवानका ली चुन फेन कुलेरोक द्वितीय उपाध्यक्ष, फिलिपिन्सका निकोलस एम भ्यालेन्टाइन सचिव र भारतका ओमप्रकाश कोयटे कोषाध्यक्षमा निर्वाचित भएका छन् ।

एशियाली ऋण महासंघ ACCU, क्रेडिट युनियन लिग अफ थाइल्याण्ड CULT र थाइल्याण्डको बचत तथा ऋण सहकारी महासंघ FSCT को संयुक्त आयोजना रहेको अक्कू फोरमले महामारी र जलवायु परिवर्तनको प्रभावले क्रेडिट युनियनहरूको इच्छालाई सँधै चुनौति दिइरहेको, जसले आफ्ना सदस्यहरूको जीवनस्तर सुधार गर्न, गरिब र प्रभावित साथै विश्वव्यापी आय वितरणको तल्लो ६० प्रतिशत घरपरिवारको रूपमा रहेका सदस्यहरूको लागि आवश्यक रिकभरीका समावेशी र लचिलो उपायमार्फत परिवर्तनको अनुभव दिलाउन प्रयत्नरत रहने प्रतिबद्धता जनाएको थियो । सो अवसरमा FSCT को ५०औं बार्षिकोत्सव समारोह समेत मनाइएको थियो । बार्षिकोत्सव समारोहमा नेपालको समेत प्रतिनिधित्व रहेको थियो ।

अक्कुको ४१औं चुनावी साधारणसभामा नेपालको तर्फबाट नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून) का अध्यक्ष परितोष पौड्यालको उम्मेद्वारी रहेको थियो । साधारणसभाबाट नेपाल बैकल्पिक सञ्चालकको रूपमा रहेको छ । दोस्रो बैकल्पिक सञ्चालक बंगलादेश रहेको छ । भोटिङको आधारमा कम भोट प्राप्त हुने दुइ जनालाई बैकल्पिक सञ्चालकमा छनौट गर्ने व्यवस्था अक्कुमा रहेको छ ।

यस अघि नेपालको तर्फबाट अक्कूको बोर्डमा नेफ्स्कूनका पूर्व अध्यक्षहरू नियुक्त हुनुभएको थियो । नेफ्स्कूनका पूर्व अध्यक्ष मिनराज कडेल अक्कूको प्रथम उपाध्यक्ष र पूर्व अध्यक्ष ऋषिराज घिमिरे प्रथम उपाध्यक्ष हुँदै अक्कू फोरम २०१८ बाट अध्यक्ष को जिम्मेवारी प्राप्त गर्नुभएको थियो ।



# कास्की जिल्लाकै पुरानो सहकारी जनसेवा उत्कृष्ट बन्दै



पोखरा महानगरपालिकाको उत्तरी क्षेत्र मुल बजार देखी करिव १६ किलोमिटर उत्तर माछापुच्छ्रे हिम श्रृंङखलाको काखमा अवस्थित तत्कालीन पुरुन्चौर गा.वि.स.लाई कार्यक्षेत्र बनाई सञ्चालनरत जनसेवा बचत तथा ऋण सहकारी संस्थाको ३०औं वार्षिक साधारणसभा भाद्र २५ गते, शनिवार सम्पन्न भएको छ ।

२०५० भाद्र २१ गते कास्की जिल्लामानै २ नं दर्ता भएको जनसेवा साकोसले  ६८ जना सेयर सदस्यहरूबाट ६ हजार ८ सय रूपैंया पुँजी संकलन गरी सदस्यहरूमाफ वित्तीय सेवाको सुरूवात गरेको थियो ।

सानो पुँजी बाट साँघुरो कार्यक्षेत्र भित्र रहेर कार्यक्षेत्र भित्रका ८० प्रतिशत भन्दा बढी जनसंख्यालाई सेवा दिई रहेको जनसेवा साकोसको हाल को बासलात २९ करोड ६० लाख रहेको छ । १ हजार ९ सय ६४ जना शेयर सदस्य रहेको जनसेवा साकोसको कुल शेयर पुँजी ३ करोड, बचत निक्षेप २३ करोड, ऋण २४ करोड र संस्थाको जगेडा कोष १ करोड ८५ लाख रहेको छ ।

नेफ्स्कूनद्वारा प्रवर्द्धित नेपाल स्तरको गुणस्तर चिन्ह प्रोबेसन ब्राण्ड प्राप्त संस्था हाल एसिया स्तरको एक्सेस कार्यक्रममा अभ्यासरत रहेको छ । ग्रामिण क्षेत्रमा सञ्चालित जनसेवा साकोसले दशैंको घटस्थापना देखि पोखराको बगरमा सेवा केन्द्र सञ्चालनमा ल्याएको छ ।

सहकारी ऐन र नियमावलीको पालन गर्दै समुदायमा आधारित स्थानीय स्तरमा सञ्चालित यस जनसेवाले आ.ब ०७८/०७९ को मुनाफा बाट १२ दशमलव ५० प्रतिशत लाभांश प्रस्ताव पारित गरेको छ भने संरक्षित पुँजी फिर्ताबाट कारोबारको आधारमा ऋणमा तिरेको ब्याजको आधारमा ३ दशमलव ७२ र बचतमा प्राप्त गरेको ब्याजको आधारमा ४ दशमलव ५२ प्रतिशतको दरले सदस्यलाई लाभांश पारित गरेको छ ।

३०औं साधारण सभाका प्रमुख अतिथि नेफ्स्कूनका सञ्चालक कमला देवी गिरीले ग्रामिण स्तरमा रहेर संस्थाले अन्य बैंक तथा वित्तिय संस्थाको पहुँचबाट टाडा रहेका ब्यक्तिहरूलाई वित्तीय सेवा प्रदान गरेको र सुरक्षित तवरबाट सञ्चालन गरेको बताउनु भयो ।

कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष चेतनाथ गौतमले गर्नूभएको थियो भने कार्यक्रम सञ्चालन सचिव दान बहादुर भुजेलले गर्नु भएको थियो ।

उक्त अवसरमा संस्थाले आ.ब. ०७८/०७९ मा तपशिल बमोजिमको विधामा उत्कृष्टता हासिल गर्ने सदस्यहरूलाई सम्मान गरेको थियो ।

१) जेष्ठ सदस्य सम्मान
२) पुर्व अध्यक्ष हरू मध्येबाट ७० बर्ष उमेर पुरा हुनु भएका अध्यक्षहरू
३) एस.ई.ई. सामुदायिक विद्यालयबाट उत्कृष्ट अङ्क ल्याउने शेयर सदस्यका छोरा छोरीहरू
४) बर्षको उत्कृष्ट कारोबारकर्ता
५) उत्कृष्ट सुझाव कर्ता
६) उत्कृष्ट बाल बचत कर्ता
७) बर्षको उत्कृष्ट बचत कर्ता
८) बर्षको सर्बोत्कृष्ट सदस्य
९) उत्कृष्ट शेयर खरिद कर्ता

लगायतका विधामा सम्मान गरिएको थियो । सम्मानित हुनेहरूलाई संस्थाले पुरस्कार स्वरूप संस्थाको शेयर प्रदान गरेको थियो ।

**आगामी कार्यक्रमहरूः**

१) कार्यक्षेत्र विस्तार र माछापुच्छ्रे गाउँपालिकामा कार्य क्षेत्र विस्तार र सेवा केन्द्र सञ्चालन
२) कृषक सँग जनसेवा कार्यक्रम सञ्चालन ।
३) वित्तीय साक्षरता कार्यक्रम
४) ३० बर्ष भन्दा कम उमेर समुहका सदस्य विस्तारमा जोड
५) व्यावसायिक कृषि, पशुपालन र मासु जन्य उत्पादनका लागि ऋण लगानीमा ब्याजदरमा विशेष छुट ।
६) लघु ऋणको विमा कार्यक्रम जस्ता कार्यक्रमहरू चालु आ.व.मा साकोसले अगाडि सारेको छ ।

# ललितपुर जिल्ला बचत संघमा पुनः बजगाईं




ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मा रामहरि बजगाई पुनः दोस्रो कार्यकालका लागि अध्यक्षमा निर्वाचित हुनुभएको छ । बचत संघको भाद्र २७ गते सोमबार भएको निर्वाचन सहितको २८औं वार्षिक साधारणसभाले पुनः रामहरि बजगाईंको अध्यक्षतामा नयाँ सञ्चालक समिति निर्वाचित गरेको हो । संघमा रामहरि बजगाई र नरेन्द्र महर्जनबीचको दुई प्यानलबीच निर्वाचन प्रतिस्पर्धा भएको थियो । अध्यक्ष पदमा निर्वाचित बजगाईले २२५ मत ल्याउनुभएको थियो भने उहाँका प्रतिष्पर्धी नरेन्द्र महर्जनले १३३ मत ल्याउनुभएको थियो ।

निर्वाचनले रामहरि बजगाईं प्यानलबाट १५ जना, सचिव पदमा स्वतन्त्र उम्मेदवारी दिएका श्यामकृष्ण महर्जन र नरेन्द्र महर्जनको प्यानलबाट २ जना गरी १८ जना विजयी गरेको छ । समितिको बरिष्ठ उपाध्यक्षमा करूणारन्त बज्राचार्य, उपाध्यक्षमा लक्ष्मी शाक्य, कोषाध्यक्षमा बसन्त मालि, लेखा सुपरिवेक्षण समितिको संयोजकमा सानुकाजी महर्जन, लेखा समितिको सदस्यमा कान्छा बज्राचार्य र लक्ष्मी श्रेष्ठ निर्वाचित भएका छन् भने सञ्चालक समितिको सदस्यमा १० जना निर्वाचित भएका छन् ।

# नेफ्स्कूनद्वारा ललितपुर जिल्ला बचत संघका नवनिर्वाचित सञ्चालक समितिलाई बधाई तथा शुभकामना




नेफ्स्कूनले ललितपुर जिल्ला बचत संघका नवनिर्वाचित सञ्चालक समितिलाई बधाई सँगै सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ । भाद्र ३१ गते संघको केन्द्रीय कार्यालयमा एक संक्षिप्त कार्यक्रम आयोजना गरी बचत संघका नवनिर्वाचित सञ्चालक समितिलाई बधाई शुभकामनाका साथै द्धिपक्षीय सहयोग, सहकार्यका सम्भावनाहरूका बारेमा प्रारम्भिक छलफल समेत गरेको थियो ।

भाद्र २७ गते बचत संघको २८औं वार्षिक साधारणसभाबाट रामहरी बजगाईको अध्यक्षतामा नयाँ सञ्चाकल समिति निर्वाचित भएको थियो ।

कार्यक्रममा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले केन्द्रीय संघ र जिल्ला बचत संघ बीचको सहकार्यात्मक सम्बन्ध विस्तारलाई थप प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले अबको बचत ऋण सहकारी अभियानको विकास र समृद्धिका लागि 'डाइनामिक' नेतृत्वको आवश्यकता रहेको चर्चा गर्दै सबल नेतृत्व क्षमताविना सहकारीमा परिवर्तन सम्भव नरहेको बताउनुभयो । सबल नेतृत्व क्षमता सहित अभियानमा जागरण, सशक्तिकरण र गुणस्तर सुनिश्चितताको आवश्यकता औल्याउँदै अध्यक्ष पौड्यालले वित्तीय सवलतामा अभियानबीचको ऐक्यबद्धता जरूरी रहेको बताउनुभयो ।

उहाँले अभियानका जति पनि समस्या छन्, समस्या केन्द्रीय संघतर्फ उन्मुख हुने र समाधानका विषयहरू प्रारम्भिक संस्थातर्फ लाने विषय जिल्ला संघहरूमार्फत समन्वय हुनुपर्नेमा

जोड दिनुभयो ।

ललितपुर जिल्ला बचत संघका नवनिर्वाचित अध्यक्ष रामहरी बजगाईंले सहकारी अभियानका विद्यमान असहजताहरूलाई हटाउँदै नेफ्स्कून र बचत संघबीचको सामिप्यता, सौहार्दता र व्यावसायिक सम्बन्ध विस्तारका आधारहरू विकास गर्दै अगाडि बढ्न बचत संघ प्रतिबद्ध रहेको बताउनुभयो । नेफ्स्कून सँधै अभिभावकको रूपमा रहेको र बचत तथा ऋण सहकारी अभियानको विकास, प्रवर्द्धन र सुशासनको सबालमा केन्द्रीय संघले सँधै अपनत्व लिएर सबै जिल्ला बचत संघहरूलाई सामिप्यताको भावनाले व्यवहार गर्न अनुरोध गर्नुभयो । उहाँले पछिल्लो समय सहकारी अभियानमा तरलता अभावको समस्या बढ्दो देखिएको तर्फ संकेत गर्दै यसको समाधानका लागि सन्दर्भ ब्याजदर निर्धारण समितिले पनि छिट्टै एउटा निर्णय गरेर अगाडि बढनुपर्नेमा जोड दिनुभयो ।

सहकारी अभियानको गुणस्तर सुनिश्चितताको सबालमा जिल्ला बचत संघ गम्भीर रहेको र छिट्टै प्रोबेसन कार्यक्रमा जोडिने तयारीमा लागेको उहाँले बताउनुभयो । हाल ३ प्रकारका मोडेलमा सहकारी सञ्चालन भइरहेको प्रसङ्ग उल्लेख गर्दै अध्यक्ष बजगाईले पहिलो अत्यन्त सुशासित, दोस्रो मध्यम र तेस्रो हावाको भरमा स्थापित, यी सबैलाई नियमसंगत बनाउन केन्द्रीय संघ र जिल्ला बचत संघबीचको स्वतन्त्र संयन्त्र निर्माण गरी काम गर्न बचत संघ प्रतिबद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा नेफ्स्कूनका सञ्चालक सदस्य न्हुच्छे नाराणण श्रेष्ठले नवनिर्वाचित सञ्चालक समितिलाई बधाई तथा शुभकामना व्यक्त गर्दै जिल्ला बचत संघ र नेफ्स्कूनबीचको सामिप्यताले अभियानको सबलीकरणमा ठोस योगदान पुग्ने विचार व्यक्त गर्नुभयो । बजारिया सहकारीलाई नियमन गरेर सुशासित सहकारी अभ्यासको पाठ सिकाउन जिल्ला बचत संघको भूमिका अझ प्रगाढ रहने विश्वास व्यक्त गर्दै सफल कार्यकालका लागि बधाई एवम् शुभकामना प्रदान गर्नुभयो ।

नेफ्स्कूनकी सञ्चालक सदस्य मन्दरा मिश्रले संघका नवनिर्वाचित अध्यक्ष आफैमा डाइनामिक र पुनः दोस्रो कार्यकालका लागि निर्वाचित भएकोले पनि नयाँ टिमसँगको सामिप्यतालाई बढाएर अभियान सुदृढीकरणमा ठोस योगदान पुऱ्याउने विश्वास अभियानले लिएको बताउनुभयो ।

कार्यक्रममा जिल्ला बचत संघका पदाधिकारी, सञ्चालक सदस्यहरू, लेखा सुपरिवेक्षण समितिका सदस्यहरू, नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल, विभागीय प्रमुख गणेश प्रसाद तिमल्सिना, राधेश्याम श्रेष्ठ, ललितपुर फिल्ड कार्यालय इन्चार्ज दिनेश गौतम लगायत कर्मचारी उपस्थित हुनुहुन्थ्यो ।

कार्यक्रम सहजीकरण संघका सदस्य सेवा विभाग प्रमुख गणेश प्रसाद तिमल्सिनाले गर्नुभएको थियो ।

# चार सहकारीकर्मीलाई सुप्रबल जनसेवाश्री सम्मान घोषणा

आठौं संविधान दिवस २०७९ (असोज ३) को अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीबाट चार सहकारीकर्मीलाई मानपदवी, अलङ्कार र पदकद्वारा विभूषित गर्ने घोषणा भएको छ ।

राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याय वापत सुप्रवल जनसेवाश्री सम्मानका लागि सहकारी अभियन्ता राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेल, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी.उप्रेती, जनउत्थान बचत तथा ऋण सहकारी संस्था लि.,रूपन्देहीकी अध्यक्ष ज्ञानु पौड्याल र सन्तानेश्वर नौधारा बचत तथा ऋण सहकारी संस्था लि., ललितपुरकी अध्यक्ष शशी खड्का (गुरूङ) घोषित हुनुभएको छ ।

त्यसैगरी बागमती प्रदेश सहकारी विभागका रजिष्ट्रार नारायणप्रसाद ज्ञवाली पनि सुप्रबल जनसेवाश्री पदकका लागि विभूषित घोषित हुनुभएको छ ।

सरकारको सिफारीसमा राष्ट्रपति विद्यादेवी भण्डारीबाट विभूषित घोषित हुने करिब एक हजार जनामध्येमा सहकारी क्षेत्रबाट चार जना र प्रदेश सहकारी रजिष्ट्रार ज्ञवाली गरी ५ जना चयन हुनुभएको हो । संविधान दिवसको अवसरमा घोषणा गरिएको मानपदवी नयाँ वर्ष, बैशाख १ गते प्रदान गर्ने गरिएको छ ।

सुप्रबल जनसेवाश्री पदकबाट विभूषित घोषित सहकारीकर्मीहरू र प्रदेश सहकारी रजिष्ट्रार ज्ञवालीलाई हार्दिक बधाई तथा शुभकामना ।



# सहकारी सिद्धान्तमा अब्बल बन्दै मोरङको शनिश्चरे साकोस




मोरङको पथरी शनिश्चरेमा अवस्थित शनिश्चरे बचत तथा ऋण सहकारी संस्था लि.को २१औं वार्षिक साधारणसभाले नयाँ नेतृत्व चयन गरेको छ । साकोसका अध्यक्ष एकराज निरौलाको निरन्तरको मेहनत र परिश्रमले शनिश्चरे साकोसलाई प्रगतिउन्मुख बनाएको छ । २०५९ कात्तिक ३ गते स्थापना भएको शनिश्चरे साकोस पथरी बजारबाट करिब ५ किलोमिटर दक्षिणमा पर्छ । स्थानीय ग्रामिण समुदायमा केन्द्रीत सहकारी जसमा निम्न र मध्यम आय भएका सदस्यहरूको बाहुल्यता रहेको छ । विशेष गरी सुकुम्बासी क्षेत्रका समुदायको आवद्धता साकोसमा उच्च रहेको पाईन्छ । १ हजार ५ सय ४६ सदस्य रहेको साकोसको कुल कारोबार करिब ६ करोड ५० लाख पुगेको छ ।

जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रममा समेत आवद्ध पथरी शनिश्चरे साकोस वित्तीय कारोबारमा सानो भएपनि सहकारीको सिद्धान्त, नीति र विधिको परिपालनामा भने अब्बल छ । विभिन्न समिति उपसमिति निर्माण गरी नीति तथा कार्यविधि मार्फत मात्रै सहकारी सञ्चालन र वित्तीय कारोबार सम्बन्धी निर्णय गर्ने गरिएको साकोसका अध्यक्ष निरौलाले जानकारी दिनुभयो ।

सहकारी सिद्धान्तमा अब्बल शनिश्चरे साकोसलाई मोरङ जिल्ला बचत संघले उत्कृष्ठ सहकारीमा सम्मानित समेत गरिसकेको छ ।

धेरै सदस्य र वृहत्त पुँजी संकलन गरेका केही सहकारीहरूमा पछिल्लो समय देखिएको वित्तीय अपचलन विषयका समाचाहरूले प्रमुखता पाइरहेका अवसरमा शनिश्चरे साकोसको कछुवा गति र सहकारी सिद्धान्तको असल अभ्यासले वास्तविक सहकारीको पहिचान स्थापित गराउन सफल भएको छ । स्थानीय समुदाय र सदस्यको सुख दुःखको साथी भएर शनिश्चरेले असल छवि स्थापित गरेको छ भने सदस्यहरूको वित्तीय आवश्यकता पनि बखुवी निभएको छ ।

शनिश्चरे साकोसको विकास र प्रवर्द्धनका लागि लगातार १६ बर्षदेखि विभिन्न पदमा रहेर नेतृत्व सम्हाल्दै आउनुभएका एकराज निरौलाले नेतृत्व हस्तान्तरण गर्दै नयाँ नेतृत्वलाई अभिभावकत्व प्रदान गर्ने बचनबद्धता व्यक्त गर्नुभएको छ । ३ कार्यकाल अध्यक्षको जिम्मेवारीमा रहि साकोसलाई नीति, विधि, प्रविधि र पद्धतिमा हिडाउन गरेका अथक प्रयासलाई जोगाउँदै संस्थालाई गतिशिलता र उर्जा प्रदान गर्न उर्जाशिला नयाँ नेतृत्व र युवा जोससहितको सञ्चालक समिति स्थापित भएकोमा सुखानुभूति भएको उहाँले स्पष्ट पार्नुभएको छ । अध्यक्ष निरौला जिल्ला बचत संघ मोरङको सचिव हुनुहुन्छ भने नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को उद्यमशीलता उसमिति सदस्य समेत हुनुहुन्छ ।

**साधारणसभाबाट नवनिर्वाचित सञ्चालक र लेखा समिति**

शनिश्चरे साकोसको भाद्र २५ गते शनिबार सम्पन्न २१औं बार्षिक साधारणसभाले खगेन्द्र प्रसाद दाहालको अध्यक्षतामा १२ सदस्यीय सञ्चालक समिति र मान बहादुर गुरूङको संयोजकत्वमा ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति निर्वाचित भएको छ । समितिको उपाध्यक्षमा (खुल्ला) दिपेन्द्र पाण्डे, (महिला) उपाध्यक्ष तुलसा न्यौपाने, सचिव थानेश्वर भट्टराई, सहसचिव पवित्रा ओडारी, कोषाध्यक्ष महेन्द्र बहादुर कार्की, सदस्यहरूमा विष्णु अधिकारी (खुल्ला), टेकबहादुर थापा, ज्ञानेन्द्र दाहाल, बसन्त तामाङ, सदस्य (महिला) मञ्जु फुयाल उप्रेती, विन्दा भट्टराई न्यौपाने, विन्दा गौतम पौडेल रहनुभएको छ । त्यसैगरी लेखा सुपरिवेक्षण समिति तर्फ संयोजक मान बहादुर गुरूङ र सदस्यहरूमा भवनाथ पोखेल र अमृता तामाङ चयन हुनुभएको छ ।

Be READY to fight
#coronavirus

Be **SUPPORTIVE** Be **CAREFUL** Be **Alert** Be **KIND**

*For the latest health advice, go to:* **www.who.int/COVID-19**

# सयपत्री नारी विकासको अविश्रामित विकास यात्रा





सुनसरीको धरानस्थित सयपत्री नारी विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेडले अविश्रामित विकास यात्रा थालनी गरेको छ । २०५८ सालमा २८ जना सेयर सदस्यहरूबाट सुरू भएको सयपत्री नारी विकासले निरन्तर विकासको सिंढी उक्लिरहेको छ । साकोसमा हाल ९ सय २५ सेयर सदस्य छन् । व्यवस्थापक अमृता राईले भाद्र २५ गते साकोसको २१औं वार्षिक साधारणसभाका अवसरमा आर्थिक प्रतिबेदन प्रस्तुत गर्दै ३३ लाख ५० हजार ७ सय ९४ रूपैयाँ खुद बचत भएको जानकारी गराउनु भयो । साकोसको कुल बचत निक्षेप ७ करोड ७३ लाख २० हजार ६३१ रूपैयाँ र कुल चुक्ता शेयर पुँजी १२ करोड ५५ लाख ६९ हजार रूपैयाँ रहेको बताउनुभयो ।

साधारणसभाको उद्घाटन साकोसकी जेष्ठ सेयर सदस्य (७९ वर्ष) बाल कुमारी भट्टराईको हातबाट भएको थियो । कार्यक्रममा प्रदेश नं. १, सहकारी संघ की उपाध्यक्ष सारदा थापा मगर, धरान उपमहानगरपालिका वडा नं. १२ कि नगरसभा सदस्य चुन्नु थापा मगर (सस्थाकी पुर्व अध्यक्ष), नगरसभाका जनप्रतिनिधि झरना मुखिया, शान्ती त्रीखत्री, साकोसका पूर्व अध्यक्षहरू सीता दाहाल, रेणुका शाक्य लगायत करिब ५०० सेयर सदस्यहरूको उपस्थिति रहेको थियो ।

साकोसकी अध्यक्ष रिता दाहालले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सदस्य राहत योजना अनुरूप १२ प्रतिशतमा स्कुटी लोनको अवधारणा ल्याएको बताउनु भयो । उहाँले मृत्यु राहत स्वरूप बाल सदस्यको मृत्यु भए ५ हजार रूपैयाँ सेयर सदस्यको पतिको मृत्यु भएमा १० हजार रूपैयाँ र सेयर सदस्य कै मृत्यु भएमा २५ हजार रूपैयाँ परिवारलाई प्रदान गरिदै आएको बताउनु भयो । त्यसैगरी यसै आर्थिक बर्ष देखि लागू हुने गरि क्यान्सर, मृगौला, मुटु र पक्षघात पीडित सेयर सदस्यलाई औषधि उपचारको लागि सहयोग पुगोस भन्ने हेतुले १५ हजार रूपैयाँ सहयोग गरिने निर्णय साधारणसभाले पारित गरेको अध्यक्ष दाहालले प्रस्तुतीका क्रममा जानकारी गराउनुभयो ।

साकोसको सञ्चालक समिति र व्यवस्थापन टिम साकोसको विकास र सुदृढीकरणका लागि निरन्तर क्रियाशिल रहँदै आएको र यसमा प्रत्यक्ष साथ सहयोग सेयर सदस्यहरूको रहेको अध्यक्ष दाहालले बताउनुभयो ।

साधारणसभाका अवसरमा साकोसले यस असार मसन्तमा ७० बर्ष पुगेका २ जेष्ठ सेयर सदस्यलाई सम्मान गर्दै १४ जना जेष्ठ सेयर सदस्यहरूलाई सयपत्री भत्ता प्रदान गरेको थियो । लगनशील ब्यवसायी, उत्कृष्ट ऋणी लगायतका विभिन्न ५ विधामा १४ जानालाई प्रोत्साहन पुरस्कार प्रदान गरिएको थियो । सेयर सदस्यका छोरा छोरी मध्ये एस.इ.इ.मा उत्कृष्ट अङ्क प्राप्त गर्ने ४ जना विद्यार्थीलाई पनि नगद सहित प्रशंसा पत्र प्रदान गरिएको थियो ।

साकोसको सातौं अधिवेशनबाट कमला खनाल भट्टराई को अध्यक्षतामा ७ सदस्यीय सञ्चालक समिति र प्रमिला दाहालको संयोजकत्वमा ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति निर्विरोध चयन गरेको छ । समितिको उपाध्यक्षमा शुष्मा शाक्य र सदस्यहरूमा उर्मिला लिम्बु, राधिका लिम्बू, एलिसा दहाल, इन्दिरा ओझा, सिमा खत्री चयन हुनुभएको छ ।

त्यसैगरि लेखा सुपरिवेक्षण समिति संयोजक प्रमिला दाहाल, सदस्यहरू सबित्री राई र सर्मिला लुङेली सहितको ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति चयन भएको छ ।

# काठमाडौं साकोस समिट २०७९
## सहकारीमा सुशासन र शुद्धीकरण कायम गर्ने प्रतिवद्धता



सहकारीमा सुशासन र शुद्धीकरण कायम गर्ने प्रतिवद्धतासहित काठमाडौं बचत तथा ऋण सहकारी संघ लि. (कास्कून) को आयोजनामा सञ्चालित "काठमाडौं साकोस समिट २०७९" ९ बुँदे घोषणापत्र जारी गर्दै साउन २१ गते सम्पन्न भएको छ ।

कास्कूनका अध्यक्ष दिपक पनेरूको अध्यक्षतामा आयोजित कार्यक्रमको उद्घाटन सहकारी विभागका रजिष्ट्रार रूद्र प्रसाद पण्डितले गर्नुभएको थियो । साकोसका विद्यमान समस्या समाधानका उपाय पहिल्याउने उद्देश्यसहित आयोजित गोष्ठीमा सहकारी सम्बन्धी विविध विषयहरूमा विभिन्न विषयविज्ञहरूले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यपत्रमाथिको छलफल पश्चात गोष्ठीमा सहभागी सहकारीकर्मीहरूले 'अभियानको शुद्धीकरण र सुशासन कायम गरी समृद्ध एवं आत्मनिर्भर समाज निर्माणको उच्च संकल्पसहित' प्रतिवद्धता पत्र जारी भएको थियो ।

**काठमाडौं बचत तथा ऋण सहकारी संघ लि.(कास्कून)**

**काठमाडौं साकोस समिट २०७९**

**प्रतिवद्धता पत्र**

विश्वव्यापी कोभिड १९ प्रभावको सामना गर्दै काठमाडौं जिल्लाको साकोस अभियान पुनर्जागरण गराउन विभिन्न सरोकारवाला पक्षहरूसँगको सहकार्यमा काठमाडौं बचत तथा ऋण सहकारी संघ (कास्कून) द्वारा "**साकोस समस्या समाधान**" भन्ने मूल भाव (Themes) का साथ २०७९ श्रावण २१ गते काठमाडौंमा आयोजित साकोस समिटमा विभिन्न विषयविज्ञहरूबाट प्रस्तुत कार्यपत्र तथा गहन छलफलको निश्कर्ष स्वरूप नेपालको साकोस अभियानलाई दीगो, सञ्चालिकृत र गुणात्मक बनाउनमा महत्वपूर्ण योगदान पुग्ने कुरामा विश्वस्त हुँदै हामी सहकारीकर्मीहरू अभियानको शुद्धीकरण र सुशासन कायम गरी समृद्ध एवम् आत्मनिर्भर समाज निर्माणको उच्च संकल्पसहित यो ९ बुँदे साझा प्रतिवद्धता पत्र जारी गर्दछौं ।

१. बचत तथा ऋण सहकारीको अन्तर्राष्ट्रिय अभ्यास र राष्ट्रिय आवश्यकताको आधारमा स्वनियमन अभ्यासलाई मर्यादित एवम् व्यवस्थित रूपमा अंगिकार गरी संस्था सञ्चालन गर्न प्रतिवद्ध छौं । साथै संघहरूबाट गरिने अनुगमन एवं सुपरिवेक्षणमा सक्रिय सहभागिताका लागि प्रतिवद्ध छौं ।
२. संस्थाको जोखिम पक्षहरूको पहिचान गरी न्यूनीकरण गर्न र योजना निर्माण र कार्यान्वयन गरेर व्यवस्थापन गर्न प्रतिवद्ध छौं ।
३. साकोस अभियानमा सिर्जित वित्तीय एवम् प्राविधिक श्रोतको व्यवस्थापन र उपयोग सञ्जाल भित्र केन्द्रित गर्न प्रतिवद्ध छौं ।
४. सहकारी विभागले अगाडि सारेका प्रवर्द्धनात्मक र निर्देशनात्मक कार्यक्रममा विषयगत जिल्ला तथा केन्द्रीय संघ र विभागसँग समन्वय गरी एकरूपता कायम गर्न प्रतिबद्ध छौं ।
५. काठमाडौं जिल्लामा सञ्चालित सम्पूर्ण बचत तथा ऋण सहकारी संस्थाहरूलाई जोखिममा आधारित साकोस सुपरिवेक्षण, स्तरीकरण र स्थिरीकरण कार्यक्रममा आवद्ध गर्ने प्रतिवद्धता जाहेर गर्दछौं र गराउन पहल गर्ने छौं ।
६. महासंघ संघहरू, विभाग, प्रदेश सरकारको आयोजनामा सञ्चालन हुने सहकारी शिक्षा, तालिम र गोष्ठीहरूमा अनिवार्य रूपमा सञ्चालक एवं व्य( वस्थापनबाट सहभागी हुन गराउन पूर्ण प्रतिवद्ध छौं ।
७. संस्थागत पुँजी वृद्धि गर्ने उपायहरू अवलम्वन गर्न प्राथमिकताका साथ लाग्ने छौं र वित्तीय मापदण्ड पुरा गर्दै जान प्रतिवद्ध छौं ।
८. अधिक दाहोरो सदस्यता भएका संस्थाहरू अनिवार्य एकीकरणमा जान वा लैजान आफैबाट शुरू गर्ने र अगुवाई समेत गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।
९. बचत तथा ऋण सहकारी संस्थाहरूको प्रवर्द्धन, विकास, अनुगमन र स्वनियमन प्रणालीलाई प्रभावकारी बनाई समुदायको वित्तीय कारोबारलाई स्वस्थ, मर्यादित एवं प्रभावकारी रूपमा व्यवस्थित बनाउन वित्तीय सहकारी ऐन जारी गराउन संघले गर्ने वहस पैरवीमा ऐक्यबद्धता सहित योगदान गर्न प्रतिबद्ध छौं ।

अभियानमा हाल देखा परेका र भविष्यमा पर्न सक्ने समस्याहरू सरकार, अभियान (संघहरू) र संस्था एकजुट भई समाधान गर्न सहमत भई यो प्रतिबद्धता पत्रमा उल्लेखित बुँदाहरूलाई पूर्णत कार्यान्वयन गर्ने सामूहिक प्रतिबद्धता जारी गर्दछौं ।

# सहकारी सन्दर्भ ब्याजदरमा न्यायिक सम्बोधन जरुरी छ : अध्यक्ष पौड्याल




आजको गहन विषय सन्दर्भ ब्याजदर सँग जोडिएको छ । सहकारीको सन्दर्भ ब्याजदर भन्दा पनि समष्टिगत रूपमा तानेको विषय भनेको सहकारी ऐन, २०७४ को प्रभावकारी कार्यान्वयन जोडिएको हुँदा जुन कुराको आवश्यकता छ, त्यसको कार्यान्वयनमा जाने वातवरण बन्दा अहिले देखिएका समस्या सहकारी अभियानमा देखिदैनन् ।

जुन कुरो सहकारी अभियानमा अहिले तत्काल आवश्यक छ, त्यो नगर्ने जुन कुरा सहकारी अभियानलाई साँघुर्‍याउन सकिन्छ, त्यो कुरो निर्देशनका रूपमा परिपालना गर्नुपर्ने, मागदर्शनको रूपमा आउने त्यो विषय अलि जटिलता तिर गयो । त्यो विषयमा हाम्रो ध्यानाकर्षण भएको छ । ऐनको कार्यान्वयनको विषय महत्वपूर्ण विषय हो । त्यो कहाँबाट शुरू हुन्छ भन्दा वित्तीय सुशासन कायम गर्ने विषय ३० प्रतिशत र ७० प्रतिशतको सबाल, त्यसैगरी दोहोरो सदस्यताबाट सुरू हुन्छ । त्यसैगरी ऋण अशुली न्यायाधिकरण, कालो सूचि, कर्जा सूचना केन्द्र, बचत सुरक्षण कोष लगायतका विषयहरूबाट सुरू हुन्छ । हामीले अहिले प्राप्त गरेका उपलब्धीहरूलाई कार्यान्वयन गर्न नसकेको अवस्था । एउटा मात्रै टुप्पो समाउँदाखेरी देखा परेका समस्या हुन यी । अब हामीले एउटा दृष्टिकोण बनाउँदा एउटा हात्तिको परिकल्पना गर्‍यौं भने हात्ति यस्तो हुन्छ भनेर पुच्छर मात्रै समाउने र डोरी मात्रै देख्ने हुन्छ । अहिले हाम्रो राज्यव्यवस्था प्रणाली अर्थात मन्त्रालयले पुच्छर मात्रै समातेको स्थिति छ । यो ब्याजदरको विषय त्यही पुच्छर मात्रै समातेको स्थिति हो ।

समष्टिगत रूपमा सहकारी ऐन, २०७४ को परिपालनाको विषय प्रभावकारी कार्यान्वयनको विषयमा जाँदा यो समस्या कुनै पनि ढंगले आउने थिएन । हामीले भनिरहेको त्यही हो । यदि सन्दर्भ ब्याजदरको विषय जुन ढंगले आयो

***नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) का अध्यक्ष परितोष पौड्यालले असोज ५ गते, बुधबार सिजेएन ले राजधानीमा राखेको सन्दर्भ ब्याजदर विषयक छलफल कार्यक्रममा राख्नुभएको विचारको सम्पादित अंशः***

यो नीतिगत रूपमा लगत ढंगले आयो । ऐन अर्थात नियमावलीमा गलत ढंगले लेखिएको छ । अब ऐनको परिपालना गर्दिन भनेर न राज्यले सुख पाउँछ न परिपालना गर्दिन भनेर अभियानले सुख पाउँछ । हामीले ऐन संशोधनको प्रयास गर्ने हो । त्यसका सम्भावनाका दुईटा पाटा हामीले देख्यौं, एउटा पाटो कानुनमा कुनै पनि कुराको निश्कर्षमा पुग्नुभन्दा अगाडि आधारलाई छलफल गर्ने दुइटा मापदण्ड हुन्छन् । एउटा लिटरल इन्टरप्रिटेशन शाब्दिक ढंगले व्याख्या गर्ने कुरो अर्को मनसाय बुझेर गोल्डेन इन्टरप्रिटेशन गर्ने कुरो दुईटा कुरो हामीले कानुनत देख्यौं । अहिले जुन विषय सन्दर्भ व्याजदरको विषय नियमावलीमा राखिएको छ त्यसैलाई अलि लचक ढंगले छलफलमा ल्याउनुपर्छ र गोल्डेन इन्टरप्रिटेशनको आधारमा व्याजदर समयसापेक्षित र स्वचालित बनाउनुपर्छ भन्ने विषयमा अघिल्लो पटक हामीले व्याजदर निर्धारण समितिको बैठकमा गम्भीरतापूर्वक छलफल गरेका थियौं । त्यसपछि हामीले सोही अनुसारको संशोधनको प्रयास गरौं । आवधिक रूपमा तीन तीन महिनामा समितिको वैठक राखौं अनि ऐन संशोधनको अध्यादेश गरौं भनेर हामीले एक चरणको सैद्धान्तिक सहमति गरेका थियौं । त्यो मन्त्रालयको तहमा, विभागको तहमा र संस्थाको तहमा सन्दर्भ समितिले त्यो निर्णय गरेको छ । त्यो निर्णय गरेको कुरा कार्यान्वयनमा जाने खालको कुरामा विभिन्न ढंगले धारणा बनाउर वस्यौं । आज हामी महिनौ भइसक्यौ त्यो बैठक तीन महिनमा बस्ने भनेको, त्यसका लागि महासंघका बरिष्ठ उपाध्यक्ष र मैले पनि रजिष्ट्रारज्यूलाई पटक पटक भनेका छौं । तर परिस्थिति जटिलतातिर लाने, अप्ठ्यारोतिर लाने, अध्यारोतिर लाने यो प्रवृत्ति बढेर गयो । यो विषयलाई हामीले खबरदारी गरेको हो । खबरदारी गर्ने विषयमा अभियानको प्रेसरलाई मत्थर गर्न पनि सामाजिक सञ्जालमा जान पर्ने स्थिति बन्यो ।

हिजोदेखि हाम्रो कार्यदलले यस विषयमा छलफल शुरू गरेको छ । तर अभियानको यो पहलकदमी र गतिलाई तीव्र नबनाउने हो भने दशैं अगाडि व्याजदर पुनरावलोकन हुँदैन । पुनरावलोकन नहुँदा यसले सृजना गरेको समस्या धेरै संस्थाहरूलाई सुशासनमा चल्दाचल्दै व्यवस्थापकीय चुनौति सृजना गर्छ । यसका लागि दुईटा पाटो हामीले भनेका छौं । एउटा सहकारी संस्थाहरूको व्याजदर निर्धारण गर्ने विधि अर्थात मूल्य निर्धारण गर्ने विधि सिद्धान्तत त्यो संस्थाको आन्तरिक विषय हो । त्यसलाई बाह्य क्रियाकलापले नियन्त्रित गर्न निर्देशित गर्न पाईदैन, हुँदैन । सहकारीको स्वायत्तता र अधिकार स्वतन्त्रता अथवा सहकारीको सिद्धान्त र मर्यादा विपरित हुन्छ ।

सहकारीको सिद्धान्त विपरित नहोस्, पर्ल्स सिद्धान्तका चारवटा डाइमेन्सनमध्ये एउटा डाइमेन्सन मूल्य निर्धारण गर्ने नै हो । पर्ल्स सहकारीको सिद्धान्त हो । सहकारी सिद्धान्तको रक्षा राज्यले गर्नुपर्छ । राज्यको ऐनको कानुनको स्रोत सहकारी सिद्धान्त हो । त्यो मध्ये वित्तीय सिद्धान्तभित्र पर्ल्स मापदण्ड विश्वव्यापी रूपमा तयार गरिएको छ । त्यसले एउटा महत्वपूर्ण विषय के भन्छ भने व्याजदर निर्धारणको विषय संस्थाको आन्तरिक निर्णयको विषय हो । मूल्य निर्धारणको विषय संस्थाको आन्तरिक निर्णयको विषय हो । त्यो विषयको विरूद्धमा हामी ऐन बनाउन सन्दैनौ अथवा अरू ढंगले काम गर्न सक्दैनौं । त्यो कारणले गर्दा व्याजदर निर्धारण गर्ने विषय संस्थाले स्वचालित ढंगले गर्नुपर्छ र वस्तुस्थिति बुझेर गर्नुपर्छ । संस्थाको आन्तरिक विषय हो तपाईहरू गर्नुहोस् भन्न सिद्धान्तत हामीले बोल्नुपर्ने अवस्था आएको छ । हामी त्यो विषय बोल्छौं ।

यद्यपी २०३४ मा एउटा सामाजिक सुधार ऐन भन्ने आएको थियो, त्यसमा जन्ति यति जना जाने, मलामी यति जना जाने, भोजभतेरमा यति बोलाउनुपर्ने भन्ने व्यवस्था थियो । त्यो जनताको सोच र चेतना प्रतिकुल भएकोले जनताले त्यसको उलंघन गरिदिए । परिस्थिति अहिले यहि देखिराखेको छु । सन्दर्भ व्याजदरको विषयमा हामीले यथासमयमा न्यायिक ढंगले सम्बोधन गर्न सकेनौं भने सामाजिक व्यवहार सुधार ऐन जस्तै यो सन्दर्भ व्याजदर निर्धारण जुन १६ प्रतिशत छ यसलाई उलंघन गर्ने हुन् की भन्ने हामीलाई चिन्ता छ । त्यसकारण यथासमयमा सम्बोधन गरौं भनेर हामीले विभाग र मन्त्रालयसँग छलफल गरेका छौं ।

हिजोदेखि हाम्रो कार्यदलको वैठक सुरू भएको छ । यसबाट हामी एउटा तार्किक निश्कर्षमा पुग्छौं तर अहिले हामीले नियमावलीले गरेको व्यवस्था अनुरूप जाँदा हामी १६ प्रतिशत भन्दा माथी जान सक्ने अवस्था हुन्न । त्यो बाउन्ड्री क्रस गर्ने ठाउँमा सहकारी अभियान पुग्छ कि भन्ने चिन्ता हामीलाई लागेको छ । अब त्यसमा गोल्डेन इन्टरप्रिटेशन गरेर १६ को ठाउँमा अधिकतम बढाएर जान सक्ने स्थितिमा लचकतापूर्वक एउटा निश्कर्षमा र निर्णयमा पुग्न सक्यौं भने हामी आम रूपमा सहकारीले राखेका धारणामा न्यायिक सम्बोधन गर्न सक्छौं । तर नियमावलीमा जुन विषय छ, त्यही विषय भयो भने सहकारी अभियानले यसलाई अन्यायपूर्ण र आक्रमणकारी बुज्छ । त्यसपश्चात सहकारी अभियानले न्यायपूर्ण र क्रान्तिकारी संघर्ष गर्छ । न्यायपूर्ण र क्रान्तिकारी संघर्ष गर्दा सन्दर्भ व्याजदर औचित्यहिन हुन्छ, व्याजदर औचित्यहिन नहोस् भन्नका निम्ति हाम्रा प्रयास र पहलकदमीहरू जारी रहन्छन् ।

# सहकारीको सन्दर्भ ब्याजदर स्वचालित हुनुपर्ने माग

सहकारी अभियानका शीर्ष व्यक्तिहरूले सहकारीको सन्दर्भ ब्याजदर स्वचालित र स्वनियन्त्रित हुनुपर्नेमा जोड दिएका छन् । असोज ५ गते नेपाल सहकारी पत्रकार समाज (सिजेएन) ले राजधानीमा आयोजना गरेको सहकारीको सन्दर्भ ब्याजदर विषयक छलफल कार्यक्रममा बोल्दै सहकारी अभियानकर्मीहरूले सो कुरा बताएका हुन् ।

सहकारी ऐन र नियमावलीले गरेको सन्दर्भ ब्याजदरको व्यवस्था नै त्रुटिपूर्ण भएको सहभागीहरूले बताएका छन् । नीति निर्माता गलत भएकै कारण सहकारी अभियान प्रभावकारी हुन नसकेको उनीहरूको भनाई थियो । सहकारी संस्था जोगाउन पनि ब्याजदर बढाउनुपर्ने लबिइङ सहकारी अभियन्ताहरूले गर्दै आएका छन् । यद्यपि नीतिगत रूपमा भने अहिलेको तथ्यांकले सन्दर्भ ब्याजदरको सीमा १६ प्रतिशतभन्दा माथि नजाने उनीहरूको तर्क छ ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले सहकारी संस्थामा ब्याजदर भन्दा पनि नागरिकको विश्वसनीयताको संकट रहेको स्वीकार गर्दै ब्याजदर वृद्धि नगरिए सहकारी ऐनले व्यवस्था गरेको सन्दर्भ ब्याजदरको औचित्य समाप्त हुने बताउनुभयो । सन्दर्भ ब्याजदरसम्बधी व्यवस्था सहकारी ऐन र नियमावलीमै गलत रूपमा आएको छ, ब्याजदर निर्धारण गर्ने कुरा सहकारीको आन्तरिक निर्णयको विषय हो, 'छिट्टै सन्दर्भ ब्याजदर पुनरावलोकन नभए १६ प्रतिशतको बाउन्ड्री उलंघन हुन्छ,' उहाँले भन्नुभयो, 'सहकारी अभियानले न्यायपूर्ण र क्रान्तिकारी निर्णय गर्छ ।

राष्ट्रिय सहकारी महासंघकी बरिष्ठ उपाध्यक्ष ओमदेवी मल्लले नेपालमा रजिष्ट्रारलाई नमस्कार गरेको भरमा सहकारी दर्ता भएको तर, त्यसको अनुगमन नहुँदा समस्या भएको बताउनुभयो । उहाँले अहिले नै सहकारी संस्थाले १६ प्रतिशतभन्दा बढी ब्याज लिएको भन्दै यसमा महासंघ आफैं जोगिनुपर्ने अवस्था रहेको र विभागले सके कारबाही गरोस् भनी चेतावनी दिनुभयो ।

'सहकारी संस्थाले १६ प्रतिशत भन्दा बढी ब्याज दिएका छन्, महासंघले सहकारीलाई आफु जोगिनु भनेको छ, कारबाही गर्ने कुरा आउँदैन विभागले हेरेर कारबाही गर्छ भने गरोस्, उहाँले भन्नुभयो । 'मन्त्रीले नभनेसम्म सन्दर्भ ब्याजदर निर्धारण समितिको बैंठकसम्म बस्न सक्दैन, सहकारी अभियन्तालाई मन्त्रीले भेट्न समयसम्म दिंदैन, हामी कस्तो सहकारी नीति लिंदैछौं ।' उहाँले रजिष्ट्रारले नचाहेर सन्दर्भ ब्याजदर निर्धारण समितिको बैठक बस्न नसकेको दावी गर्नुभयो ।

राष्ट्रिय सहकारी बैंकका सञ्चालक समेत रहेका काठमाडौं जिल्ला सहकारी संघका अध्यक्ष ज्ञान बहादुर तामाङले अहिलेको अवस्थामा सन्दर्भ ब्याजदर २० प्रतिशत हुनुपर्ने बताउनुभयो । सन्दर्भ ब्याजदर पुनरावलोक नभए सहकारी चल्न सक्ने अवस्था नरहेको उहाँको भनाइ थियो । संघमा हाल ४ हजार बढी सहकारी आबद्ध भएको र ती सहकारीहरूले संघमार्फत ब्याजदर बढाउन दबाब दिइरहेको तामाङले बताउनुभयो । उहाँले सहकारीका ऋणी नै बचकर्तालाई उक्साएर सहकारीमा ताला लगाउन लागि परेको तथा ऋण नतिरेर सदस्यलाई भड्काउँदै हिंडेको अवस्था अवगत गराउँदै 'ऋण नतिर्नेलाई के हुन्छ' ? भन्ने स्पष्ट कानुनी व्यवस्थै नभएको उल्लेख गर्नुभयो ।

# सन्दर्भ ब्याजदर पालना नभए कारबाही हुन्छ : विभाग

सहकारी विभागका उपरजिष्ट्रार टोलराज उपाध्यायले सन्दर्भ ब्याजदर उल्लंघन भए ऐनमा भएको व्यवस्था अनुसारको कारबाही हुने बताउनुभयो । उहाँले ऐनमा भएका प्रावधानलाई टेकेर राज्य चल्ने बताउँदै ऐनले दिएको अधिकारभित्र रहेर नै सन्दर्भ ब्याजदर निर्धारण हुने बताउनुभयो । ऐनमा भएको व्यवस्थाअनुसार जाने हो भने अहिलेको तथ्यांकले सहकारीको सन्दर्भ ब्याजदर बढ्ने सम्भावना नै नरहेको उहाँको भनाई थियो ।

'सरकारी निकाय भएकोले सन्दर्भ ब्याजदरको छलफल गर्दा ऐन र नियमावलीको क्षेत्राधिकारभित्र रहेर छलफल र सिफारिस गर्ने हो, उहाँले भन्नुभयो, 'त्यसमा कतिसम्म लचक हुन सकिन्छ भन्ने कुरा हो । सन्दर्भ ब्याजदरका लागि टालटुले नीति लिनु भन्दा कसरी स्वचालित बनाउन सकिन्छ त्यसमा अध्ययन र छलफल गरौं ।'

उहाँले सबैलाई आकर्षित हुने गरी ब्याज निर्धारण हुन आवश्यक रहेको बताउनुभयो । राज्यको पहिलो प्राथमिकता कमजोर वर्गको हित हुने र सोहीअनुसार ब्याजदर निर्धारण हुनुपर्ने भन्दै त्यसमा माथिल्लो वर्गलाई समस्यामा पार्न नहुने उहाँको धारणा थियो ।

# सहकारीले सदस्य क्रियाशिलतामा जोडदिनुपर्छ

काठमाडौं महानगरपालिका, सहकारी विभागले महानगरपालिका भित्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरूले बार्षिक साधारणसभा सम्पन्न गरी बुझाउने प्रतिवेदनको छुट्टै चेकलिष्ट तयार पारी रूजु गरिने जनाएको छ । विभागले गत भदौ १३ गते सहकारी संस्थाहरूलाई निर्देशन जारी गर्दै साधारणसभा गर्दा उद्घाटन सत्र तथा प्रमुख अतिथि, अतिथिका मन्तव्यका  कार्यक्रम नराख्न निर्देशन गरेको थियो ।




९ बुँदे निर्देशन जारी गर्दै पहिलो पटक सहकारी संस्थाहरूलाई साधारणसभामा उद्घाटन सत्र नराखी सोझै एजेण्डामा छलफल गर्न निर्देशन गरेको विभागले कार्यान्वयनको विषय पनि हेरिने बताएको हो । काठमाडौं महानगरपालिका, सहकारी विभागका विभाग प्रमुख देवेन्द्र पोखरेलले प्रमुख अतिथि र अतिथिका लागि निमन्त्रणा आएका ठाउँमा जेष्ठ शेयर सदस्यबाटै उद्घाटन सत्रको शुभारम्भ गर्न सुझाव दिएको बताउनुभयो । काठमाण्डौंका केही सहकारीहरूले त्यो अभ्यास सुरू गरिसकेको पनि जानकारीमा आएको उहाँले बताउनुभयो ।

विभाग र सहकारी अभियानका ठूला मान्छे बोलाएर भाषण गराउने, भत्ता सुविधा उपलब्ध गराएर नजिकिन खोज्ने र सहकारी गतिविधिमा देखिने वित्तीय अपचलनका घटना लुकाउन छिपाउन खोज्ने प्रवृत्ति काठमाडौंमा बढेर गएको उहाँको भनाई थियो । साकोस आवाजसँगको कुराकानीका क्रममा विभाग प्रमुख पोखरेलले भन्नुभयो, "सहकारी स्वनियन्त्रित संस्था हो,  सहकारीमा सुशासन कायम गर्न सहकारीकै सदस्य सचेत र क्रियाशिल बन्नुपर्छ ।" सहकारीमा पैसा राखेर भनेजति व्याज पाउँदा सम्म कानमा तेल हालेर बस्ने र व्याज दिन नसकेपछि सहकारी विरूद्ध उजुर बाजुर गर्ने सदस्यकै कारण सहकारीमा समस्या सिर्जित भएको उहाँको भनाई थियो ।

महानगरको कार्यक्षेत्र भएका संस्थाहरूलाई जारी गरेको निर्देशनमा साधारणसभामा सदस्यहरूको भूमिकालाई अझ सक्रिय बनाउन उद्घाटन सत्र तथा मन्तव्यका कायक्रम नराखी सोझै एजेण्डा उपर छलफल गर्ने वातावरण मिलाउन, पुस मसान्त भित्र साधारणसभा सम्पन्न गरी पारित प्रतिवेदन १५ दिन भित्र विभागमा बुझाउन, सहकारी संस्थामा सदस्य बनाएर मात्र कारोबार गर्न र साधारणसभामा कुल सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थिति (गणपुरक संख्या) पुऱ्याएर मात्र साधारणसभा गर्न भनेको छ ।

सभामा लेखापरीक्षण प्रतिवेदन, सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको याप्रतिवेदन एवं पेश हुने अन्य सबै प्रतिवेदन तथा विषय उपर पर्याप्त छलफल गराएर मात्र पारित गर्न समेत निर्देशन दिएको छ ।



# साधारणसभा सञ्चालन सम्बन्धमा सहकारी विभागको मार्गदर्शन

सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा यस विभागबाट जारी सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था) पहिलो संशोधन) निर्देशिका, २०७६ को अधिनमा रही सदस्यको लोकतान्त्रिक नियन्त्रणको सहकारी सिद्धान्त अनुरूप सहकारी संघसंस्थाहरूको साधारणसभाको बैठक आयोजना, कार्य प्रणाली र निर्णय प्रमाणिकरणका विषयहरू निर्धारण गर्न बाञ्छनीय भएकोले सहकारी नियमावली, २०७५ को नियम ७६ (फ) बमोजिम सहकारी विभागको मिति २०७९ ०५ ०९ को निर्णयानुसार यो मार्गदर्शन जारी गरिएको छ ।

१. सहकारी संघसंस्थाहरूको आर्थिक वर्ष व्यतित भएको तीन महिना भित्र सहकारी ऐन, २०७४ को दफा ७५ (१) बमोजिम लेखापरीक्षणको कार्य सम्पन्न गरीसक्ने,

२ लेखापरीक्षक नियुक्ती र पारिश्रमिक निर्धारणका सम्बन्धमा सहकारी ऐन, २०७४ को दफा ७६ (१), (२) र (३) बमोजिम गर्ने,

३. लेखापरीक्षकले लेखापरीक्षण प्रतिवेदन पेश गर्दा नेपाल सरकारले तोकेको लेखामान सिद्धान्तका आधारमा प्रतिवेदन तयार गरी सहकारी विभागबाट जारी सहकारी संस्थाहरूको लेखापरीक्षण निर्देशिका, २०७५ को अनुसरण गर्दै लामो फाराम प्रतिवेदन (Long Form Report) सहितको प्रतिवेदन सम्बन्धित सहकारी संघसंस्था र नियमनकारी निकाय समक्ष पेश गर्ने व्यवस्था मिलाउने,

४. सहकारी संस्थाहरूले साधारणसभाको सूचना प्रकाशन गर्दा सहकारी विभागबाट मिति २०७९ ०२ १२ मा जारी गरिएको सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन, २०७९ अनुसार तीस दिन अगावै प्रस्ताव सहतिको सार्जजनिक सूचना प्रकाशन गर्ने,

५. सहकारी ऐन, २०७४ को दफा ४० (५) अनुसार दुई हजार वा सो भन्दाबढी सदस्य भएको संस्थाले साधारणसभा गर्दा समान कार्यसूचिमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा स्थानीय तह वा त्यवका वडाहरूमा सञ्चालक सदस्यहरू पठाई साधारणसभा गर्न र त्यस्तो साधारणसभाको निर्णय प्रमाणित गर्न, प्रतिनिधि छनौट गर्न, बैठक सञ्चालन गर्न, बैठकका निर्णयहरू प्रमाणित गर्दा सञ्चालक सदस्य संख्या भन्दा एक जना बढि प्रतिनिधि सदस्यहरूबाट समेत प्रमाणित गराउने व्यवस्था मिलाउने । साथै सहकारी विभावबाट जारी सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था) (पहिलो संशोधन) निर्देशिका, २०७६ को पूर्ण रूपमा परिपालन गर्ने गराउने,

६. साधारणसभा गर्दा फराकिलो कार्यक्षेत्र र दुई हजार भन्दाबढी सदस्य भएका सहकारी संस्थाहरूले भौगोलिक अवस्थितिका कारण एकै ठाउँमा भेला हुन नसक्ने अवस्थामा सदस्यहरूलाई पायक पर्ने स्थानमा बढी भन्दा बढी सदस्यहरूको सहभागिता हुने गरी बढीमा सात वटासम्म इकाईहरू गठन गरी सभा सम्पन्न गर्ने,

७. नियामक निकायबाट दिइएको निर्देशन तथा सुझावहरूको कार्यान्वयन सम्बन्धमा साधारणसभामा छलफल गर्ने गराउने ।

८. साधारणसभा सम्पन्न भएको पन्ध्र दिन भित्र साधारणसभाको निर्णयको प्रमाणित प्रतिलिपि, उपस्थितिको प्रमाणित प्रतिलिपि, लेखापरीक्षण प्रतिवेदन, लामो फाराम प्रतिवेदन सहित नियामक निकायमा अनिवार्य रूपमा पेश गर्ने,

९. साधारणसभा गर्दा भडकिलो र खर्चिलो नहुने गरी मितव्ययी ढंगबाट सञ्चालन गर्ने ।

१०. सबै संघसंस्थाले २०७९ पौष मसान्तभित्र साधारणसभा अनिवार्य रूपमा सम्पन्न गर्ने,

११. कोभिड १९ को प्रभाव तथा असर समेतको आधारमा संघ, प्रदेश वा स्थानीय तह र स्थानीय प्रशासनबाट जारी स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरि साधारणसभा सम्पन्न गर्ने ।

१२. साधारणसभा सम्बन्धी विवरण सभा सम्पन्न भएको पन्ध्र दिन भित्रमा www.copomis.gov.np मा समेत अद्यावधिक गर्ने ।

पुनश्चः साधारणसभा सम्बन्धी विभागबाट जारी गरिएको सहकारी विभागबाट जारी सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था) (पहिलो संशोधन) निर्देशिका, २०७६ यस विभागको वेभसाईट www.deoc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

## सहकारी संघ संस्थाहरूको एकीकरण सम्बन्धमा विभागद्वारा जारी निर्देशन

सहकारी विभागले सहकारी संस्थाहरूको एकीकरण प्रक्रियाका सम्बन्धमा भदौ १९ गते सहकारी संघ संस्थाहरूलाई ध्यानाकर्षण गराएको छ । विभागले सहकारी संस्थाहरूले एकीकरणका निश्चित प्रक्रिया अवलम्बन गरेर मात्रै एकीकरणमा जान निर्देशन गरेको हो । पछिल्लो समय एकपछि अर्को गरी सहकारी संस्थाहरूबीच एकीकरणको लहर चलेको भन्दै कानुनप्रदत्त प्रक्रिया अपचाएर मात्रै एकीकरणमा जान परिपत्रमार्फत ध्यानाकर्षण गराएको हो ।

श्री सबै सहकारी संघ संस्थाहरू,

सहकारी क्षेत्रमा हालै देखिएका समस्या समाधान गर्न सहकारी ऐन २०७४ को दफा ८७, सहकारी नियमावली, २०७५ को नियम ३९ तथा सहकारी संस्थाको एकीकरण तथा विभाजन निदेर्शिका, २०७७ बमोजिम सहकारी संघ संस्थाहरूको एकीकरणको कार्य प्रति यस विभागको ध्यानाकर्षण भएको छ । सहकारी संघ संस्थाहरूले एकीकरण गर्दा देहायका विषयहरूमा ध्यान दिनुहुन अनुरोध गरिन्छ :

**देहाय**

१) सहकारी ऐनक२०७४ को दफा ८७ र सहकारी नियमावली, २०७५ को नियम ३९ बमोजिमको प्रक्रिया

२) सहकारी संस्थाको एकीकरण तथा विभाजन निर्देशिका, २०७७ बमोजिमको प्रक्रिया

३) सहकारी ऐन, २०७४ को दफा ४१ (२) बमोजिमको सहकारी संघ संस्थाहरू एकीकरण पश्चात हुन जाने पदाधिकारीहरूमा समावेशिता कायम सम्बन्धमा

४) सहकारी ऐन, २०७५ को नियम ३९ (३) बमोजिम वि.सं. २०७९ साल जेठ २ गते भन्दा अगाडि स्थापना भएका साझा सहकारी संस्थाहरूको एकीकरण गर्दा मन्त्रालयको पूर्व स्वीकृत लिनुपर्ने विषय,

५) सहकारी संस्थाको एकीकरण तथा विभाजन निर्देशिका, २०७७ को दफा २३ बमोजिम तदर्थ समिति गठन गर्ने र दफा २४ बमोजिम तदर्थ समिति गठन भएको मितिले तीन (३) दिनभित्र सम्बन्धित नियामक निकायमा जानकारी पठाउने विषय ।

**सहकारी संघ संस्थाहरूको एकीकरणका लागि आवश्यक योग्यता**

- एर्क प्रकृति वा विषयका संस्था हुनु पर्ने,
- एकै विषय वा प्रकृति का संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृतिका भए तापनि एकै विषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने,
- कार्यक्षेत्र खप्टिएको वा जोडिएको हुनुपर्ने,
- एकीकरण आवश्यकताको पहिचान भई सदस्यहरूबाट माग भएको हुनुपर्ने वा संस्थाको संयुक्त बैठकबाट एकीकरण सम्बन्धी निर्णय भएको हुनुपर्ने,
- अनुसूचि २ बमोजिमको ढाँचामा निवेदन दिएको हुनुपर्ने ।

**संस्थाबाट एकीकरणका सन्दर्भमा अवलम्बन गर्नुपर्ने प्रक्रियाहरूः**

क) पूर्व स्वीकृति प्राप्त गर्नु अगाडिका प्रक्रियाहरूः

- एकीकरण हुने दुई वा दुई भन्दा बढि संस्थाहरूका सबै समिति उपसमिति तथा आवश्शयकता अनुसार सबै संस्थाका सदस्यहरूको उपस्थितिमा संयुक्त बैठक बसी एकीकरणका विषयमा छलफल भई सहमति भएको माइन्यूट निर्णय
- संयुक्त बैठकले एकीकरणका लागि सर्त तथा कार्यविधि तयार पार्न बढिमा पाँच सदस्यीय संयुक्त कार्यदल निर्माण गरेको हुनुपर्ने । यसरी गठित कार्यदललाई एकीकरण हुने प्रत्येक संस्थाको सञ्चालक समितिको बैठकबाट अनुमोदन गएको हुनुपर्ने।
- संयुक्त कार्यदलले अनुसूची १ बमोजिमको सर्त तथा कार्यविधि ७ दिनभित्र तयार पारी एकीकरण हुने सबै संस्थाहरूमा पेश गरेको हुनुपर्ने,
- संयुक्त कार्यदलले तयार पारेको एकीकरणका सर्त तथा कार्यविधिलाई सवै संस्थाको सञ्चालक समितिबाट निर्णय गराई सबै संस्थाको साधारणसभाबाट अनुमोदन गराएको हुनुपर्ने।
- एकीकरण कार्यको समय सिमा खुलाई प्रस्तावित ब्अतष्यल एबिल सहित सबै संस्थाको सञ्चालक समितिको निर्णयबाट प्रस्ताव पारित गरी एकीकरणको पूर्व स्वीकृतिका लागि विभागमा पेश गर्ने,

**ख) पूर्व स्वीकृति प्राप्त भए पश्चातका प्रक्रियाहरूः**

- एकीकरण हुने सबै संस्थाले आफ्नो सम्पत्रि र दायित्व तथा कारोबारको पछिल्लो अवस्थाको मूल्यांकन गर्नुपर्ने भएमा मूल्यांकनकर्ता नियुक्त गरी राय सहितको मूल्यांकन प्रतिवेदन लिई दफा ८ (२) बमोजिमका विषयमा विस्तृत प्रभाव विश्लेषण भएको हुनुपर्ने,
- दफा ११ बमोजिमका विषय खुलार्य एकीकरण हुने संस्था विच आआफ्नो संस्थाको साधारणसभाबाट एकीकरण सम्बन्धी कार्यको अख्तियार प्राप्त प्रतिनिधिहरूले हस्ताक्षर गरेको एकीकरण सम्बन्धी सम्झौता पेश गर्नुपर्ने,

**ग) एकीकरणसम्बन्धी अन्तिम स्वीकृति दिनुपूर्व विभागको स्वीकृति लिई गर्नुपर्ने कार्यहरूः**

- एकीकरण सम्बन्धी गुनासो वा उजुरू माग गरी १५ दिने सूचना प्रकाशन गर्नुपर्ने, म
- यस्तो सूचना एक जिल्ला भन्दा बढी कार्यक्षेत्र भएमा राष्ट्रिय र स्थानीय स्तरको पत्रिकामा एक पटक सूचना प्रकाशन गर्ने,
- एक  जिल्ला भन्दा कम कार्यक्षेत्र भएमा राष्ट्रिय र स्थानीय स्तरको पत्रिका मध्ये एउटामा एक पटक सूचना प्रकाशन गर्ने,
- स्थानीय एफ.एम. रेडियोबाट सूचना प्रशासण गराउने,
- विभाग, जिल्ला सहकारी संघ लि.विषयगत जिल्ला सहकारी संघ लि. र सम्बन्धित संस्थाको सूचनापाटीमा समेत टाँस गर्न लगाउने ।

**घ) एकीकरणको अन्तिम स्वीकृति दिए पश्चातका कार्यहरूः**

- मूल्यांकनकर्ताको प्रतिवेदन, एकीकरणको सम्झौता सहित दफा १३ को (१) बमोजिम खुलाउनु पर्ने थप विषय समेत खुलाई अनुसूची–२ बमोजिम निवेदन पेश गर्नुपर्ने,
- प्राप्त कागजात, विवरण, निवेदन उपर छानविन गरी विभागले ३५ दिन भित्र समबन्धित संस्थालाई एकीकरणको अन्तिम स्वीकृति दिने वा नदिने भन्ने विषयमा विभागले निर्णय लिने,
- एकीकरण सम्बन्धमा विभागले गरेको निर्णयका सन्दर्भमा अन्तिम पटक सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने,



# सहकारीमार्फत् गरिबी निवारणः एक उत्तम विकल्प




**निर्मल भट्टराई**
**पूर्व कार्यकारी उपाध्यक्ष,**
**गरिबी निवारण कोष**


नेपाल गरिबीको चपेटाबाट अझै उम्कन सकेको छैन । अति कम विकसित मुलुकबाट विकासशील मुलुकको कोटीमा पदार्पण गर्ने तयारीमा रहे पनि नेपालमा निरपेक्ष गरिबीको प्रतिशत दर अझै दोहोरो अङ्कमै कायम रहेको छ । संसारमै शताब्दीयौंदेखि गरिबी विभिन्न रूपमा रहँदै आएको छ । सम्पन्न भनिएका मुलुकमा समेत कुनै न कुनै रूपको गरिबी कायम छ । अति कम विकसित र विकासशील मुलुकको लागि गरिबी प्रमुख समस्या रहँदै आएको छ ।

नेपालमा लामो समयसम्म केन्द्रीकृत शासन व्यवस्था कायम रहेको सर्वविदितै छ । ०४६ सालको परिवर्तनपछि र खासगरी ०६२-६३ को तुमुलकारी परिवर्तनपछि नेपालको गरिबी निवारण गर्ने उद्देश्यले गरिब लक्षित केहि कार्यक्रम लागु नभएका होइनन् । सरकारले विभिन्न समयमा सुरु गरेका जेष्ट नागरिक भत्ता, सामाजिक सुरक्षाका अरु कार्यक्रमहरु, विघटित गरिबी निवारण कोषले विश्व बैंकको अनुदानमा सञ्चालित डेढ दशकीय समुदायमा आधारित गरिबी निवारण कार्यक्रम, गरिबसँग विश्वेश्वर कार्यक्रम, लघु वित्त कार्यक्रम लगायतले नेपालको कहाली लाग्दो गरिबी न्यूनीकरणमा उल्लेख्य योगदान गरेका छन् । तर त्यस्ता आवधिक कार्यक्रमले गरिब जनतालाई माछा त दिएका छन्, तर माछा मार्न सिकाउन भ्याएका छैनन् ।

नेपाल संघीय गणतन्त्रमा रूपान्तरण भएपछि बनेको नेपालको संविधान २०७२ ले गरिबी निवारणलाई तीन सरकार-संघ, प्रदेश र स्थानीय तह-को अधिकार र कर्तव्यको सूचिमा राखिदियो । एकातिर केन्द्रीकृत शासन व्यवस्था हुँदा सुरु गरिएका उल्लिखित कार्यक्रमको समाप्ति हुनु र तीनै तहका सरकारले गरिबी निवारणलाई प्राथमिकता नदिनुले यो क्षेत्रमा अन्योल उत्पन्न भएको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गरिबी परिचय-पत्र वितरण गर्ने काम गरिरहेको भए पनि यसले अझै पूर्णता पाएको छैन । गरिबी निवारणको क्षेत्रमा काम गरिरहेको नेपालकै ठूलो संस्था गरिबी निवारण कोषलाई सरकारले खारेजको प्रक्रियामा लगेपछि कोषले प्रवर्द्धन गरेका ३२ हजारभन्दा बढी सामुदायिक संस्थामा रहेको घुम्ती कोषको रकमलाई बिऊ पूँजी मानेर पालिकास्तरमा ती संस्थालाई सहकारीमा रूपान्तरण गर्ने नीति लियो । तर राजनीतिक नेतृत्वको कमजोर इच्छाशक्ति, कर्मचारी तन्त्रको ढिलासुस्ती र अनिच्छाका कारण सो सम्बन्धी आवश्यक ऐन कानुन बन्न सकेको छैन । त्यही कारण झण्डै वीस अरब घुम्ती कोषको रकम बालुवामा पोखिएको तोरीजस्तै हराउने अवस्थामा पुगेको छ । सत्तारूढ र प्रतिपक्ष सबैले भाषणमा गरिबी निवारण आफ्नो एजेण्डा रहेको बताए पनि व्यवहारमा गरिबी निवारण सम्बन्धी कार्यक्रमहरु सिंहदरवारभन्दा बाहिर आउन सकेका छैनन् ।

नेपालको संविधान २०७२ ले नेपालको शासन व्यवस्थालाई समाजवाद उन्मुख उल्लेख गरेको छ । बस्तु र सेवाबाट बञ्चित, शिक्षा र स्वास्थ्यमा न्यून पहुँच, उच्च जोखिम, सशक्तीकरणको अभाव, राजनीतिक र आर्थिक अन्याय र सामाजिक बहीस्करणमा परेका जनताको अवस्थामा सुधार नगरी नेपालमा समाजवादको गन्तव्य तय हुन सक्दैन । चिनियाँ समृद्धिका महानायक देङ सियाओ पिङको शब्दमा गरिबी समाजवाद होइन, समाजवाद भनेको गरिबी उन्मूलन गर्नु हो । त्यसकारण नेपालको गरिबी

निवारणको ठोस कार्यक्रम विनाको गरिबी निवारणसम्बन्धी भाषण कोरा गफभन्दा केही हुन सक्दैन । नेपालको विद्यमान गरिबीलाई जस्ताको तस्तै काखी च्यापेर समाजवादतर्फ लम्कनै सकिन्न ।

नेपाल राजनीतिक अधिकार प्राप्तिको युग पार गरेर आर्थिक समृद्धिको युगतर्फ लम्कँदैछ । देशको तीव्र आर्थिक विकास भएर पनि सामाजिक न्याय ओझेलमा पर्यो भने अपेक्षा गरिएबमोजिमको गरिबी निवारण हुन सक्दैन र निःसन्देह, समाजवादको आधार निर्माणमै राँटा रहन्छ ।

माथि भनिएझैं नेपालको गरिबी निवारणको लागि अल्पकालिन कार्यक्रम र संयन्त्रको साथसाथै दीर्घकालीन कार्यक्रमको आवश्यक छ । यसका लागि सहकारी सबभन्दा उपयुक्त हुनसक्छ । सहकारी संस्थामार्फत् सञ्चालन हुने गरिबी निवारण कार्यक्रम निकै प्रभावकारी हुन सक्छन् ।

समुदायमा रहेको चरम गरिबीमा केही मल्हम लगाउन सहकारी आन्दोलनको सुरु भइसकेको छ । काल्पनिक समाजवादी रवर्ट ओवेनले १९औं शताब्दीको सुरुमा स्कटल्याण्डका मजदुरको चरम गरिबीबाट पार पाउने उद्देश्यले सहकारी आन्दोलनको सूत्रपात गरेदेखि सहकारी आन्दोलन विश्वव्यापीमात्र भएन, गरिबी न्यूनीकरणमा यसले महत्वपूर्ण योगदान गर्दै आएको तथ्य कहींकतै छिपेको छैन । हामी देख्दछौं, रवर्ट ओवेनले सहकारी आन्दोलनको सुरुवातमात्र गरेनन्, बेलायती संसदबाट गरिबीसम्बन्धी कानुन पारित गराउन पनि महत्वपूर्ण योगदान गरे । निष्कर्षमा यसो भन्न सकिन्छ, गरिबी निवारणमा सहकारीको छुट्याउनै नसकिने गरी साइनो गाँसिएको छ ।

पञ्चायती व्यवस्थामा सहकारीलाई मूलतः राजकीय नियन्त्रणको क्षेत्र बनाएर केही काम भए पनि पञ्चायती व्यवस्थाको अन्त्यपश्चात् यस क्षेत्रले गुणात्मक फड्को मारेको हो । जनताको पहलकदमी, जनताको बचत र जनताकै नियन्त्रण र सञ्चालनमा करिब ३५ हजारको हाराहारीको संख्यामा देशभर छरिएर रहेका विभिन्न प्रकृतिका सहकारीले नेपालको स्वाधीन अर्थतन्त्र निर्माणमा युगीन महत्वको योगदान गरेका छन् । आफ्ना सदस्यहरूको आर्थिक सबलीकरण, शैक्षिक उन्नयन, स्वास्थ्य सुरक्षा, रोजगारी सिर्जना र उद्यमशीलताको विकास गर्न सहकारीको अतुलनीय योगदान छ । यही तथ्यलाई आत्मसात गरी नेपाली अर्थतन्त्रको एक खम्बाको रूपमा यसले मान्यता पाएको छ ।

'यावत् जिवेत् सुखम् जिवेत्, ऋणम् कृत्वा घृतम् पिवेत' संस्कृतिबाट माथि उठेर नियमित बचत गर्ने, सहकारीको सहुलियत ऋणबाट उद्यमशीलताको सृजना गर्ने र आफू आत्मनिर्भर बन्ने बाटोमा लाखौं नेपालीलाई सहकारीले डोहोर्‍याएको छ । तर गरिब बसोबास गर्ने ग्रामिण क्षेत्रमा आवश्यकताभन्दा निकै कम र मध्यम र उच्च आय भएका मानिस बसोबास गर्ने सहरी क्षेत्रमा आवश्यकताभन्दा निकै बढी सहकारी संस्था रहँदा नेपाली गरिबहरूले सहकारी अर्थतन्त्रबाट यथोचित लाभ पाउन सकेका छैनन् । सहकारीको परम्परा, सिद्धान्त, ऐन कानुनलाई समेत ओझेलमा पारेर केही खास मानिसको व्यवसायिक स्वार्थबाट जन्मेका मुठ्‍ठीभर सहकारीको कारण जनताको लगानीबाट बामे सर्दै गरेको नेपालको सहकारी क्षेत्रमाथि नै हिलो छ्याप्ने प्रयत्न भइरहेको वर्तमान सन्दर्भमा यसलाई थप पारदर्शिता, स्वच्छता र सदस्य-केन्द्रित बनाउन जरूरी भएको छ ।

जसरी चामल र दुध जोहो गर्न नसक्ने मानिसलाई भोक लाग्यो भने खीर पकाएर खानु भनेर उपदेश दिनु हाँस्यास्पद हुन्छ, त्यसरी नै नियमित बचत गर्ने क्षमता नभएका गरिबलाई कम्तीमा २५ जना मिल्नु, सहकारी खोल्नु र धनी हुनु भन्ने सरकारी वा अरु कुनै आदेश वा उपदेश निरर्थक हुन्छ ।

देशमा संघीयताको कार्यान्वयन भएपछि धेरै पालिकाले आफ्नो पालिकाभित्र बसोबास गर्ने गरिबहरूको तथ्याङ्क सङ्कलन गरेका छन् । भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गरिबीको परिचय-पत्र वितरण कार्य गरिरहेको छ । देशभरका निरपेक्ष गरिबीको रेखा मुनि रहेका जनताको वास्तविक लगत तयार भएपछि ती जनता लक्षित एकीकृत कार्यक्रम सञ्चालन हुनु आवश्यक छ । संघीय सरकार र प्रदेश सरकारले निश्चित अनुदानको व्यवस्था गर्ने, निजी क्षेत्रले संघ र प्रदेशको बजेटमार्फत् योगदान गर्ने, नेफ्स्कून, राष्ट्रिय सहकारी महासंघजस्ता संस्थाले प्रविधि र नियमनको सहयोग गर्ने गरी पालिकास्तरमा गरिबहरूकै नेतृत्व र व्यवस्थापनमा नमूना सहकारी संस्थाको निर्माण गरिनु उपयुक्त हुन्छ । त्यस्ता सहकारी आत्म निर्भर नभएसम्म पालिकाले औचित्यको आधारमा थप अनुदानको व्यवस्था गर्ने, आवश्यक निःशुल्क तालिम उपलब्ध गराउने, उद्यमशीलताको खोजी गर्ने र बजारीकरणमा सहजीकरण गर्ने व्यवस्था मिलाउनु पर्छ । गरिबहरूको नियमित आयको सुनिश्चितासँगै उनीहरूको नियमित बचतमा अभिवृद्धि हुने व्यवस्था मिलाउन सकिन्छ । नेपालको संविधान बमोजिम गरिबी निवारण तीनै तहका सरकारको कर्तव्य परेकोले तीन तहका सरकारको समन्वय, सहकार्य र बजेट लगानीबाट मात्र नेपालको गरिबी निवारणलाई तीव्रता दिन सकिन्छ । साथै नेपाली अर्थतन्त्रका तीन खम्बा-राजकीय, निजी क्षेत्र र सहकारी क्षेत्र-को पनि समन्वय, सहकार्य र सहयोग भए सुनमा सुगन्ध हुन्छ ।




# विपद् व्यवस्थापनमा सहकारीको भूमिका

विपद् एक काबूबाहिरको प्रतिकूल अवस्था हो । जसले आफ्नो सन्निकटमा रहेकाहरूको जीउधन र जीविकाको रक्षा गर्न सक्ने क्षमता पार गर्दछ । विपद् विभिन्न प्रकोपजन्य तत्वहरूका कारण उत्पन्न हुन्छ । विशेषत यसले मानव जीवनमा प्रतिकूल प्रभाव पार्दै पहिलेको अवस्थाभन्दा फरक अवस्थामा ल्याउँछ । नेपली जनताले समय समयमा विपद्को सामना गर्नुपरिरहेको छ भने नेपालका धेरै क्षेत्रहरूमा विपद्को चुनौती गम्भीर सरोकारको विषय बनेको छ ।

नेपालमा पछिल्लो समय २०७२ वैशाख १२ को भूकम्प, बाढीपहिरो र २०७६ देखि २०७८ सम्मको कोभिड १९ संक्रमण जोखिमले ठूलो विपद् सृजना गर्‍यो । कोभिड १९ नेपालमा मात्र नभएर विश्व माहामारीको रूपमा रह्यो । यसले व्यक्ति, परिवार, समुदाय, समाज हुँदै विश्व अर्थतन्त्रमा समेत नकारात्मक प्रभाव पार्न पुग्यो । ठूलो जनधनको धति भयो । विपद्का कारण सिर्जित अल्पकालिन तथा दीर्घकालिन सम्पूर्ण असर हरूबाट मानिसहरू प्रत्यक्ष प्रभावित बने । प्रभावका सूचकले मानिसहरूमा मृत्यु संख्या, जीविकोपार्जन साथै मनोवैज्ञानिक देखि सामाजिक-आर्थिक, सांस्कतिक-भौतिक र वातावरणीय क्षेत्रसम्म ठूलो असर पार्‍यो । विपद्को प्रभावले जनसंख्याको विभिन्न भाग, समुदाय र समुदाय भित्रका निश्चित समूहलाई प्रभावित तुल्यायो । कोभिड प्रभावका कारण विश्व अर्थतन्त्रसँगै नेपालको आर्थिक अवस्थामा समेत हलचल पैदा भयो । समुदायमा संगठित रूपमा रहेको सहकारी क्षेत्र पनि प्रभावित बन्यो । सहकारी संस्थाले आफ्ना सदस्य र सदस्यको व्यवसायको संरक्षण गर्न सकेनन् । समुदायप्रतिको चासो सहकारीको एक महत्वपूर्ण सिद्धान्त भएपनि समुदायमा घट्न सक्ने आर्थिक सामाजिक, मनोवैज्ञानिक घटना न्यूनीकरणका लागि उचित तयारी र चासो पुगेन ।

विपद्को प्रभाव तुलनात्मक रूपमा निर्वाहमुखी जीविकामा निर्भर समुदाय र सहकारीका सदस्यहरूमा भारी पर्‍यो । यस्तो संकटापन्नको अवस्थामा समुदायमा उत्थानशीलताको विकासका लागि सहकारीले समयमै प्रभावकारी कदम चाल्न सकेनन् ।

नेपालका बचत तथा ऋण सहकारी संघ संस्थाहरूको केन्द्रीय संघको रूपमा रहेको नेफ्स्कूनले विपद् जोखिम न्यूनीकरणका लागि र व्यवसाय निरन्तरताका लागि निर्देशिका तथा योजना निर्माण गरी २०७८ श्रावणदेखि आफ्ना सदस्य संघ संस्थाहरूमा सहजीकरणको काम अगाडि बढायो । बहुप्रकोपका कारण उत्पन्न विपदबाट हुन सक्ने सम्भावित क्षतिलाई न्यूनीकरण गरी सदस्यहरूको सुरक्षा, सचेतना तथा सेवाहरूको निरन्तरताका लागि व्यवसाय निरन्तरता योजना र विपद् जोखिम न्यूनीकरण निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याउनुको साथै सदस्य संघ संस्थाहरूलाई कार्यान्वयनका लागि आव्हान गरेको छ ।




१३ परिच्छेद र ४४ दफा रहेको विपद जोखिम न्यूनिकरण निर्देशिका एवम् व्यवसाय निरन्तरता योजना कार्यान्वयनमा रहेको छ । जसमा १५ अनुसूची मार्फत विविध फारामहरू, नमुना ढाँचा, कार्यसम्पादन कार्यविधि, आरसंहिता, प्रभाव विश्लेषण, योजना रणनीति, मनोसामाजिक परामर्श नमुना लगायतका विषयहरू मार्फत निर्देशिका कार्यान्वयन सहजीकरण गरिएको छ ।

विपदबाट सिर्जित जोखिमको न्यूनिकरण साथै जोखिमबाट पेसा व्यवसायमा पर्न गएको प्रभाव न्यून गर्दै व्यवसायको निरन्तरताका लागि योजना निर्माणको काममा समेत निर्देशिकाले मार्गदर्शन प्रदान गरेको छ ।

निर्देशिका अन्तर्गत विपद जोखिम म्याट्रिक्सः राष्ट्रिय स्तर र संस्थागत स्तर, विपद् जोखिम विश्लेषण म्याट्रिक्स, विपद जोखिम न्यूनिकरणका संरचनात्मक व्यवस्था, स्रोत व्यवस्था लगायतका विषय विस्तृत समेटिएका छन् । त्यसैगरी जोखिम न्यूकिरणका रणनीतिहरू, सेवा निरन्तरता योजनाका बैकल्पिक उपाय एवं कार्यविधिहरू, व्यवसाय निरन्तरता योजना, आन्तरिक एवं बाह्य सूचना र सञ्चार, सनुशासन र कानुनी परिपालना, विपदमा सदस्य सुरक्षा रणनीतिका विषयहरू समाविष्ट छन् ।

नेपाल बहुप्रकोप घटनाहरूबाट उत्पन्न विपद्को जोखिममा विश्वमा २०औं स्थानमा रहेको मुलुक हो । मौसम परिवर्तन जोखिममा विश्वमा ४औं स्थानमा, भूकम्पीय जोखिममा ११औं स्थानमा र बाढी जोखिममा ३०औं स्थानमा पर्दछ । यी प्रकोपहरूबाट बचत तथा ऋण सहकारी संस्थाहरूको सेवा निरन्तरता तथा सदस्यहरूमा गम्भिर असर पर्ने गरेको छ । बहुप्रकोपका कारण उत्पन्न विपद्बाट हुन सक्ने सम्भावित क्षतिलाई न्यूनीकरण गरी सदस्यहरूको सुरक्षा, सचेतना तथा सेवाहरूको निरन्तरताका लागि विपद् जोखिम न्यूनीकरण संयन्त्र निर्माणका लागि निर्देशिका उपयोगीसिद्ध छ ।

## विपद् व्यवस्थापनमा साकोसको प्रयास

नवलपरासीको गैंडाकोटमा केन्द्रीय कार्यालय रहेको विकू बचत तथा ऋण सहकारी संस्था लि. ले नेपालमै पहिलो पटक कार्यालय परिसरमा विपद् व्यवस्थापन गृह सञ्चालनमा ल्याएको छ । कुनै पनि बेला आईपर्नसक्ने प्राकृतिक तथा मानव सिर्जित विपद्का बेला तत्काल मानवीय सहयोग गर्न सकियोस् भन्ने उद्देश्यले २०७९ श्रावण १९ गतेदेखि औपचारिक रूपमा गृह सञ्चालनमा ल्याएको छ । विकू साकोसले अब वित्तीय सुरक्षा मात्र नभएर संस्था र समुदायमा पर्न सक्ने विपद् र जोखिम न्यूनीकरणको कार्यमा समेत अग्रसरता देखाएको छ । सहकारी संस्था, कर्मचारी र समुदायको भौतिक सुरक्षाका लागि पनि विपद् व्यवस्थापन गृह अब अनिवार्य नै भएको छ ।

सहकारी संस्थामा विपद् व्यवस्थापन गृहको आवश्यकताको सन्दर्भमा विकू साकोसका प्रमुख कार्यकारी अधिकृत माधव प्रसाद पौडेल भन्नुहुन्छ, "प्राकृतिक तथा मानव सिर्जित विपद् हामीमाफ जुनसुकै बेला पनि आइपर्न सक्छ । आकस्मिक विपद्को समयमा सुरक्षित रहन विशेष सावधानी अपनाउनु पर्ने हुन्छ । त्यसको पूर्व तयारी स्वरूप हामीले कार्यालय परिसरमा विपद् व्यवस्थापन गृहको स्थापना गरेका छौं ।"

विपद् व्यवस्थापन गृहमा आकस्मिक दुर्घटना, आगालागी जस्ता भवितव्यबाट प्राथमिक सुरक्षा सावधानी अपनाउन प्रयोग गर्न सकिने औजार तथा उपकरणहरू राखिएको छ । विपद्पको समयमा विपद् गृहमा भएका सामग्रीको सहायताले प्राथमिक चरणको उद्धारका कामहरू गर्न सकिन्छ । गृहमा फायर सेफ्टी, बाल्टी, गैंची, बेल्चा, पञ्जा, डोरी लगायतका विपद् उद्धारमा आवश्यक सामग्रीहरू छन् ।

कार्यालय र कार्यालयमा कार्यरत जनशक्तिको सुरक्षाका लागि विपद् व्यवस्थापन गृहको आवश्यकता अपरिहार्य छ । एउटा संगठित संस्थाको समुदायप्रतिको उत्तरदायित्व पनि त्यतिकै महत्वपूर्ण हुन्छ, यसमा सहकारी संस्था झनै प्रत्यक्ष समुदायसँग निकट रहेर काम गर्ने संस्था हो ।

विदेशतिर धेरै संस्थाहरू यसको प्रयोगमा अभ्यस्त देखिन्छन् । तर नेपालमा भने कहि कतै केही भवितव्य परेमा सरकारको सहयोग पर्खनुपर्ने बाध्यता छ । यसलाई चिर्न घर, कार्यालय र संघ संस्थाहरूमा यसको व्यवस्थापन गर्न सकियो भने दुर्घटनाबाट सुरक्षित रहनसक्छौं । नेपालमा बैंक वित्तीय क्षेत्रमा यसको प्रयोग भएको पाइँदैन, विकू साकोसले पहिलोपटक यसको सुरूवात गरेको छ । यसको मुख्य उद्देश्य भनेकै

विपद् मा प्राथमिक तहको सुरक्षा व्यवस्थापनका लागि तयार रहनु नै हो ।

विपद् व्यवस्थापन गृह सञ्चालनका लागि साकोसले सुरक्षा गार्डको रूपमा कार्यरत कर्मचारी र अन्य कर्मचारीहरूलाई पनि विपद्का बेला प्रयोगमा आउने औजार तथा उपकरण प्रयोग सम्बन्धी अभिमुखीकरण समेत गराएको छ ।

कर्मचारीहरूलाई गृहमा के के सामग्री छन् ? कस्तो वेलामा कुन कुन सामग्री प्रयोगमा आउन सक्छ ? ईत्यादि कुराहरूको बारेमा पनि जानकारी गराईएको छ ।

त्यसको उचित व्यवस्थापन, संरक्षण र सञ्चालनका लागि प्रशासनमा कार्यरत कर्मचारी र विशेष गरी सुरक्षा गार्डमा कार्यरत कर्मचारीहरूलाई जिम्मेवारी तोकिएको छ ।

सहकारी क्षेत्र समुदायसँग जोडिएको क्षेत्र हो । सहकारी संस्था र कार्यरत कर्मचारीको सुरक्षा मात्र नभएर सदस्य र समुदायको सुरक्षा पनि सहकारीको सामाजिक उत्तरदायित्वभित्र पर्दछ । सहकारी संस्थाले जे जस्तो तहमा सकिन्छ, भौतिक पक्षको पनि सुरक्षात्मक उपायहरूमा क्रियाशिल रहनुपर्छ ।

२०५० साल जेठ ५ गते आजभन्दा ३१ बर्ष अगाडि स्थापना भएको विकू साकोसमा एक लाखभन्दा बढी सदस्य आबद्ध छन् ।

नीति विधि र प्रविधि प्रयोगमा समेत उदाहरणीय विकू साकोसले सदस्यहरूमाझ प्रविधिमैत्री सेवालाई समेत जोड दिएको छ । नेपालमै पहिलो पटक सहकारी क्षेत्रमा एटिएम सेवा सञ्चालनमा ल्याएको साकोसले नेपालको जुनसुकै बैंकबाट पनि सेवा लिँदा रकम नलाग्ने गरी सदस्यहरूमा एटिएम कार्ड वितरण गरेको छ । आज नेपालमै पहिलो पटक विपद् व्यवस्थापन गृह सञ्चालनमा ल्याएर विकूले संस्था, कर्मचारी र समुदायको भौतिक सुरक्षाको सवालमा उदाहरणीय कार्यको शुभारम्भ गरेको छ ।

विकसित देशमा जस्तो नेपालको वित्तीय क्षेत्र तथा सहकारीहरूमा विपद् व्यवस्थापनका कार्यक्रमहरू स्थापित हुन सकेका छैनन् । समुदायस्तरमा संगठित सहकारी संघ संस्थाले विपद् व्यवस्थापन संयन्त्र निर्माण गरेर कार्यान्वयनमा ल्याउन सक्ने हो भने केही हदसम्म समुदाय र सदस्यमा पर्न सक्ने सम्भावित जोखिम न्यूनीकरण गर्न सकिन्थ्यो । सहकारीले विपद् व्यवस्थापनका सम्बन्धमा समुदाय स्तरमा जागरण, सचेतना एवम् सशक्तिकरणका लागि योजनावद्ध कार्यक्रमहरू समेत आयोजना गर्नुपर्ने हुन्छ । तसर्थ समुदायमा घट्न सक्ने घटनाहरूको बारेमा सहकारी मार्फत विशेष तयारी र चासो बढाउँदै समुदाय र सदस्यमा सहकारीको विशिष्ट भूमिका स्थापित गराउन सक्नुपर्छ ।








# नेपालको वित्तीय समावेशीकरणमा सहकारी क्षेत्र



**कृष्ण बहादुर कुँवर**
पूर्व उप-महाप्रबन्धक
कृषि विकास बैंक

वित्तीय समावेशीकरणले जनताको जीवनस्तर उकास्ने क्रममा गरिबी न्यूनीकरण गर्न र आर्थिक विकासको गतिलाई तीब्र बनाउन सहयोग गर्छ । वित्तीय पहुँचले वित्तीय सेवा, जस्तै बचत, भुक्तानी, कर्जा, बीमा, पुँजीबजार समेतलाई समेट्छ । यसमा वित्तीय सेवाको उपयोग, गुणस्तर र उपभोक्ता संरक्षण जस्ता पक्षले महत्वपूर्ण भूमिका खेल्छन् ।

नेपालको संविधान २०७२ मा समावेशी सम्बन्धी व्यवस्था र उपभोक्ता संरक्षण प्रावधान रहेको छ । नेपालले दिगो विकास लक्ष्यहरु (Sustainable Development Goals - SDG) प्राप्त गर्नको लागि समावेशी र दिगो विकासमा सहजीकरण गरेर वित्तीय पहुँचमा सुधार गर्न जोड दिएको छ ।

मुलुकमा चालू पञ्चवर्षीय पन्ध्रौं योजना (आ.व.२०७६/७७–२०८०/८१) मा वित्तीय समावेशीकरणको लागि नीति र कार्यनीति बनाएको देखिन्छ । नेपाल सरकारले सन् २०१७ मा स्वीकृत गरेको वित्तीय क्षेत्र विकास रणनीतिले बैंकिङ प्रणालीको एउटा खम्बाको रूपमा वित्तीय पहुँच र वित्तीय समावेशीकरणलाई परिभाषित गरेको छ । वित्तीय समावेशीकरण मार्गचित्र (Financial Inclusion Road Map, 2017-22) मा नेपालले सन् २०२२ सम्ममा वित्तीय समावेशीकरण ६०% बाट ७५% मा पुऱ्याउने र असमावेशीकरण १८% बाट ३% मा झार्ने गरी आर्थिक सशक्तिकरण सिर्जना गर्ने कार्यहरु गर्ने लक्ष्य राखेको पाइन्छ ।

वर्तमान परिप्रेक्ष्यमा, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली विकास बैंक र अलाइन्स फर फाइनान्सियल इन्क्लुजन (Alliance for Financial Inclusion - AFI) जस्ता अन्तर्राष्ट्रिय संगठनहरूले वित्तीय समावेशीकरणलाई एउटा महत्वपूर्ण अजेण्डाको रूपमा ल्याएका छन् । वित्तीय समावेशीकरण डेटाहरु (Financial Inclusion Data), ग्लोबल फिन्डेक्स (Global Findex), जी–२० वित्तीय समावेशीकरण परिसूचक उपयोगमा ल्याएको देखिन्छ ।

## नेपालमा वित्तीय समावेशीकरणको थालनी

वित्तीय समावेशीकरणको चर्चा नै नचलेको बेला वि.सं. १९९४ (सन् १९३७) मा वाणिज्य बैंकको रूपमा निजी क्षेत्रको समेत सहभागितामा नेपाल बैंकको स्थापनाबाट भएको हो । वि.सं. २०१३ (सन् १९५६) मा मात्रै वाणिज्य बैंकलाई नियमन गर्ने केन्द्रीय बैंकको रुपमा नेपाल राष्ट्र बैंकको स्थापना भएको थियो । वि.सं. २०१६ (सन् १९५९) मा नेपाल औद्योगिक विकास निगमको स्थापना भयो । वि.सं. २०२३ (सन् १९६६) मा सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंक स्थापना भयो । बिडम्वना नै मान्नु पर्छ कि औद्योगिक विकासको लागि वाणिज्य बैंकभन्दा ७ वर्ष अघि खुलेको नेपाल औद्योगिक विकास निगम त्यही वाणिज्य बैंकमा विलय भयो ।

वित्तीय समावेशीकरणको थालनीको रूपमा वि.सं. २०१९ (सन् १९६२) मा सहकारी संस्थाहरूलाई कर्जा उपलब्ध गराउन सहकारी बैंकको स्थापना भएको थियो । वि.सं. २०२४ (सन् १९६७) मा ३ वटा कुराहरू (service products) — कृषि कर्जा, कृषि प्राविधिक सेवा र सामग्री उपलब्ध गराउने गरी छुट्टै कृषि विकास बैंक ऐन बन्यो र सहकारी बैंक कृषि विकास बैंकमा रूपान्तरण भएको थियो । सहकारी क्षेत्रको यो एउटा कोशेढुङ्गा थियो ।

कृषि विकास बैंकले २०३२ (सन् १९७५) मा साना किसान विकास कार्यक्रम (Small Farmers

Development Programme - SFDP) को थालनी गऱ्यो । कार्यक्रम सफल भएकोले देशभरि नै विस्तारको माग भयो र विस्तार गर्ने (Yunus, 2007) प्रक्रिया चलिरह्यो । पछि यी आयोजना कार्यालयहरू स्थानीय साना किसान सहकारी संस्थामा रूपान्तरित भए ।

धेरै प्रकारका आयोजना–केन्द्रित (Project -based) लघुवित्त नमूनाहरु कार्यान्वयन भएका थिए (नेपाल राष्ट्र बैंक २००५, २०१८) । वित्तीय समावेशीकरणको लागि नेपाल राष्ट्र बैंकले सन् १९७४ मा वाणिज्य बैंकहरुमार्फत सानाक्षेत्र कर्जा कार्यक्रम, प्राथमिकता क्षेत्र कर्जा, सघन बैंकिङ कार्यक्रम, विपन्न क्षेत्र कर्जा आदि कार्यक्रमहरु लागू गरेको थियो ।

पछिल्ला वर्षहरुमा नेपाल राष्ट्र बैंकले नगदरहित अर्थतन्त्र, उपभोक्ता संरक्षण, डिजिटल भुक्तानी, बैंकिङ प्रवर्द्धन, वित्तीय साक्षरता सञ्चालन गरिरहेको पाइन्छ । बैंक खाता नभएकाहरूलाई सन् २०१९ देखि "बैंकखाता खोल्ने" नीति लिएको देखिएको छ । यस्तै श्रम ऐन २०१८ ले सबै प्रतिष्ठानहरूले रोजगारमा रहेकालाई पारिश्रमिक अनिवार्य रूपमा बैंकखाता प्रयोग गर्नुपर्ने प्रावधान राखेको पाइन्छ ।

वित्तीय समावेशीकरण र ग्रामीण जनताबीच गहिरो सम्बन्ध रहेको छ । हिँउदमा एक थोपा पनि पानी नहुने तर वर्षात्मा अन्तर्राष्ट्रिय विमानस्थलझैं खहरेले गिट्टीबालुवाले आवादी जग्गा पुर्दै मूल प्रवाह छोडी जतामन लाग्यो उता गइरहेका खोलाहरूले खेती गर्ने किसान भूमिहीन बन्ने स्थितिमा पुगेका छन् । सही ढंगमा वित्तीय स्रोतलाई परिचालन गर्न नसकेको कारणबाट बैंकको ऋणमा किनेको भैंसीको दूध चियासँग साटेर अझ गरीब बनिरहेका छन् । (कुँवर, २०६०; Kunwar, 2010)

## पन्ध्रौं योजनामा वित्तीय समावेशीकरण

पन्ध्रौं योजना (आ.व.२०७६/७७– २०८०/८१) का वित्तीय समावेशीकरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित दफाहरु एकछिन् हेरौं ।

### *समष्टिगत अर्थतन्त्रअन्तर्गत बचत शीर्षक*

प्रमुख समस्या – प्रति व्यक्ति आय न्यून भएका कारण आयको ठूलो हिस्सा उपभोगमा खर्च हुनु, जीवन निर्वाह लागत उच्च रहेकोले न्यून आय भएका वर्गले अपेक्षित बचत गर्न नसक्नु, भड्किलो सामाजिक संस्कृति र बढ्दो सामाजिक खर्चका कारण मध्यम वर्गमा समेत उपभोग दर उच्च रहनु, सबै वर्ग तथा क्षेत्रमा वित्तीय पहुँच पुग्न नसक्नु, बचत सम्बन्धी उपकरणहरुको कमी हुनु, वित्तीय साक्षरताको कमी रहनु र पुँजी बजारको आधार साँघुरो रहनु बचत सम्बन्धी प्रमुख समस्या हुन् ।

**बचतको रणनीतिमा उल्लेख छ – बचत अभिवृद्धि तथा परिचालनमा अन्तरसहकारी समन्वय तथा निजी, सहकारी तथा सामुदायिक क्षेत्रको सहकार्य अभिवृद्धि गर्ने । सो रणनीतिको कार्यनीति निम्न अनुसार उल्लेख गरिएको छ ।**

- वित्तीय प्रणालीको विकास गरी सम्पूर्ण नागरिकमा वित्तीय पहुँच पुऱ्याइनेछ ।
- बैंक तथा वित्तीय क्षेत्रको पहुँच र सेवा विस्तार गरिनेछ ।
- सहकारी तथा सामुदायिक संस्थामार्फत न्यून आय भएका तथा साना बचतकर्ताको बचत तथा लगानी अभिवृद्धि गरिनेछ ।
- वित्तीय संस्था, सहकारी र सामुदायिक क्षेत्रसँगको सहकार्यमा स्थानीय तहबाट खासगरी दीर्घकालीन बचतको महत्वबारे वित्तीय सचेतना र साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय तहमा वित्तीय संस्थाको विस्तार एवं प्रदेश राजधानीमा प्रादेशिक समन्वय गर्ने गरी वित्तीय प्रणालीको संरचनात्मक सुधार गरिनेछ ।

### सहकारी क्षेत्र शीर्षक

प्रमुख समस्या – सहकारी सम्बन्धी शिक्षा र चेतनाको विस्तार अपेक्षित रूपमा हुन सकेको छैन । सहकारी क्रियाकलापको सघनता उत्पादन तथा स्वरोजगारको क्षेत्रमा नभई बचत तथा ऋणको कारोबार बढी देखिएको छ । केही सहकारी संस्थाहरुमा सहकारी सिद्धान्त, मूल्य, मान्यताको अनुशरणको अवस्था कमजोर रहेको छ । कतिपय सहकारी संस्था सुशासनको अभावले गर्दा समस्याग्रस्त अवस्थामा रहेका छन् । अत्यधिक संख्यामा सहकारी संस्थाको विस्तार, दोहोरो सदस्यता, वित्तीय सुशासनको कमी जस्ता कारणले यस क्षेत्रमा वित्तीय जोखिम रहेको छ ।

**सहकारी क्षेत्रको रणनीति– (१) सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न प्रोत्साहित गर्ने । यसको कार्यनीति निम्नानुसार छ ।**

- उद्यमशीलता विकास र स्थानीय पर्यटन प्रवर्द्धनमा सहकारीको भूमिकालाई बढाउँदै लगिनेछ ।
- वित्तीय पहुँच विस्तार र आर्थिक सामाजिक समावेशीकरणमा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । (ग) दिगो

विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउन सहकारी संघ/संस्थालाई अभिप्रेरित गरिनेछ ।

- उत्पादनमूलक क्षेत्रमा क्रियाशील रहेका प्रत्येक प्रदेशका कम्तीमा २ वटा सहकारी संस्थालाई नमूना सहकारी संस्था बनाउने व्यवस्था मिलाइनेछ ।

**रणनीति – (२) गरिब तथा विपन्न वर्गको संलग्नतामा सञ्चालन हुने व्यावसायिक आयोजनालाई वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउने । यसको कार्यनीति निम्नानुसार छ ।**

- सहकारीमार्फत स्वरोजगार सिर्जनामा सहयोगी हुने युवा तथा श्रमिकद्वारा सञ्चालित एवं अन्य सहकारी संघसंस्थालाई आयोजना सञ्चालनको लागि बीउ पुँजी तथा पुँजीगत अनुदान उपलब्ध गराइनेछ ।
- सहकारी संघसंस्थामार्फत उत्पादित वस्तुको प्रशोधन, भण्डारण, बजारीकरण र विविधिकरण सम्बन्धी आयोजनाको लागि वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ । साथै, सहकारीमार्फत कर्जा तथा बिमा सम्बन्धी क्रियाकलापलाई सहजीकरण गरिनेछ ।
- कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्न साना किसानहरूलाई सहकारीको माध्यमबाट एकीकृत गरी ठूलो आकारको खेती गर्दै वृहत् परिमाणमा कृषि उत्पादन, प्रशोधन र बजारीकरण गर्न आवश्यक सेवा तथा सुबिधा उपलब्ध गराइनेछ ।

**रणनीति – (३) सहकारी क्षेत्रको प्रवर्द्धनका लागि नीतिगत र संस्थागत प्रबन्ध मजबुत बनाउने । यसको कार्यनीति निम्नानुसार छ ।**

- उत्पादन, मूल्य श्रृंखला विकास तथा निर्यातमूलक वस्तु उत्पादन गर्ने आयोजनालाई विशिष्टीकृत सहकारी संघमार्फत सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- सहकारी संस्थाबाट उत्पादित वस्तु तथा सेवाको बजारीकरणको लागि ब्राण्डिङ गर्ने व्यवस्था गरिनेछ । उपभोक्ता सहकारी संस्थालाई क्रियाशील बनाउन प्रोत्साहन गरिनेछ ।
- पुराना साझा सहकारी संस्थाको सम्पत्ति संरक्षण गर्नुको साथै निष्क्रिय अवस्थामा रहेका संस्थाको पुनर्सञ्चालनको व्यवस्था मिलाइनेछ । नेपाल सरकार वा राष्ट्रिय सहकारी बोर्डको ५१ प्रतिशत वा सोभन्दा बढी स्वामित्व भएका साझा संस्थाको पुनर्संरचना गरिनेछ ।
- सहकारी क्षेत्रमा विशिष्टीकृत सहकारी सहकारी संघको ढाँचामा बचत तथा कर्जा सुरक्षण कोष र कर्जा सूचना केन्द्रको स्थापना गरिनेछ । यस क्षेत्रबाट लगानी भएको कर्जा असुलीलाई प्रभावकारी बनाउन कर्जा असुली न्यायाधीकरण गठन गरिनेछ ।
- सहकारीको सन्तुलित वितरण सुनिश्चित गरी प्रभावकारी सेवा प्रवाह गर्न आवश्यकता अनुसार एकीकरण तथा विस्तार गरिनेछ ।
- विस्तारित लेखा तयार गरी कुल गार्हस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान मापन गरिनेछ ।

**रणनीति – (४) सहकारी शिक्षा, नेतृत्व विकास र व्यवस्थापन तालिमलाई व्यापक बनाउने । यसको कार्यनीति निम्नानुसार छ ।**

- विद्यालयको पाठ्यक्रममा सहकारी विषय समावेश गर्नुको साथै विश्वविद्यालयमा सहकारिता विषयको शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सहकारी शिक्षा तथा तालिम सञ्चालन गर्ने विभिन्न संस्था तथा निकायको न्यूनतम मापदण्डको व्यवस्था मिलाइनेछ ।
- सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको पुनर्संरचना एवं साङ्गठनिक क्षमता विकास गरिनेछ ।
- सबै तहका सहकारी संघसंस्थामार्फत वित्तीय साक्षरता, सहकारी शिक्षा, तालिम र क्षमता अभिवृद्धिका क्रियाकलापहरु विस्तार गरिनेछ ।

**रणनीति – (५) एकीकृत अनुगमन प्रणालीको विकास गर्ने । यसको कार्यनीति निम्नानुसार छ ।**

- सहकारी संस्थामा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानुनको पालनालाई थप प्रभावकारी बनाइनेछ ।
- सहकारीको नियमन क्षेत्राधिकार अनुसार संघ, प्रदेश र स्थानीय तहबाट एकल तथा संयुक्त रूपमा अनुगमन प्रणाली विकास गरिनेछ ।

- सहकारी सम्बन्धी एकीकृत आधारभूत तथ्याङ्क तयार गर्न तथा नियमनलाई प्रभावकारी बनाउन सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) को प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- सहकारी संघसंस्थामा पारदर्शिता प्रवर्द्धन गरिनेछ ।

**रणनीति – (६) कृषि, बायोग्यास प्लान्ट र सहकारी क्षेत्रबाट उत्पादित वस्तुको प्रयोगको लागि प्रोत्साहन गर्ने । यसको कार्यनीति निम्नानुसार छ ।**

- सहकारी संघ/संस्था/कृषक समूह/व्यावसायिक फर्मको संलग्नतामा पशुपालन लगायतका अन्य माध्यमबाट बायोग्यास प्लान्टको स्थापना तथा सञ्चालन र प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिनेछ ।
- सहकारी संघ/संस्था/समूहलाई प्राङ्गारिक खेती, बायोग्यास तथा अन्य प्लान्ट स्थापना तथा सञ्चालनको लागि क्षमता अभिवृद्धिका क्रियाकलाप सञ्चालन गरिनेछ ।
- सहकारी संघ/संस्थाबाट उत्पादित वस्तुको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

### *समस्याको सम्बोधनको अभाव*

तर यहाँ अनौठो कुरा के देखिएको छ भने बचत शीर्षक र सहकारी क्षेत्र शीर्षकका ७/७ वटा समस्याहरूलाई थाती राखी नीति, रणनीति र कार्यनीति तर्जुमा गरेकोले पहिचान गरिएका समस्याहरू नै रनभूल्ल परेका छन् । त्यस्तै आवधिक योजनाहरूमा सहकारी क्षेत्रको वित्तीय महत्व अतिउल्लेख हुने गरेको तर सोही अनुसार विश्वसनियताको लागि पुँजी लगानी भएको पाइँदैन ।

## तालिका – १

**पन्ध्रौं योजना नतिजा खाका (वित्तीय समावेशीकरणसम्बन्धित)**

| क्र.सं. | नतिजा सूचक | इकाइ | आधारवर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधा घण्टाको दुरीमा वित्तीय संस्थामा पहुँच पुगेको परिवार | % | ८१ | ८५ | ८८ | ९१ | ९३ | ९५ |
| २ | बैङ्किग र वित्तीयसंस्था सेवामा आबद्ध जनसंख्या | % | ६०.९ | ६५ | ६८ | ७२ | ७६ | ८० |
| ३ | जीवन बीमामा आबद्ध जनसंख्या | % | १९ | २८ | ३४ | ३९ | ४२ | ४५ |
| ४ | सहकारीमा पहुँच (घरबाट ३० मिनटभित्र पहुँच भएको) घरपरिवार | % | ६० | ६२ | ६५ | ६७ | ७० | ७१ |
| ५ | सहकारी क्षेत्रको शेयर पुँजी | रू.अर्ब | ७७ | ७९ | ८१ | ८३ | ८४.५ | ८६ |
| ६ | सहकारी क्षेत्रमा कर्जा प्रवाह | रू.अर्ब | ३३३ | ३४५ | ३५६ | ३६७ | ३७८ | ३९३ |
| ७ | स्वरोजगार कोषमार्फत कर्जा प्राप्त रोजगार युवा | हजार | ६८ | ८० | ९२ | १०२ | ११६ | १२८ |
| ८ | प्राथमिकताप्राप्त क्षेत्रमा कर्जा प्रवाह अनुपात | % | १७.२ | २५ | २५ | २५ | २५ | २५ |
| ९ | जनसंख्या प्रतिबैंक र वित्तीयसंस्था शाखा | जना | ३,६६३ | ३,१२५ | २,९२१ | २,७७० | २,६८२ | २,६०० |
| १० | जनसंख्या प्रति बिमा कम्पनीशाखा | जना | १४,०२१ | ११,९५९ | १०,१९८ | ८,७५२ | ७,६२१ | ६,६३४ |
| ११ | कृषि बिमामा आबद्ध कृषक | % | १ | ४ | ६.५ | ८ | ९ | १० |
| १२ | स्वास्थ्य बिमामा आबद्ध जनसंख्या | % | ७ | ४० | ५० | ६० | ६० | ६० |
| १३ | सार्वजनिक धितोपत्रमा लगानी गर्ने जनसंख्या | % | ४.४ | ६ | ८ | ११ | १६ | २० |
| १४ | इन्टरनेटमा पहुँच जनसंख्या | % | ६५.९ | ६८ | ७१ | ७४ | ७७ | ८० |

*स्रोत : पन्ध्रौं योजना (आ.व.२०७६/७७–२०८०/८१)*

## *वित्तीय पहुँच स्थिति*

वित्तीय समावेशीकरणको परिसूचकहरूको प्रकाशनको रूपमा नेपाल राष्ट्र बैंकले मासिक रूपमा प्रकाशन गर्ने विवरणिकालाई लिन सकिन्छ । यसै सन्दर्भमा वित्तीय पहुँच (Financial Access) शीर्षकमा क वर्ग, ख वर्ग, र ग वर्ग समेत गरी ३ किसिमका बैंकहरूको सेवालाई (१२ सूचकहरु) समेटिएको पाइन्छ । तर त्यही मासिक विवरणिकाको अन्तिममा घ वर्गको लघुवित्तलाई समावेश गरेर बैंक प्रतिशाखा जनसंख्या (प्रदेशअनुसार) उल्लेख गरिएको छ ।

**तालिका – २**
**वित्तीय पहुँच (Financial Access)**
**बैंक तथा वित्तीय संस्थाहरू (क,ख,ग)**

| बैंक तथा वित्तीय संस्था | क वर्ग | ख वर्ग | ग वर्ग | जम्मा |
|---|---|---|---|---|
| बैंक तथा वित्तीय संस्था | २६ | १७ | १७ | ६० |
| शाखाहरु | ५,०३१ | १,१२० | २६९ | ६,४२० |
| निक्षेप खाता संख्या | ३९,४१,३२,२६ | ५,५३,६७,९५ | ६५,५९,७८ | ४,५६,०५,९९९ |
| कर्जा संख्या | १,४९,७७,६४ | ३,०१,४१४ | ४७,३३१ | १६,८२,८४५ |
| शाखारहित बैंककेन्द्रहरु | १,४८१ | २२ | ० | १५०३ |
| शाखारहित बैंककेन्द्रहरूका ग्राहक संख्या | २,९१,१६४ | १५५ | ० | २,९१,३१९ |
| मोबाइल बैङ्किग ग्राहक संख्या | १,६३,४६,३९७ | २१,९१,०१५ | १,०६,४२३ | १,८६,४३,८३४ |
| इनेट बैङ्किग ग्राहक संख्या | १२,९३,६६३ | ४,०२,७०८ | १०,४९८ | १७,०६,८६९ |
| एटिएम | ४,२६५ | ३२६ | ४५ | ४,६३६ |
| डेबिट कार्ड संख्या | १,०४,८०,८७१ | ५,५५,२७९ | ४४,८०० | १,१०,८०,९५० |
| क्रेडिट कार्ड संख्या | २,५०,६१२ | ६ | ० | २,५०,६१८ |
| प्रिपेड कार्ड संख्या | १,०७,११९ | १,०७८ | ० | १,०८,१९७ |

*स्रोतः नेपाल राष्ट्रबैंक, Banking & Financial Statistics (Monthly), Mid-Aug, 2022, (२०७९श्रावण)*

वित्तीय समावेशिताको सन्दर्भमा नेपाल राष्ट्रबैंक, Banking & Financial Statistics (Monthly), Mid-Apr, 2021, (२०७७ चैत्र) सँग तुलना गर्दा मुलुकभरि बैंक तथा वित्तीय संस्थाहरूका निक्षेप खाता संख्या ४ करोड ५६ लाख ६ हजार देखिन्छ जुन नेपालको २,९१,९२,४८० जनसंख्याभन्दा (केन्द्रीय तथ्याङ्क विभाग, २०७९) १ करोड ६४ लाख १४ हजारले बढी देखिन्छ । यसले के देखाउँछ भने एउटै व्यक्तिका दुई वा तीनभन्दा बढी बैंकमा खाता रहेका हुन सक्छन् । एकभन्दा बढी बैंकमा खाता खोल्न बन्देज नरहेको र आफूलाई अनुकूल हुने स्थान वा शाखामा खाता खोल्न सकिने र व्यक्तिले घोषणा नगरेसम्म वा तथ्याङ्क अद्यावधिक नगरेसम्म नेपालमा खाताका आधारमा वित्तीय पहुँचको मापदण्डलाई वास्तविकतामा उतार्न कठिन देखिन्छ । यही तर्क एटिएम डेबिट कार्डमा (कुल १ करोड १० लाख ८१ हजार) लागू हुने देखिन्छ र एक व्यक्तिसङ्ग दुई वा तीनभन्दा बढी कार्ड हुन सक्ने अनुमान गर्न सकिन्छ ।

पन्ध्रौं योजना (आ.व.२०७६/७७–२०८०/८१) नतिजाखाका तालिकाले वित्तीय संस्थाहरूमार्फत गरिने वित्तीय पहुँच ((घरबाट ३० मिनटभित्र पहुँच भएको) पुगेको परिवार) हाल ८१% रहेको देखाएको र योजनाको अन्तिम वर्षसम्ममा ९५% पुऱ्याउने लक्ष्य राखेको छ । अर्कोतिर सहकारीमा पहुँच घरपरिवार हालको ६०% बाट ७१% मा पुऱ्याउने लक्ष्य लिएको देखिन्छ । मुलुकभरिमा बैंक तथा वित्तीय संस्थाको तुलनामा गाउँ र दुर्गम स्थानमा समेत सहकारी संस्थाहरू सञ्चालनमा रहेकोमा पन्ध्रौं योजनाले अहिलनै बैंकहरूको पहुँच ८१% रहेको र सहकारी संस्थाहरूको पहुँच ६०% कसरी प्रक्षेपण गरिए होला, अनौठो देखिन्छ ।

कुल सहकारी संघसंस्थाको संख्यामध्ये वाग्मती प्रदेशमा १०,४१८ अर्थात् ३५% भन्दा बढी अवस्थित रहेकोले यो प्रदेशका ठूला शहरहरूमा ३० मिनटमा सहकारीमा पहुँच घरपरिवारको प्रतिशतमाथि रहे पनि अन्यत्र फरक देखिन सक्छ । अतः वित्तीय

समावेशीकरणको दृष्टिकोणबाट ३० मिनटमा सहकारीमा पहुँच घरपरिवार पुनरावलोकनयोग्य देखिएको छ ।

आर्थिक सर्वेक्षण (२०७८/७९) ले २०७८ फागुनसम्ममा सहकारी संस्थाहरूको संख्या ३०,८७९ रहेको, शेयर सदस्य संख्या ७३,३७,२५२ र शेयर पूँजी रू.९४ अर्ब १२ करोड देखाएको छ । सो अवधिमा सहकारी क्षेत्रमा कर्जा प्रवाह रू. ४ खरब ७७ अरब ९९ करोड बचत परिचालन भई रू. ४ खरब २६ अर्ब ३१ करोड कर्जा प्रवाह भएको देखाएको छ ।

२०७९ आषाढसम्ममा नेपाल राष्ट्र बैंकको वित्तीय पहुँच मासिक तथ्याङ्कअनुसार क, ख, ग वर्गको निक्षेप खातासंख्या ४,५६,०५,९९९ र लघुवित्त संस्था निक्षेप सदस्य संख्या ५९,५०,३५६ (कूल सदस्य संख्याभन्दा निक्षेप संख्या ६२,६१३ बढी देखाइएको?) गरी ५,१५,५६,३५५ हुन आउँछ । यसलाई कुल जनसंख्या २,९१,९२,४८० सँग हिसाब गर्दा १७७% हुन आउँछ । अझ यसमा बचत तथा ऋण सहकारी संस्थाका सदस्यसंख्या ४१,९४,०८० समेत गरी हुन आउने ५,५७,५०,४३५ संख्यासँग कुल जनसंख्या २,९१,९२,४८० लाई हिसाब गर्दा १९१% हुन आउँछ । यसैले नेपालको वित्तीय पहुँचको आँकडा र यथार्थ स्थितिमा धेरै भिन्नता रहेको प्रष्ट देखिन्छ जसले गर्दा सर्वसाधारणको लागि वास्तविक योजना तर्जुमा झन टाढा हुँदै गएको छ भन्न सकिने ठाउँ रहेको छ ।

## तालिका – ३
### प्रदेशगत सहकारी संस्थाहरूको कारोबार स्थिति

| प्रदेश | संघ/संस्था | | सदस्य | शेयर पुँजी | | बचत | | बाँकी कर्जा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | रू. लाखमा | % | रू. लाखमा | % | रू. लाखमा | % |
| प्रदेश १ | ४,७३७ | १६ | ९,३५,७०० | ८,२०,०३ | ९ | ४१,२१,०० | ९ | ३८,९५,२९ | ९ |
| प्रदेश २ | ४,१५३ | १४ | ५,५५,१९७ | २,३६,५२ | ३ | २३,१९,९६ | ५ | १५,०५,१२ | ४ |
| वागमती | १०,४१८ | ३५ | २७,१७,४६९ | ५१,४०,६४ | ५५ | २,१४,६६,२२ | ४५ | १,९९,८६,४७ | ४७ |
| गण्डकी | २,६७१ | ९ | ११,१६,६३२ | २२,०५,१० | २३ | ८६,०७,४६ | १८ | ८८,३७,८१ | २० |
| लुम्बिनी | ३,७५५ | १२ | ८,९८,६११ | ५,८२,२३ | ६ | ५९,९६,३८ | १२ | ४०,८०,६८ | १० |
| कर्णाली | १,९६७ | ७ | ४,०४,९५६ | १,९१,८१ | २ | ८,८६,८२ | २ | ७,९२,५२ | २ |
| सुदूर पश्चिम | २,०६० | ७ | ५,४२,९८९ | २,०१,५१ | २ | १०,४४,३५ | २ | ११,५०,०० | २ |
| नियमन, क्षेत्रगत | १,२५ | – | १,३५,९३८ | ३२,६६ | – | ३३,५३,९२ | ७ | २३,७८,३८ | ६ |
| **जम्मा** | **२९,८८६** | **१००** | **७३,०७,४६२** | **९४,१०,५०** | **१००** | **४,७७,९६,११** | **१००** | **४,२६,२६,२३** | **१००** |

*स्रोतः सहकारी झलक २०७७ (सहकारी विभाग, २०७७।९।२०)*

मुलुकभरि २९,८८६ सहकारी संघसंस्थाहरू छन् र ७५३ पालिकाहरूमध्ये सहकारी संस्थाहरु शुन्य रहेका पालिकाहरु ४ वटा (मनाङ जिल्लामा ३ र डोल्पा जिल्लामा १) मात्र छन् । यस तालिकाले सबभन्दा बढी सहकारी संस्थाहरूको संख्या वाग्मती प्रदेशमा ३५% छ र शेयर पुँजीका हिसाबले ५५%र बचतमा ४५% र कर्जा बाँकीमा ४७% रहेको छ । सहकारी संख्याको हिसाबले प्रदेश १ मा १६% देखिन्छ भने शेयर पुँजी, बचत र कर्जा तीनौटामा क्रमशः ९%, ९% र ९% मात्र छ । गण्डकी प्रदेशमा सहकारी संख्याको हिसाबले ९% मात्र भए तापनि शेयर पुँजी मुलुकभरिमा दोस्रो अर्थात् २३% छ, बचत १२% र कर्जा २०% देखिन्छ । लुम्बिनी प्रदेशमा सहकारी संस्था संख्या १२% छ भने शेयर पुँजी ६%, मात्र छ तर बचत १२% र कर्जा १०% रहेको देखिन्छ । प्रदेश २ मा सहकारी संस्थाको संख्या १४% भए तापनि शेयर पुँजी, बचत र कर्जामा कमजोर देखिएको छ ।

२०७८ जेष्ठसम्ममा बचत तथा ऋण सहकारी संस्थाहरुको कुल पुँजी रू. २ खर्ब ६७ अर्ब ६७ करोड १० लाख (शेयर रकम रू. ३८ अर्ब करोड ४१ करोड ३५ लाख + बचत रू. २ खर्ब २९ अर्ब २५ करोड ७४ लाख) बाट कर्जा लगानी भएको रकम रू. २ खर्ब ३४ अर्ब ७० करोड ३९ लाख घटाउँदा नपुग हुने रकम रू. ३२ अर्ब ९६ करोड ७१ लाख (१२%) बैंक मौज्दात वा कोषहरूमा रहनुपर्ने देखिन्छ । कर्णाली प्रदेश (१७ करोड ३४ लाख) सुदूर पश्चिम प्रदेश (कुल

पुँजीभन्दा कर्जा रू.२२ करोड ३२ लाख बढी देखिएको) बाहेक अरू ५ वटै प्रदेशमा यो किसिमको स्थिति रहेको देखिन्छ ।

२०७८ जेष्ठसम्ममा २९,८८६ कुल सहकारी संघसंस्थाहरू छन् जसमध्ये ४०७१ वटा अर्थात् १४% बचत तथा ऋण सहकारी संस्थाहरूसंग कुल सहकारी क्षेत्रका सदस्यसंख्या ७३ लाख ७ हजारमध्ये ४१ लाख ९४ हजार (५७%) छन् । सहकारी क्षेत्रको कुल शेयर पुँजी रू. ९४ अर्ब १० करोडको ४१% अर्थात् रू. ३८ अर्ब ४१ करोड बचत तथा ऋण सहकारी संस्थाहरूको हिस्सा रहेको छ । सहकारी क्षेत्रको कुल बचत रू. ४ खर्ब ७७ अर्व ९६ करोडमध्ये यसको हिस्सा रू. २ खर्ब २९ अर्ब २५ करोड ४८% अर्थात् करीब आधा छ । त्यस्तै सहकारी क्षेत्रको कुल कर्जा बाँकी रू. ४ खर्ब २६ अर्ब २६ करोडमध्ये रू. २ खर्ब ३४ अर्ब ७० करोड अर्थात् ५५% बचत तथा ऋण सहकारीको हिस्सा रहेको छ ।

## तालिका – ४

**बचत तथा ऋण सहकारी संस्थाहरू (Savings and Credit Cooperatives - SACCOS)**

| प्रदेश | सस्थाको संख्या | सदस्य संख्या | शेयरपुँजी (रू.लाखमा) | बचत (रू.लाखमा) | बाँकी कर्जा (रू.लाखमा) | शेयर + बचत = नपुग (रू.लाखमा) |
|---|---|---|---|---|---|---|
| प्रदेश १ | ५१० | ६,८७,९५१ | ४,८५,८६ | २५,०८,१४ | २९,७५,५६ | (१८,४४) |
| प्रदेश २ | ३८९ | ३,०६,२८५ | १,५१,६३ | १३,९२,४५ | १३,४८,०७ | (१,९६,०१) |
| वागमती | २,०२३ | १८,९५,९५५ | २०,५३,५७ | १,२९,७७,५१ | १,२६,१३,१६ | (२४,१७,९२) |
| गण्डकी | ४५३ | ६,५३,६०४ | ७,४१,५५ | ३८,०९,३१ | ३९,२४,६० | (६,२६,२६) |
| लुम्बिनी | ४२५ | ४,३२,९१२ | ३,२९,४२ | १८,१६,७५ | २०,६८,४३ | (७७,७४) |
| कर्णाली | ११२ | १,०३,४९८ | ४९,१३ | २,९२,८२ | ३,५९,२९ | १७,३४ |
| सुदूर पश्चिम | १५९ | १,१३,८७५ | ३०,२० | १,२८,७६ | १,८१,२८ | २२,३२ |
| **जम्मा** | **४,०७१** | **४१,९४,०८०** | **३८,४१,३५** | **२,२९,२५,७४** | **२,३४,७०,३९** | **३२,९६,७१** |

*स्रोत : नेफ्स्कून, जेष्ठ २०७८*

यसै सन्दर्भमा, नेपाल बचत तथा ऋण केन्द्रीय संघ लि. (Nepal Federation of Savings and Cooperative Unions Ltd. - NEFSCUN) मुलुकका बचत तथा ऋण सहकारी संस्थाहरूका र तिनीहरूका संघको राष्ट्रिय निकायको रूपमा कार्यरत छ । यसको पछिल्लो तथ्यांक अनुसार आबद्ध संघसंस्थाहरू ४,४९७ पुगेका छन् र तीमध्ये ९२१ ले अर्थात् २०% ले मात्र कर्जा लिएको देखिन्छ । तर अर्कोतिर ती संघसंस्थाहरूको कुल बचतको ९९% कर्जा प्रवाह भएको तथ्यांकले उपलब्ध पूँजी र लगानीबीचको तादाम्यको कारण, विश्लेषण र समाधानको आवश्यकतालाई इँगित गरेको छ । "बचत नै ऋण" वा "ऋण नै बचत" रहेको संकेत गरिरहेको छ ।

## तालिका – ५

**संघमा आबद्ध संघसंस्थाहरूको २०७९/०५/३१ को वित्तीय विवरण (अपरिष्कृत)**

| विवरण | रकम रू.हजारमा |
|---|---|
| शेयर पूँजी | १,६८,९१,५० |
| जगेडा कोष | ३४,७९,२६ |
| कुल बचत | १५,९७,२०,०५ |
| कुल ऋण लगानी | १५,७६,४१,८६ |
| तरलता | २,८६,९४,६६ |
| तरलता प्रतिशत १७.९७% | |
| कुल शेयर सदस्य संख्या (संघसंस्था) ४,४९७ | |
| कुल ऋणी संख्या (संघसंस्था) ९२१ | |
| स्रोत : नेफ्स्कून, आश्विन २०७९ | |

## सहकारी क्षेत्र सम्बन्धी समस्याहरू

(१) एउटै ठूलो लगानी समूहले बैंक, सहायक कम्पनीको रूपमा इनभेष्टमेन्ट कम्पनी,बिमा कम्पनी, लघुवित्त वित्तीय संस्था, रियल स्टेट कारोबार सहितको खर्बौ रकमको सञ्जालले खोलेका काठमाडौं शहर केन्द्रित बचत तथा ऋण सहकारी संस्थाको जोखिमपूर्ण कारोबार भई बचतकर्ताहरु अप्ठेरोमा परेको गुनासो पाइएको । तर यसै बीचमा सहकारी क्षेत्र र निजी क्षेत्रका निकायहरूबीच प्रतिस्पर्धा वा असहिष्णु सांकेतिक व्यवहार भए पनि निजी क्षेत्रद्वारा प्रवर्द्धित बचत तथा ऋण सहकारी संस्थालाई आफ्नै लगानी समूहको

स्तर दिने र सामिप्यहुने वित्तीय स्वभावलाई सकारात्मक मान्न सकिने र अरू सहकारीमा समेत निजी क्षेत्रको यो स्वभावलाई घुलनशील बनाउने विचारणीय विषय बनेको पाइयो । यसले विकासशील देशहरूमा कसरी सहकारी सिद्धान्तको मर्म "एक व्यक्ति, एक मताधिकार" र कम्पनीको मर्म "जति धेरै पूँजी, त्यति धेरै मताधिकार" बीचको सैद्धान्तिक तथा पूँजीगत द्वन्द र मिलेमतो (syndicate) लाई उजागर गरेको छ ।

(२) वित्तीय समावेशीकरणको परिसूचकहरूको प्रकाशनको रूपमा नेपाल राष्ट्र बैंकले मासिक रूपमा प्रकाशन गर्ने विवरणिकालाई लिन सकिन्छ । यसै सन्दर्भमा २०७७ चैत्रको Banking & Financial Statistics (Monthly), Mid-Apr, 2021 मा वित्तीय पहुँच (Financial Access) शीर्षकमा क वर्ग, ख वर्ग, र ग वर्ग समेत गरी ३ किसिमका बैंकहरूको सेवालाई (१२ सूचकहरु) समेटिएको पाइन्छ । तर त्यही मासिक विवरणिकाको अन्तिमतिरमा घ वर्गको लघुवित्तलाई पनि समावेश गरेर बैंकप्रतिशाखा जनसंख्या (प्रदेशअनुसार) उल्लेख गरिएको छ ।

(३) केन्द्रीय बैंकलेनै वित्तीय समावेशीकरण सम्बन्धी सभासम्मेलनमा पेश गरिने Country paper मा सहकारी क्षेत्र पनि नेपालले (अन्य देशले सहकारी बैंकलाई मात्र उल्लेख गरेको पाइयो ।) मात्र उल्लेख गर्ने गरेको ।

(४) नेपाल राष्ट्र बैंक एउटै निकायबाट मौद्रिक, बैङ्किगका कार्यहरूका साथै नियमन तथा सुपरिवेक्षण कार्य पनि सङ्गै गर्नुपर्ने भएकोले शक्ति पृथकीकरणको सिद्धान्तको परिपालनामा व्यवहारिक कठिनाइ भै वित्तीय समावेशीकरण, सरल पहुँच जस्ता विषय आफ्रेलमा परेको गुनासो पाइएको । लघुवित्त नियमनको लागि दोस्रो तहको नियमन निकाय हुनुपर्ने भन्ने सम्बन्धमा दुई दशकभन्दा अघिदेखि अन्तर्राष्ट्रिय निकायहरूले राखेको चासो नेपालमा हालसम्म कार्यान्वयन हुन नसकेको ।

(५) विशिष्टीकृत निकायलेझैं सबै खाले जिम्मेवारी लिनुपर्ने सरकारी निकाय नेपाल सरकारको सहकारी विभागले सहकारी संस्थाहरूको रजिष्ट्रेसन गर्ने र नियमन पनि गरिरहेको (उदाहरण – शक्ति पृथकीकरण र चेक एण्ड ब्यालेन्स– चालक अनुमतिपत्र दिने र ट्राफिक जाँच निकाय फरक गरिएको) र नियमनको लागि विशेष दक्षतायुक्त सीप आवश्यक पर्ने भएकोले नियमन स्वतन्त्र, आवधिक र गहन हुन नसकेको गुनासो पाइएको ।

(६) सहकारीको नियमन नियमित नहुने गरेको । उदाहरणको लागि, काठमाडौ उपत्यकाको शहरमा २०६७ सालमा स्थापित बचत तथा ऋण सहकारी संस्थाको हालसम्म एक पटक पनि स्थलगत निरीक्षण नभएको गुनासो पाइएको । सहकारी संस्थाको नियमन कमजोर रहेकोले सहकारी संस्थामा निक्षेपको रूपमा राखेको बचतनै डुबेको घटनाहरु सञ्चार माध्यममा आइरहने गरेको ।

(७) सहकारी सम्बन्धी एकीकृत आधारभूत तथ्याङ्क तयार गर्न तथा नियमनलाई प्रभावकारी बनाउन सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) को प्रभावकारी कार्यान्वयनको नतिजा आइ नसकेकोले केन्द्रीय बैंकले जस्तै वित्तीय स्थितिको मासिक, त्रैमासिक, वार्षिक प्रकाशनहरु समयमै नहुने गरेको ।

(८) सहकारी संस्थाहरूको पुँजी तथा कारोवार आर्थिक स्वनिर्भर मापन (economies of scale) मा सञ्चालन हुन नसकेको कारणबाट वित्तीय सेवा दिन गाह्रो परेको पाइन्छ । सीमित क्षेत्रमा र आफ्ना सदस्यहरूबीच मात्र गर्न सक्ने कानुनी प्रावधानको कारणले गुणस्तरीय, व्यवस्थापन, कम लागतको पुँजीको व्यवस्था, कारोबारको आयतन बढाउने जस्ता कामहरु सबै संस्थाहरूको लागि सम्भव नरहेकोले जेनतेन चलेका हुँदा वित्तीय समावेशीकरणका सेवा दिन कठिनाइ भएको गुनासो पाइएको ।

## समाधानका उपायहरू

नेपालमा वित्तीय समावेशीकरण सम्बन्धी अध्ययनले कुन निकायले, कति अबधिभित्र कुन कुन काम गर्ने कार्ययोजना सिफारिस गरेका विषयहरू र अरू थप बुँदाहरू तल दिइएको छ ।

(१) दुई किसिमका, (क) खर्बौ रकमको सञ्जालले खोलेका काठमाडौं शहर केन्द्रित बचत तथा ऋण सहकारी संस्था, र (ख) ग्रामीण दुर्गम स्थानमा वास्तविक न्यून आय भएका वर्गले खोलेका बचत तथा ऋण सहकारी संस्थाको नियमनको स्तर एवं सरकारी सहकारी छूट सुविधाको तह हाल समान रहेको अवस्थालाई वित्तीय समावेशीकरणमा कसरी योगदानयोग्य बनाउन सकिन्छ

नेपाल सरकार, बिधि निर्माताहरु, नीति निर्माताहरु स्पष्ट हुनुपर्ने ।

(२) काठमाडौं उपत्यका लगायतका शहर केन्द्रित खासगरी बचत तथा ऋण सहकारी संस्थाहरूलाई सम्भावना र क्षमताका आधारमा सबै क्षेत्र ओगटने गरी एकीकृत गर्ने । सहकारी संस्थाहरु शुन्य रहेका पालिकाहरु ४ वटा (मनाङ जिल्लामा ३ र डोल्पा जिल्लामा १) मा सम्भाव्यता अध्ययन र सामर्थ्यका आधारमा खोल्ने ।

(३) वित्तीय समावेशीकरणको दृष्टिकोणबाट ३० मिनटमा सहकारीमा पहुँच भएको घरपरिवारको आधार वर्षको तथ्याङ्कको लागि मापदण्ड बनाई परिसूचक लागू गर्ने ।

(४) २०७८ फागुनसम्ममा कुल सहकारी संघसंस्थाहरू ३०,८७९ मध्ये ८,७६५ सहकारी संस्थाहरूमा मात्र सहकारी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) लागू (आर्थिक सर्वेक्षण, २०७८/७९) भएको छ । हालसम्म २८% मात्र लागू भएकोले सबै बचत तथा ऋण सहकारी संस्थाहरूमा तत्कालै लागू गर्ने र अरु सहकारी संस्थाहरूमा क्रमिक रुपले लागू गर्ने व्यवस्थालाई चाँडै विस्तार गर्ने रणनीति लिने । केन्द्रीय बैंकले जस्तै वित्तीय स्थितिको मासिक, त्रैमासिक, वार्षिक प्रकाशनहरु समयमै प्रकाशित गर्ने ।

(५) नेपालमा हाल (अ) सबै प्रकारका प्रविधियुक्त र आवधिक, गहन र सघन नियमन हुनसक्ने क वर्गका वाणिज्य बैंकहरु मात्रको वित्तीय पहुँचलाई मानिन्छ, वा (आ) केन्द्रीय बैंकबाट नियमन हुने क+ख+ग वर्गका बैंक तथा वित्तीय संस्थाहरु समेतलाई मानिन्छ, वा (इ) क+ख+ग+घ सबै वर्गका अर्थात् लघु वित्तीय संस्थाहरूसमेतलाई मानिन्छ, स्पष्ट हुनु जरूरी छ । त्यस्तै (ई) सहकारी विभागको नियमनमा पर्ने सहकारी संस्थामध्ये बचत तथा ऋण सहकारी संस्थाहरु पनि वित्तीय समावेशीकरणभित्र पर्छन् वा (उ) सबै सहकारी संघ/संस्थाहरूसमेत वित्तीय समावेशीकरणमा पर्छन् स्पष्ट गरी परिसूचक निर्धारण गर्ने ।

(६) लघुवित्त तथा वित्तीय सहकारीको नियमनको लागि दोस्रो तहको नियमन निकाय गठन गर्ने र नियमनलाई भरपर्दो बनाउने । सर्वमान्य नियमन मापदण्डको अनुपालना (compliance) पूरा गरेपछि मात्र यो क्षेत्रलाई वित्तीय समावेशीकरण स्तरमा समावेश गर्ने ।

(७) वित्तीय सहकारीको नियमनको लागि दोस्रो तहको नियमन निकाय गठन नहुन्जेलसम्म सहकारी विभागमा नियमनको लागि विशेष दक्षतायुक्त सीप विकास गर्ने र नियमन कार्यलाई दृढतापूर्वक गर्ने वातावरण मिलाउने र थप प्रात्सोहन व्यवस्था समेत गर्ने । नियमन सुपरिवेक्षणका प्रकारहरु, अवधि र संख्याको लक्ष्य निर्धारण गरी प्रगति समीक्षा तथा अनुगमन तालुक मन्त्रालयका सचिवको अध्यक्षतामा हुने व्यवस्था गर्ने ।

(८) विद्यालय शिक्षामा आधारभूत वित्तीय ज्ञान दिनको लागि सहकारी शिक्षाको पाठ्यक्रममा समावेश गर्ने व्यवस्था गर्ने । यसबाट आधारभूत जनशक्तिको आपूर्ति र रोजगारी सिर्जना हुने छ । (यसमा सहकारी क्षेत्रसँग आवद्ध सँस्थाहरूको सहभागितामा राष्ट्रिय पाठ्य विकास केन्द्रले काम अगाडि बढाइसकेको जानकारी भएको छ ।)

## निष्कर्ष (Conclusions)

कुनै पनि नीति बनाउँदा विशेष गरी जहाँका जनताको लागि नीति बनाउने हो उनीहरूको आवश्यकता, चाहना र सामाजिक, सास्कृतिक तथा आर्थिक मूल्य र मान्यतालाई ध्यान दिन आवश्यक रहेको मानिन्छ । (Public Policy Design and Delivery Course, Harvard Kennedy School, Harvard University, Boston, 2022) त्यसको लागि उनीहरूले भोगिरहेका समस्या (Problem identification) को पहिचान गर्नुपर्छ । पहिले नै समाधानको पूर्वाग्रह राख्दा असफल हुने डर हुन्छ । ती पहिचान भएका समस्याहरूको समाधानका विकल्पहरू (Problem solution options) खोज्नुपर्छ । ती उपायहरू कत्तिको उपयुक्त छन्, नीतिगत त्रिकोण रणनीति (Policy Triangle Strategy) जाँच गर्नुपर्छ – प्राविधिक उपयुक्तता (Technically correctness), राजनैतिक सहमति (politically supportability) र कार्यान्वयन गर्ने निकायको सक्षमता (Organisational implementability) को स्थिति परख गर्नुपर्छ ।

नेपाल सरकारको सहकारी विभाग, राष्ट्रिय सहकारी बोर्ड; राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून), विभिन्न तहका सहकारी संघसंस्थाहरूले काम गरिरहेका छन् । नेपालमा वित्तीय समावेशीकरणको लागि सहकारी क्षेत्रको भूमिका स्पष्ट हुनु र सोही अनुसारको सहभागिता तथा स्वामित्वसहित राष्टिय वित्तीय समावेशीकरण रणनीति मै परिमार्जन गर्नुपर्ने देखिएको छ । हुँदै नभएको 'विकास' भयो भनेर देखाउँदैमा समृद्धि आउने होइन, भोगेर महसुश गर्ने विषय हो । अन्तर्राष्ट्रिय दात्री

वा नियमन निकायहरूलाई मिथ्यांक दिँदा विश्वसनियता घटछ र अपेक्षित सहयोग पाइँदैन । उदाहरणको रूपमा मुलुकभरिका युवालाई बेराजगार भत्ता उपलब्ध गराउन सकिने उद्घोष र स्रोत बिनाको कार्यक्रमले विकसित मुलुकका नीतिनिर्माताहरूलाई पनि झस्काएको तथ्य स्मरणीय छ ।

## References


BIS (2015). *Financial Inclusion Indicators*. IFC Bulletin No. 38, Bank for International Settlement.

Ferrari, A. (2007). *Access to Financial Services in Nepal, Directions in Development; Finance*. Washington, DC: World Bank. © World Bank.

*G20 Financial Inclusion Indicators*. (2021). Global Partnership for Financial Inclusion (GPFI).

नेपाल सरकार, अर्थ मन्त्रालय, (२०७८), आर्थिक सर्वेक्षण २०७८/७९, काठमाडौं, नेपाल

नेपाल सरकार, राष्ट्रिय योजना आयोग सचिवालय (२०७८), नेपालमा वित्तीय समावेशीकरण अध्ययन २०७८, काठमाडौं

नेपाल सरकार, राष्ट्रिय योजना आयोग सचिवालय (२०७५), पन्ध्रौं योजना (२०७६/७७–२०८०/८१), काठमाडौं

नेपाल सरकार, सहकारी विभाग (२०७७). सहकारी झलक, काठमाडौं,

कुँवर, कृष्णबहादुर (२०६०), नेपालमा गरीबी र ग्रामीण विकास, मीना प्रकाशन, काठमाडौं

Kunwar, Krishna Bahadur. (2010). *Rural Development in Developing Countries.* Meena Prakashan, Kathmandu

NRB (1981). *Nepal Rastra Bank in 25 Years (in Nepali)*. Nepal Rastra Bank, Kathmandu

NRB (2020). *Nepal Financial Inclusion Action Plan*. Kathmandu

Nepal Rastra Bank. (2022). *Banking & Financial Statistics (Monthly), Mid-Aug, 2022*. Kathmandu

Nepal Rastra Bank. (2020). *SAARCFINANCE* Webinar on “Financial Inclusion” Kathmandu

Yunus, M. (2007).*Creating a World Without Poverty*. Public Affairs, New York.

World Bank (2014).*Global Financial Development Report 2014: Financial Inclusion*. World Bank, Washington DC.



साकोस आवाज
सहकारी सँगै सञ्चार



कृपया सहकारी समाचारका लागि:
saccosaawaj.coop.np मा जानुहोला ।

यदि तपाईंसँग कुनै समाचार भएमा
saccosaawaj@gmail.com मा पठाउनुहोला ।

Like
Comment
Share



# क्रेडिट युनियनको छवि र विश्वास अभिबृद्धि गर्न सुशासन श्वेत अवधारणा



**प्रकाश प्रसाद पोखरेल**
प्रमुख कार्यकारी अधिकृत
नेफ्स्कून

हाल सहकारीको मुल्य तथा सिद्धान्तहरूको व्यवहारिक कार्यान्वयनमा प्रश्न चिन्ह खडा भएको र सहकारीको ध्येय र अस्तित्वमा विचलन पैदा भएको छ । यसका लागि असल तथा कानूनी शासन पद्धति बाट नै सहकारी प्रतिको विश्वास र छवि बढाउन सकिन्छ । वातावरणीय तथा सामाजिक प्रभाव विना दिगो सोच राखी कुनै क्षेत्रमा सेवा लिने र दिने पक्ष सन्तुष्ठ रहने अवस्था तथा समग्र व्यवस्थापन नै सुशासनको सूचक हो । देशमा उपलब्ध आर्थिक एवं सामाजिक संशाधनको उचित व्यवस्थापनको लागि सरकारद्वारा गरिने शक्ति प्रयोगको तरिकालाई शासन (Governance) एवं प्रभावकारी, जवाफदेही, जनसहभागितात्मक, पारदर्शी शासन व्यवस्थालाई सुशासन (Good Governance) भनी विश्व बैकले परिभाषित गरेको छ । त्यसैले सुशासनले भ्रष्ट्राचारविहिन, कानूनको शासनप्रति प्रतिवद्ध व्यवस्थापनलाई संकेत गर्दछ जुन हाल सहकारी सञ्चालन पद्धतिमा विचलन देखिएको अवस्था हो ।

सुशासनमा मुख्य विषयहरू कानूनी राज्य, पक्षपातरहीत, उत्तरदायित्व र जवाफदेही, सहभागितात्मक, अनुगमन, पारदर्शिता, समतामूलक र समावेशी, सिर्जनशिलता, लैङ्गिक दृष्टिकोणबाट संवेदनशील एवं अल्पसंख्यक समुदायको सशक्तिकरण, सहमतिको आधारमा चल्ने वातावरण, प्रभावकारी र कुशल व्यवस्थापन कार्यशैली र वातावरण आदि हुन, अत सहकारीमा सुशासन प्रत्याभूत गर्न निम्न कुराको कार्यान्वयन आवश्क छः

- बार्षिक कार्यक्रम, रणनीतिक व्यवसायिक योजना, साधारणसभाको निर्णयानुसार चल्ने ।
- सदस्यले उत्तरदायित्व वहन गर्ने (साधारण सभामा सक्रिय सहभागिता जनाउने, आफ्ना कुरा राख्ने र साधारण सभाले गरेको निर्णयलाई (यदि आफु साधारण सभामा अनुपस्थित भए पनि) आत्मसाथ गरी कार्यान्वयनमा सहयोग गर्ने,
- पुँजी प्रवाहद्वारा उद्यमशिलताको विकास गर्ने ।
- महिला जनजाती, समाजका न्युन वर्गको उत्थान एवं समूदायप्रति चासोका कार्यक्रम सञ्चालन गर्ने साथै सहकारीका अन्य सिद्धान्त साथै बचत तथा ऋण सहकारीका हकमा थप विश्व ऋण परिषदले जारी गरेका सिद्धान्तहरू तथा मुल्य मान्यतालाई संस्था सञ्चालनको आधार बनाउने,
- संस्थाका सञ्चालक

साधारणसभा प्रति उत्तरदायित्व वहन गर्ने, साधारणसभाले उठाएका प्रश्नहरूको सम्बोधन गर्ने सदस्यहरू प्रति उत्तरदायि रहने ।

- संस्थाले सम्पादन गर्ने कार्य छिटो गुणस्तरीय एवं प्रभावकारी तुल्याउने जसले प्रभावकारीता र कुशलतामा बृद्धि गरी सिर्नजी प्रभावलाई सहयोग गर्दछ ।
- संस्था स्वीकृत विनियम अनूसार सञ्चालन गर्ने गराउने, आवश्यकता अनुसार साधारणसभा र नियमन निकायको स्वीकृतीमा विनियम संशोधन गरी विद्यमान तथा उदीयमान सवाललाई सम्बोधन गर्ने ।
- सहकारीको सिद्धान्त तथा मुल्य अनुरूप चल्ने,
- अरूको कुरा सुन्ने नकी आफ्नो कुरा मात्र लाद्ने (Responsive),
- संस्थाको निर्णय, कारोबारको सम्वन्धमा पारदर्शिता कायम गर्ने (Reporting),
- प्रजातान्त्रिक रूपमा संस्था सञ्चालन गर्ने, (leadership Succession Plan, Change on Leadership)
- पक्षपात विना उचित निर्णय गर्ने,
- आर्थिक मित्तव्ययी हुने,
- प्रभावकारी तथा कुशल व्यवस्थापन गर्ने ।

**सुशासनमा सञ्चालकको जिम्मेवारी**:

**(क) बैधानिक अधिकार वा स्वामित्व (Fiduciary):** संस्थाका सम्बन्धित सम्पूर्ण पक्षहरूको हितको रक्षा गर्ने जिम्मेवारी सञ्चालकको हो । संस्थाका लगानी कर्ताहरु, कर्मचारी र सदस्यहरु बीच सन्तुलन र नियन्त्रणको सिद्धान्तमा सञ्चालकहरूले कार्य गर्नु पर्दछ । व्यवस्थापनले संस्थाको हितमा कार्य गरे नगरेको सञ्चालकहरूले हेर्नु पर्दछ ।

**(ख) रणनैतिक (Strategic):** व्यवस्थापनले पेश गरेको योजनाहरूको गहन छलफल गरी भावि जोखिमहरूको समेत विचार गरी रणनीतिक योजना बनाउने कार्य सञ्चालकको हो । संस्थाको ध्येयको आधारमा व्यवसायिक योजनाको समिक्षा गरी सो पारित गर्ने जिम्मेवारी पनि सञ्चालकको हो ।

**(ग) सुपरिवेक्षण/रेखदेख (Supervisory):** सञ्चालकले कार्य सञ्चालनका लागि व्यवस्थापकलाई अधिकार हस्तान्तरण गरेको हुन्छ । तर्जुमा गरिएको योजनाहरूको सही कार्यान्वयन भए नभएको, लक्ष्यहरु प्राप्त भए नभएको भनी व्यवस्थापनको कार्यदक्षताको मूल्याङ्कन सञ्चालकले गर्नु पर्दछ ।

**(घ) व्यवस्थापनको विकास (Management Development):** व्यवस्थापकको नियुक्ति, मूल्याङ्कन तथा सेवा सुविधा तोक्ने तथा रेखदेख गर्ने कार्य सञ्चालकले गर्दछन् । व्यवस्थापकहरूको क्षमता अभिवृद्धि तथा संस्थामा निरन्तर सेवाका लागि सञ्चालकले कार्य गर्नु पर्दछ ।

अतः सुशासनलाई बढी प्रत्याभुत गराउन सञ्चालक समितिमा वित्तीय, व्यवस्थापकिय, कानूनवेत्ता जस्ता विभिन्न विषयका वेत्ताहरु, सहकारी सञ्चालनमा अनुभवी मस्तिस्कको प्रतिनिधित्व हुनुपर्छ जसको लागि फिट एण्ड प्रपर टेष्ट (Fit & Proper Test) को अवधारण सञ्चालक समिति चयनमा लागू गर्नुपर्दछ नकि भाग बण्डाका आधरमा । यस्ता कुरा संस्थाको निर्वाचन सम्बन्धि आन्तरीक कार्यविधिमा समावेस गराई लागू गर्नुपर्दछ । अनि मात्र सञ्चालकले व्यवस्थापनलाई सही निर्देशन दिन सक्छ र व्यवस्थापनले बनाएको योजना तथा प्रतिवेदनको सही विश्लेषण गर्न सक्छ । समितिको छनोटमा त्यस्तो कुनै जादु सुत्र छैन तर पनि छनौट गर्दा समितिले के भूमिका निर्वाह गर्नुपर्ने हो सो को आधारमा गर्नु पर्दछ ।

**सहकारीमा सुशासन प्रत्याभूतिका लागि श्वेत पत्रको अवधारणा**: संयुक्त राष्ट्र संघीय एसिया प्रशान्त क्षेत्रीय आर्थिक तथा सामाजिक आयोग (ESCAP) ले कुनै पनि संघ, संगठन वा निकायमा निर्णय लिने प्रक्रिया कस्तो छ र तिनको कार्यान्वयन प्रक्रिया के कसरी अघि बढाइन्छ, त्यसैले सुशासन निर्धारण गर्ने भनी सुशासन परिभाषित गरेको छ । कुनै पनि निर्णय सानो होस् वा ठूलो, त्यो कसरी लिइन्छ र लिइएको निर्णयको कार्यान्वयन कसरी र के कस-

ता प्रक्रियामार्फत गरिन्छ त्यही नै सुशासन मापनको महत्वपूर्ण कडी हो भन्दै आयोगले सहभागिता, विधिको शासन, पारदर्शिता, उत्तरदायित्व, सहमति-उन्मुख, समता, समावेशिता र जवाफदेहितालाई सुशासनका ८ मुख्य चरित्र उल्लेख गरेको छ । युरोपेली परिषद् (EC) ले सुशासनका १२ सिद्धान्तहरूको चर्चा गरेको छ । सुशासनका सन्दर्भमा RAT (Responsibility, Accountability & Transparency) उत्तरदायित्व, जवाफदेहिता र पारदर्शिताको त्रिकोणात्मक सम्बन्धले माथिका अन्य चरित्रहरूलाई पनि अन्तर्निहित गरेको एक थरिको भनाइ छ ।

जहाँसम्म सहकारीको विषय छ, यसमा भने आन्तरिक सुशासन, बाह्य सुशासन र व्यक्तिगत सुशासनको त्रिकोणात्मक अन्तर्सम्बन्धलाई विशेष महत्व दिइन्छ । सुशासनका यी त्रिपक्षीय आयामको बलियो आधार भनेको विश्वभरका बचत तथा ऋण सहकारी (क्रेडिट युनियन) हरू को एक मात्र छाता संगठन– विश्व ऋण परिषद् (ओकू) ले जारी गरेको सुशासन श्वेतपत्र हो ।

सुशासन सहकारीको सुन्दर आभूषण हो । हुनत व्यक्तिदेखि समाज, संस्था लगायत सबै क्षेत्रका लागि सुशासन महत्वपूर्ण पक्ष हो तर स्वतन्त्र र स्वायत्त संगठनको अस्तित्व स्थापित गरेको सहकारी वृत्तमा यसको महत्व झनै बढी रहन्छ । ओकूले सुशासन सम्बन्धमा आज भन्दा १६ वर्षअघि अर्थात् सन् २००५ मा श्वेतपत्र जारी गरेको थियो । मिहिन ढंगले अध्ययन, अनुसन्धान र विश्लेषणसहित वैज्ञानिक कसीका आधारमा तयार गरिएको उक्त श्वेतपत्रको सान्दर्भिकता आजको समयमा झन बढेको छ । केवल १२ पृष्ठको उक्त श्वेतपत्रलाई गहिरिएर अध्ययन गर्ने जो सुकैलाई त्यो अनुभूति हुनु स्वाभाविक हो । नेपालको सन्दर्भमा सहकारी अभियानको हालको वास्तविकतालाई पनि यसले सम्बोधन गरेको भान हुन्छ । कतिपय सहकारीहरू सुशासन च्यूत भैरहेका समाचारहरू प्रकाशित भैरहेको परिप्रेक्ष्यमा अभिभावक संघले जारी गरेका सुशासन सवालहरूमा ध्यान केन्द्रीत गर्दा अन्जानमा बाटो बिराएकाहरूको राजमार्गका 'रोडब्लक्स' हट्न जान्छन् र संस्था दुर्घटनाबाट जोगिन्छ । सदस्यहरूको विश्वासलाई आधार मानेर अघि बढ्नुपर्ने सहकारीहरूमा सुशासनका कारण समस्या आउँदा दिगोपना दुर्घटनामा पर्दछ ।

खासमा सहकारीलाई अन्य व्यावसायिक प्रारूपबाट पृथकीकरण गर्ने नै सुशासन हो । राजधानीकै केही बचत तथा ऋण सहकारी संस्था स्थापनाको लामो इतिहास पार गरिसक्दा समेत तिनका सञ्चालकहरूले कुनै पनि प्रकारको बैठक भत्ता वा सुविधा नलिएका समाचारहरू पनि प्रकाशित भएका छन् । सुशासनको कसीमा खरो उत्रन सफल यस्ता उदाहरणीय सहकारीहरूका समाचार पढ्दा सुन्दा पनि मन उद्धवेलित हुन्छ । तर पछिल्लो समयमा सहकारीलाई माध्यम बनाएर केही खास व्यक्तिहरूको समूहले सदस्यको बचतको कुपरिचालन गरी अनुचित लाभ हासिल गर्ने र आमसदस्यहरूको बचत सुरक्षण नगर्ने विषयका समाचारहरू सञ्चारमाध्यममा आइँरहदा सुशासनप्रति आम जनमानसमा आशंका उब्जिनु अस्वाभाविक होइन । नाममात्र सहकारी, सञ्जालमा आबद्ध नुहने, नीति, विधि र प्रविधिमा नअडिने, सदस्यहरूलाई केन्द्रमा नराख्ने, केही स्वार्थसमूहका कारण राष्ट्रिय अर्थतन्त्रमा योगदान दिने, पिँधँमा रहेका समुदायको सामाजिक, आर्थिक उत्थानमा अहम् भूमिका खेल्ने हजारौं सहकारीहरूको योगदान ओझेलमा परेको हो । यो हुनुको प्रमुख कारण सुशासन हो । सोही कारण सहकारीहरू र त्यसमा पनि प्राथमिक रूपमा बचत तथा ऋणको कारोबार गर्ने सहकारीहरूका लागि सुशासनका आयामहरूका बारेमा ओकूले जारी गरेको श्वेतपत्रको मुलभूत विशेषतालाई पाठकहरूका निम्ति पस्कने जमर्को गरेको छु ।

उक्त श्वेतपत्र ५ खण्डमा विभाजित छः १. परिचय २. बाह्य सुशासन ३. आन्तरिक सुशासन ४. व्यक्तिगत सुशासन ५. निष्कर्ष । यी खण्डहरू हेर्दा नै थाहा हुन्छ, मुख्य सार भनेको २, ३ र ४ हुन् ।

श्वेतपत्रको परिचय खण्डमा नै 'कर्पोरेट गभर्नेन्स' का सम्बन्धमा थुप्रै दस्तावेज वा अध्ययन सामाग्रीहरू पाइन्छन् तर बिशिष्ट पहिचान बोकेको बचत ऋण सहकारी (क्रेडिट युनियन) क्षेत्रका बिशेष र विविधतासहितका पक्षहरू समेटेर दस्तावेज प्रकाशित गर्नु बाञ्छनीय देखिएकोले यो श्वेतपत्र जारी गरिएको उल्लेख छ । यसैलाई ओकूले Credit Union Governances Principles भनेर 'सुशासन नमूना' जारी गरेको हो ।

**१. बाह्य सुशासन**ः

वित्तीय बजारको एक सहभागीका रूपमा सहकारीहरूले सामना गर्नुपर्ने विषयहरूलाई बाह्य शुसासन भित्र राखिएको छ । संरचनाका हिसाबले साना ठूला सबै वित्तीय निकायहरूले पारदर्शी र विवेकपूर्ण ढंगले काम गनुपर्ने अपेक्षा गरिएको हुन्छ , जसमा तपशिलका पारदर्शिता, अनुपालन, जनउत्तरदायित्व मुख्य तत्व रहन्छन्

**क. पारदर्शिताः** पारदर्शिताले सञ्चालक समितिका कामकारवाहीहरू संस्थाका सदस्य, नियामक निकाय तथा आम सर्वसाधारणबाट लुक्न वा छोपिन नहुने स्पष्ट र छर्लङ्ग हुनुपर्ने माग गर्दछ । त्यसका लागि ओकूले विकास गरेको International Credit union Operating Principles अनुसरण गरेको हुनुपर्ने जनाएको छ । पारदर्शिताको लागि बचत ऋण सहकारीहरूले नियामक निकाय तथा आम सर्वसाधारणलाई आफ्नो कामकारबाहीको इमान्दारीपूर्वक जानकारी गराउनुपर्दछ । अर्को विषय भनेको, सहकारीहरूले आफ्ना सम्पूर्ण वित्तीय विवरणहरू ऐन कानुनको परिधिभित्र रहेर तयार गरी सदस्य तथा आम समुदायमा सार्वजनिक गर्नुपर्दछ ।

यस्तै, सञ्चालक समितिले संस्थासँग प्रत्यक्ष जोडिएका वा संस्थाको कामकारवाहीबाट सिधा प्रभावित हुनेहरूसँग संस्थाको कामकारवाहीबारे नियमित र इमान्दार सञ्चार गर्नुपर्दछ । बचत ऋण सहकारीको

उद्देश्य, सदस्यहरूको मताधिकार, जोखिमका सम्भावनाहरू, सञ्चालक समितिका सदस्यहरूको योग्यता तथा अनुभव बारे सबैलाई जानकारी गराउनुपर्दछ भने समितिले गरेका निर्णय तिनको प्रक्रियाबारे सम्बद्ध सबैलाई जानकारी हुनुपर्दछ । यसका लागि सदस्य भेला वा बैठक, अनलाइन वा मुखपत्र आदिलाई माध्यम बनाउनुपर्दछ । त्यसैगरी, क्रेडिट युनियनहरूले स्वार्थको द्वन्द रोकथामका निम्ति आवश्यक नितिहरू निर्माण गर्नुपर्दछ ।

**ख. अनुपालनः** विद्यमान ऐन, नियम, कानुनहरूको पालनालाई यसले जोड दिन्छ । सहकारी तथा बचत ऋण सहकारीहरूले आफ्नो देश वा समुदायमा प्रचलित नियम कानुनसँगै ओकूले जारी गरेको The International Credit union Safety & Soundness Principles लाई पनि अनुसरण गर्नुपर्दछ । विश्वव्यापी विधि अनुरूप सहकारी संस्था चल्दा सदस्यहरू र आम सर्वसाधारणको विश्वासमा वृद्धि हुन्छ जसले संस्थालाई वित्तीय स्थायित्व प्रदान गर्दछ ।

**ग. जनउत्तरदायित्वः** क्रेडिट युनियनहरू कानुनी निकायहरू, नियामक निकाय, सञ्चारमाध्यम तथा आमसर्वसाधारणप्रति उत्तरदायी हुनुपर्दछ । क्रेडिट युनियनहरूले नियामक निकायद्वारा जारी सबै निर्देशनहरूको पालना गनुपर्दछ, उनीहरू आफ्ना कामकारवाहीका सम्बन्धमा नियामक निकायप्रति जवाफदेही हुनुपर्दछ । अन्य वित्तीय संस्थाहरूजस्तै क्रेडिट युनियनहरू पनि जनताको विश्वासमा भर पर्ने निकाय हुन् । क्रेडिट युनियनहरूले ध्यान दिनुपर्ने विषय भनेको यदि माथि उल्लिखित निकायहरू र त्यसमा पनि आम सञ्चारले क्रेडिट युनियनहरूलाई स्वीकार गरेनन् भने उनीहरूमाथिको विश्वास शीघ्र स्खलित हुन सक्छ । सोही कारण सञ्चालक समिति र व्यवस्थापनले आफ्नो संस्थाको बारेमा सञ्चारमाध्यममा कसरी चित्रित गरिदैंछ भन्ने विषय सधै हेक्का राख्नुपर्दछ ।

### २. आन्तरिक सुशासनः

आन्तरिक सुशासनले साधारण सभा, सञ्चालक समिति र ब्यवस्थापनको जिम्मेवारी तथा जवाफदेहिताको विषयलाई परिभाषित गर्दछ । सुशासनका विषयमा सुहाउँदो संरचना निर्माण, संस्थाको दिगोपनाको सम्बर्द्धन, संस्थाभित्र सन्तुलन तथा कारकारबाहीहरूप्रति जवाफदेहिता निर्माणको पक्षलाई आन्तरिक सुशासनमा जोड दिइएको छ ।

**क. संरचनाः** सञ्चालक समिति सकेसम्म सानो र बिजोर संख्याको हुनुपर्दछ । न्यूनतम ५ जना र अधिकतम ९ जना (प्रारम्भिक संस्थाको हकमा) को सञ्चालक समिति ठीक हुने सुझाव ओकूको छ । बिजोर संख्याको प्रावधान भनेको मतदानमा सहज होस् भन्नका लागि हो । ५ जनाभन्दा न्यून संख्याले सदस्यहरूको विविधता झल्काउँदैन भने ९ भन्दा बढीले सहमति जुटाउन कठिन अवस्था सृजना गर्दछ । यस्तै ओकूले सञ्चालकहरू फेरिरहने कुरालाई पनि उठाएको छ । यसले गर्दा संस्थामा एकातिर नयाँ विचारहरूको जन्म हुन्छ भने पूरानाहरूको अनुभवको पनि सम्मान गर्दछ ।

**ख. अविच्छिन्नता वा निरन्तरताः** क्रेडिट युनियनले सदस्यहरूलाई सेवा गर्न यो अविच्छिन्न सञ्चालित हुनुपर्दछ । त्यसका लागि सञ्चालक समितिले वर्तमानलाई ध्यानमा राखी प्रतिस्पर्धी सञ्चालन योजना निर्माण गर्नुका साथै अनिश्चित भविष्यलाई ध्यानमा राखी उत्तराधिकारी तथा विपद् व्यवस्थापन योजनाहरू पनि लागू गर्नुपर्दछ । यसले गर्दा भविष्यका सम्भावित जोखिमहरूको अवस्थामा पनि संस्थाको सेवा प्रवाहमा कुनै असर पर्दैन । विपद् जोखिमबाट कसरी पुनर्जिवित गराउने भन्ने योजना पनि तयारी अवस्थामा राख्नुपर्दछ ।

**ग. सन्तुलनः** सदस्यहरूले सञ्चालक समितिमार्फत आफ्नो आवाज प्रतिबिम्वित भएको महसूस गर्नुपर्दछ । यसले गर्दा सदस्य र संस्थाबीचको सम्बन्ध चिरस्थायी बन्नपुग्छ । सञ्चालक समितिको संरचनाले सदस्यहरूको उमेर, लिङ्ग, जातिय पृष्ठभूमि आदि बनोट वा स्वरूप प्रतिविम्बित गर्नुपर्दछ । संस्थाले नीति निर्माण गर्दा बचतकर्ता र ऋणीहरूको समान रूपमा लाभ पुग्ने सन्तुलित बाटो खोज्नुपर्ने हुन्छ । क्रेडिट युनियनले ऋणीहरूलाई बढी लाभ पुग्ने गरी नीति निर्माण गरेमा त्यसले संस्थालाई बलियो बनाइरहने नसक्ने अवस्था सृजना हुन्छ ।

सञ्चालक समितिमा विविधता झल्कनुपर्ने भएपनि वित्तीय तथा रणनीतिक अनुभव बोकेकाहरूको प्रतिनिधित्व सुनिश्चित गरि



नुपर्नेहुन्छ । वित्तीय जानकारी राख्ने सञ्चालकहरूको प्रतिनिधित्व भएमा संस्थाको विकासमा प्रत्यक्ष सहयोग पुग्दछ । त्यस्तै सञ्चालकहरू सबै इमान्दार, दक्ष र प्रतिबद्ध हुनुपनि आवश्यक छ । विविधताको नाममा यस्ता महत्वपूर्ण पक्षहरूलाई नजरअन्दाज गर्न मिल्दैन वा गुणस्तरीय सेवा प्रवाहलाई कमजोर पार्न कदापि मिल्दैन ।

**घ. जवाफदेहिताः** क्रेडिट युनियनको सुशासनको विषय सञ्चालक समिति र व्यवस्थापनको जवाफदेहिताको विषय बिना अपूरो हुन्छ । सञ्चालक समिति र व्यवस्थापनको भूमिका र जिम्मेवारी स्पष्ट किटान गरि नुपर्दछ । अन्यथा सुशासनमा समस्या आउँदछ । सदस्य, सञ्चालक समिति र व्यवस्थापनको भूमिका र जिम्मेवारीहरू लिखित रूपमा सबैलाई उपलब्ध गराइनुपर्दछ ।

आन्तरिक निर्देशक निकायका रूपमा क्रेडिट युनियनका काम कर्तव्य र तिनले ल्याउने परिणामका सम्बन्धमा सञ्चालक समिति जवाफदेहि हुनुपर्दछ । सञ्चालक समिति साधारणसभाप्रति जवाफदेहि हुन्छ । साधारण सभाले आफ्नो तर्फबाट संस्थालाई हाक्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गरेको हुन्छ । तसर्थ समितिले गर्ने हरेक कामकारवाहीप्रति प्रश्न गर्न पाउने र समितिलाई जवाफदेही ठहऱ्याउने अधिकार साधारणसभा समक्ष सधै रहन्छ ।

यसैगरी, समितिले व्यवस्थापनलाई काम गर्ने सहजताका लागि नीतिहरू निर्माण गर्ने र तिनको कार्यान्वयनको जिम्मा दिने गर्दछ । जब समितिले लक्ष्यहरू हासिल गर्न नीतिहरू तर्जुमा गर्दछ, पेशागत प्राविधिक सीप र दक्षता भएको व्यवस्थापनले तिनको पालना गरी लक्ष्य हासिल गर्दछ । व्यवस्थापनले रणनीतिक योजना र बजेट निर्माण गर्दछ, तिनको कार्यान्वयनको जिम्मा लिन्छ, समितिले पारित गरेका नीतिहरू कार्यान्वयन गर्दछ र लक्ष्यहरू हासिल गर्दछ । जवाफदेहिताको विषयको जाँच संस्थाको विनियम तथा अन्य नीतिहरूमार्फत गरिएका व्यवस्थाको कसीमा पनि मापन गर्न सकिन्छ ।

**३. व्यक्तिगत सुशासनः**

व्यक्तिगत सुशासन भित्र इमान्दारी, दक्षता तथा प्रतिबद्धतासहित माथि उल्लिखित आन्तरिक र बाह्य सुशासनका विषयहरूलाई परिपालना गर्न सक्ने सञ्चालक समिति तथा व्यवस्थापन समूहको सहभागिता सुनिश्चित भएको विषय समाविष्ट छ । ओकूले सुशासनका त्रिकोणात्मक प्रारूपलाई बुझेर अक्षरशः पालना गर्ने बचत ऋण सहकारीहरूले पहुँचयोग्य तथा गुणस्तरीय वित्तीय सेवा प्रदान गर्न सक्ने विश्वास व्यक्त गरेको छ ।

**क. इमान्दारीः** साधारणसभाले सञ्चालक समितिलाई ठूलो अधिकार प्रदान गरेको हुन्छ । यस्तोमा यदि सञ्चालकहरूमा इमान्दारी भएन भने उनीहरूले आफुलाई प्राप्त अधिकारको दुरूपयोग गर्ने खतरा रहन्छ । त्यसैले, संस्थामा आन्तरिक सुशासन कायम गर्ने निकायको रूपमा सञ्चालक समितिले उच्च नैतिक व्यवहार प्रदर्शन गर्नुपर्दछ । त्यसका लागि सञ्चालक समितिले गर्न हुने र नुहने कामहरूसहितको स्पष्ट आचार संहिता लागू गरिनुपर्दछ ।

**ख. दक्षताः** बाह्य तथा आन्तरिक सुशासनका आवश्यकताहरू पूर्ति गर्न सबै सञ्चालकहरूमा आधारभूत वित्तीय शिल्प हुनुपर्दछ । क्रेडिट युनियनहरू वित्तीय संस्था भएका कारण यसको सञ्चालक समितिले यसको प्राथमिक कामकारबाही राम्रोसँग बुझेको हुनुपर्दछ । त्यसको लागि ज्ञान, शिप, तालिम र अनुभव हुनुपर्दछ । आफ्नो जिम्मेवारीहरू पूरा गर्न सञ्चालकहरूमा आवश्यक ज्ञान र अनुभवको मिश्रण आवश्यक छ । वित्तीय क्षेत्रको पूर्व ज्ञान र अनुभव भएको व्यक्ति समितिमा हुँदा क्रेडिट युनियनलाई प्रतिस्पर्धी स्थान हासिल गर्न सजिलो हुन्छ ।

बलियो बोर्ड भनेको बलियो क्रेडिट युनियन हो । सञ्चालकहरूमा वित्तीय प्रतिवेदनहरूलाई बुझ्न सक्ने सक्षमता आवश्यक पर्दछ । त्यसका लागि निर्वाचित भएको पहिलो वर्ष भित्रै आवश्यक शिक्षा, तालिमको व्यवस्था व्यवस्थापनबाट मिलाइनुपर्दछ ।

**ग. प्रतिबद्धताः** साधारण सभालाई प्रतिनिधित्व गर्दै सञ्चालक समितिमा चुनिनु सम्मानसँगै प्रतिबद्धताको विषय पनि हो । सञ्चालकहरूले आफ्नो जिम्मेवारी पूरा गर्न समय खर्चिनुपर्दछ । सँगै सञ्चालकहरूले एक ढिक्का भएर संस्थालाई अघि बढाउन सकारात्मक र सहयोगी भूमिका निर्वाह गर्नुपर्दछ । उनीहरू नियमित रूपमा सञ्चालक समिति बैठक तथा बार्षिक साधारणसभामा सक्रिय सहभागी हुनुपर्दछ । बैठकका निर्णयहरूको सम्मान गर्नुपर्दछ । फरक मतका बाबजुत् पारित भएका नीतिहरूको एक आवाजका साथ पालना गर्नुपर्दछ । निर्णय प्रक्रियामा असहमति भएपनि निर्णय भैसकेपछि भने प्रत्येक सञ्चालकले एक भएर त्यसको अनिवार्य सम्मान र पालना गर्नुपर्दछ ।

सहकारीमा सुशासन प्रत्याभुत गर्न सेवा लिने, दिने, समाज, नियमन निकाय, वातावरण तथा सरोकार निकायहरू सबै पक्ष खुशी रहने अवस्था वास्तवमा असल शासन व्यवस्था हो, अतःमाथि उल्लेखित सवालहरूको कुशल तथा प्रभावकारी व्यवस्थान तथा संस्थागत संरचना, असल नेतृत्व तथा गुणस्तरीय सेवा मार्फत सदस्य सन्तुष्टिमा केन्द्रिकृत हुन सके सहकारीहरूमा सुशासनको प्रत्याभूत भई ध्येय विचलनको व्यवस्थापन र सहकारीप्रतिको विश्वास र छविलाई बृद्धि गर्न सकिन्छ ।




# के सहकारीको सन्दर्भ व्याजदर सान्दर्भिक छ ?



**कृष्णकुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत
चन्द्रागिरि साकोस

कोभिड १९ को महामारीपछि रसिया र युक्रेन बिचको युद्धको प्रभावले विश्वको अर्थतन्त्र प्रभावित रहेको छ । नेपालको अर्थतन्त्र पनि यसबाट अछुतो रहने कुरा भएन । अघिल्लो आर्थिक वर्षको करिब पुरै समय नेपालको वित्तीय बजार तरलता अभावको समस्याबाट गुज्रियो । चालु आ.व.को पहिलो त्रैमास सकिन लागि सक्दा पनि तरतालमा अपेक्षित सुधार हुन सकेको छैन । नेपाल राष्ट्र बैंकले मौद्रिक नीति जारी गर्दै चालु आ.व.मा ब्याजदर बढ्ने प्रक्षेपण गरेको थियो । तदनुरूप बढ्दो तरलता संकुचनको समस्या न्यून गर्न बैंक तथा वित्तीय संस्थाहरूले २०७९ असोजदेखि लागु हुने गरी बचतको ब्याजदर तीव्र रूपमा बृद्धि गरेका छन् । यतिबेला वाणिज्य बैंकहरु आफ्ना निक्षेपका स्किमहरूमा सहकारी संस्थाहरूकोभन्दा बढी ब्याज दिन अग्रसर भएका छन् । कतिपय वाणिज्य बैंकहरूको आवधिक बचतमा १५% भन्दा माथि ब्याजदर कायम गरेको पाईएको छ । यस परिदृष्यले अब सहकारी संस्थाहरूका सदस्यहरूको बचत बैंकमा सिफ्ट हुने चुनौती सृजना हुने देखिन्छ ।

एकातिर तरलतामा पर्न गएको चाप, आर्थिक मन्दी तथा केही सहकारीहरूमा भएको सुशासनको कमजोरी र अर्कोतिर बैंकहरूले ब्याजदरमा गरेको तीव्र बृद्धिले सहकारीहरु थप धरासायी हुने सम्भावना बढेर गएको छ । ब्याजदर बृद्धिले बैंकहरूमा निक्षेप ह्वातै बढ्ने सम्भावना त देखिँदैन तर एउटा बैंकको निक्षेप अर्कोमा सर्ने र सहकारीको बचत पलायन भएर बैंकमा पुग्ने सम्भावना भने देखिन्छ । यसको लागि सहकारी संस्थाहरूले आफ्नो सदस्य बचतकर्ताहरूको बचत सहकारीमै कायम राख्नको लागि तुरून्त ब्याजदर परिवर्तन गरी आवधिक बचतमा १५% भन्दा माथिको ब्याजदर कायम गर्नुपर्ने अवस्था छ जबकी सहकारीहरूमा ऋणको सन्दर्भ ब्याजदर नै १६% तोकिएको अवस्था रहेको छ । सन्दर्भ ब्याजदरको यस सीमाले कसरी अब सहकारीले आफ्नो वित्तीय र सञ्चालन खर्चहरु धान्न सक्छ र कसरी संस्थाहरु दिगो भएर अगाडि जान सक्छ भन्ने प्रश्न टड्कारो रूपमा उठेको छ । सहकारी संस्थाहरु 'सस्टेन' गर्नको लागि कम्तिमा १९%-२०% सन्दर्भ व्याजदर कायम हुन पर्ने देखिन्छ । त्यसको लागि सन्दर्भ व्याजदर निर्धारण समिति तयार हुन्छ की हुँदैन ? समयमा यस सम्बन्धी निर्णय हुन्छ की हुँदैन ? बढ्दो ब्याजदरले सहकारीका सदस्यहरूमा कस्तो असर पर्ला? भन्ने प्रश्न आम सहकारीकर्मीहरूमा रहेको छ ।

यदाकदा बैंकको व्याजदर परिवर्तनले सहकारीहरूमा प्रभाव पर्नु हुँदैन भन्ने विचारहरु पनि व्यक्त भएको पाईन्छ । यस्तो विचारसँग सहमत हुन सकिँदैन । त्यस्तो विचार सहकारी संस्थाहरूलाई वित्तीय रूपमा सक्षम बनाउने र सदस्यहरूलाई स्वावलम्बी बनाउने मूल्य र मान्यताको विपरित

हुन्छ जस्तो लाग्छ । सदस्यहरूलाई आर्थिक सशक्तिकरण गर्नको लागि संस्था आफैं दिगो र वित्तीय रूपमा सक्षम हुनु पर्दछ । त्यसका लागि सदस्यहरूसँग भएको वित्तीय स्रोत सहकारीमा आकार्षित गर्न सकिएन भने कसरी सम्भव होला ? बजारभन्दा कम ब्याजमा वा भनौं कुनै स्थिर ब्याजदरमा लगानी गर्न त राज्यले सहकारी अभियानलाई लगानी गर्ने **कोष उपलब्ध गराउँदा** मात्र सम्भव हुन्छ । त्यसैले प्रश्न चाहि सदस्यहरूको पुँजी परिचालन मार्फत सदस्यहरूको आवश्यकता पुरा गर्न सक्षम संस्थाहरूलाई धरासायी बनाई खाली वित्तीय मध्यस्तकर्ता मात्र बनाउने की नबनाउने भन्ने हो ? सहकारी अभियानलाई जोगाएर अगाडि लैजाने की जे जे हुन्छ हुन्छ भनेर छोडिदिने हो ? राज्यले सहकारीहरु ध्वस्त होस भन्ने चाहने की यसलाई सुदृढ र सक्षम बनाएर लाने हो ? यसरी हेर्दा हाल सहकारी ऐन र नियमावलीमा भएको सन्दर्भ व्याजदरको प्रावधान असान्दर्भिक र यसको प्रयोग गलत ढंगबाट भएको देखिन्छ ।

यहाँ समस्या मात्र उजागर गरेर मात्र आफ्नो कर्तव्य पुरा हुन सक्दैन भन्ने उद्देश्यले आफुलाई लागेको समाधानको उपाय पनि सुझाउने प्रयत्न गरेको छु ।

- यसको पहिलो शर्त सहकारी ऐन र नियमालीमा भएको सन्दर्भ व्याजदरको प्रावधान हटाउनु पर्छ । या संशोधन गरेर अगाडि बढ्नु पर्दछ ।
- व्याजदर बजार अनुसार स्वचालित हुने प्रावधान हुनु पर्छ ।
- ब्याजदरमा बदमासी गर्नेहरूलाई अनुगमन गरेर कारवाही गर्न सकिन्छ ।
- यदि संशोधन गरेर जाने हो भने सन्दर्भ ब्याजदर निर्धारणका लागि आधारको रूपमा लिएको सहकारी नियमावली २०७५ को दफा २३ को (क), (ख) र (ग) बुँदालाई संशोधन गरी थोक विक्री गर्ने संस्था र कम व्याजदर हुने बैंकलाई भन्दा बस्तुगत रूपमा लघुवित्त विकास बैंक र सहकारी संस्थाहरूको ब्याजदरलाई आधार मान्नु पर्दछ ।
- सन्दर्भ ब्याजदर सम्बन्धी प्रावधान खारेज, संशोधन या बजार अनुसारको सन्दर्भ ब्याजदर कायम हुन सकेन भने यसको भद्र अवज्ञा गरेर सहकारी अभियान जोगाउन, सहकारीको पैसा सहकारीमै कायम राख्ने काममा अभियान अगाडि बढ्नु पर्छ ।
- र, यसको नेतृत्व राष्ट्रिय सहकारी महासंघले गर्नुपर्छ ।

अर्को तर्फ, अर्थतन्त्रमा आएको मन्दी केही सहकारी संस्थाहरूमा देखिएको सुशासनको समस्या आदिको कारणबाट यतिखेर सहकारी क्षेत्रको साख अत्यन्त कमजोर अवस्थामा रहेको छ । जसले यतिखेर सबै सहकारी संस्थाहरूलाई आफ्ना वित्तीय अवस्था 'सस्टेन' गर्दै अगाडि बढ्नु पर्ने अवस्था सृजना भएको छ । परिणामतः आम जनमानसमा सहकारी संस्थाहरु सुरक्षित छैनन् भन्ने सन्देश गएको र कतै बचत फिर्ताको अनुपात बढ्ने  र कतै नयाँ बचतहरु विकर्षित भएको अवस्था देखिन्छ । समग्रमा सहकारी अभियानमा यसबाट नकारात्मक असर पर्न गएको अवस्था छ । सबै छाता संघ र सबै अभियानकर्मीबिच एकता कायम गर्न, स्थानीय तहहरूमा सहकारी दर्ता प्रकृयालाई कडाई गर्न, सुशासनमा सञ्चालन भएका संस्थाहरूलाई राज्यले प्रोत्साहित गर्न, सहकारीलाई सामुहिक पद्दतीमा सञ्चालन गर्न, सहकारी एकीकरणमा राज्यले प्रोत्साहन गर्न र प्रभावकारी सहकारी अनुगमन र नियमन मात्र पनि सहकारी संस्थाहरु समस्याग्रस्त हुनबाट धेरै जोगाउन सकिने देखिन्छ ।

यसरी हेर्दा सहकारी अभियानले यति खेर २ वटा चुनौती सामाना गरिरहेको छ । पहिलो केही सहकारीहरूमा भएका गलत अभ्यासहरूले आफ्नो छवी जोखाउन चुनौती हुनु र दोश्रो सन्दर्भ व्याजदरको प्रावधानले सहकारीहरूको घाँटी अँठ्याउने काम हुनुले सहकारी अभियान यतिखेर इतिहासकै सबैभन्दा चुनौतीपूर्ण मोडमा रहेको निश्कर्ष निकाल्न सकिन्छ । यति खेर सहकारी अभियन्ता, छातासंघहरु, नियामक निकाय, र विभागीय मन्त्रालयले आग्रह पूर्वाग्रह रहित भएर आफैंलाई प्रश्न गर्न अनुरोध छ, के सन्दर्भ व्याजदरको हालको प्रावधानले सहकारी क्षेत्र दिगो हुन सक्छ ?



## डेंगुका लक्षणहरु:

- ज्वरो आउने
- आँखाको गेडी दुख्ने
- शरीरमा डाबर आउने
- बेस्सरी टाउको दुख्ने
- जोर्नी तथा मांसपेशी दुख्ने
- अरुचि हुने

# सहकारी क्षेत्रको वर्तमान अवस्था र नियमकको भूमिका



**गोकर्ण ढुवाडी**
व्यवस्थापक, धादिङ जिल्ला बचत संघ

वित्तीय संस्थाहरूसँग नगद उपलब्धताको अवस्था तरलता हो । अर्थात वित्तीय संस्थामा कर्जा माग्न जाने मान्छे भन्दा बचत राख्न जाने मान्छे बढी भएको अवस्था तरलता सहजताको अवस्था हो । नेपालमा गत आर्थिक वर्ष २०७८।२०७९ को सुरूवात देखि नै बैंक तथा वित्तीय संस्थाहरूमा बचत जम्मा गर्न आउने व्यक्तिहरूको तुलनामा ऋण माग गर्न आउने व्यक्तिहरूको संख्या निकै बढी भएको पाइन्छ । जसले गर्दा त्यस आ.व.को पहिलो त्रैमासिक अर्थात २०७८ असोज मसान्त सम्म आइपुग्दा बैंक तथा वित्तीय संस्थाहरूमा तरलता सूचक निकै नकारात्मक बनिसकेको थियो ।

अघिल्ला आर्थिक वर्षहरूमा कोभिड १९ संक्रमणका कारण अर्थतन्त्र ठप्प भएकाले उच्च रूपमा बढेको तरलता छोटो समयको अन्तरालमा नै अत्याधिक घट्नु भनेको बैंक तथा वित्तीय संस्थाको अन्धाधुन्ध रूपमा आधारभूत लगानी मापदण्डको वेवास्ता गरी ऋण लगानी गर्नु नै प्रमुख कारण हो । यो घटनाले नेपालका बैंक तथा वित्तीय संस्थाहरूले वित्तीय पूर्वानुमान र विश्लेषण नगरी नै ऋणलगानी गर्ने गरेको हो कि ? प्रश्न गर्ने ठाउँ देखिन्छ ।

बैंक तथा वित्तीय संस्थाहरूले जस्तै बचत तथा ऋण सहकारी संस्थाहरूको अवस्था हेर्ने हो भने नेपालमा करिब १३ हजारको हाराहारीमा बचत तथा ऋण सहकारी संस्थाहरू (साकोस) रहेका छन् । त्यसमध्ये कति निष्कृय वा खारेजी गर्नुपर्ने अवस्थामा पनि रहेका होलान् । सक्रिय साकोसहरूमा पनि हाल बैंक तथा वित्तीय संस्थाहरू र समग्र अर्थतन्त्रमा देखापरेको तरलता संकटको असर देखिनु अस्वभाविक होइन । बैंक तथा वित्तीय संस्थाहरूलाई राष्ट्रबैंक जस्तो जिम्मेवार निकायले नियमित अनुगमन, नियमन गर्दा त यसरी अल्पकालमा नै संकट आउने गरी काम गरेको देख्दा नेपालको सहकारी क्षेत्र त निकै अनुशासित र स्वःनियमनमा आधारित रहेछ भन्न सकिन्छ ।

हुन त पछिल्लो समयमा नेपालका केहि सहकारीहरू समस्यामा नपरेका होइनन्, सहकारी समस्यामा परेको खबरहरू आइरहेका छन् । तर समस्यामा परेका ति सहकारीहरूको अवस्था विश्लेषण गर्ने हो भने तिनीहरू सहकारी मूल्य, सिद्धान्त र सहकारी मर्म विपरित सीमित व्यक्तिगत स्वार्थ सहित सञ्चालन भएको पाउन सकिन्छ । करिब १३ हजार साकोसहरू (बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्था) भएको देशमा छिटपुट केहि दर्जन सहकारी संस्था समस्याग्रस्त भयो भन्दैमा समग्र सहकारी अभियान समस्याग्रस्त भयो भन्न त पक्कै मिल्दैन होला । विगत एक वर्ष देखि बैंकहरूले ऋण लगानी ठप्प बनाउँदा अर्थतन्त्र चलायमान बनाउन बचत तथा ऋण सहकारी संस्थाहरूले कति महत्वपूर्ण भूमिका खेले सबैको सामु जगजायर छ । तर अहिले सहकारी अभियानलाई लक्षित गरी नकारात्मक टिप्पणी गर्ने, भ्रम फैलाउन कोसिस गर्ने कार्य बिभिन्न सामाजिक सञ्जालहरूमा देखिन थालेको छ ।

केही सहकारीमा समस्या किन आयो त्यसको वास्तविकता खोजी गर्न र समस्याको समाधानको लागि प्रयत्न गर्न नियामक निकाय र

सरोकारवालाहरूको ध्यान देखिदैन । अनुसन्धान गरि निकालिएको निष्कर्ष त होइन तरपनि केहि सहकारी संस्थाहरूमा हाल देखिएको समस्याको कारण मध्ये नियामक निकायको भूमिका प्रमुख हुन् भन्न सकिन्छ । पछिल्लो समयमा जब राज्यको पुनःसंरचना सँगै नियामक निकायको क्षमता मूल्यांकन नगरी जवरजस्ती रूपमा सहकारी संस्थाहरूलाई संघी, प्रदेश र स्थानीय सरकारको मातहतमा राखियो । तब सहकारीहरूमा अफ समस्या सृजना हुन पुगेको पाइन्छ । खराब नियत भएका सहकारी संस्थाका सञ्चालकहरूले नियामक निकायको निष्कृयतालाई अवसरको रूपमा लिन थालेको पाइन्छ । क्षणिक फाइदाको पछि लाग्दा त आखिर जहिले पनि जोखिम नै हुने हो, आखिर हालको तरलता संकटको समयमा त्यस्ता संस्थाहरू टिक्न सक्ने अवस्था नै भएन र समस्याग्रस्त हुन पुगे ।

हुन त कुनै एक सहकारी संस्थामा धेरै व्यक्तिहरूको बचत र शेयर लगानी हुने भएकाले एक संस्थामा मात्र पनि समस्या सृजना भएमा हजारौं व्यक्ति प्रभावित बन्ने भएकाले यो सामान्य विषय त हुँदै होइन तर सहकारी समस्यामा जाँदैछ, सहकारी संस्थाको कृयाकलाप सहकारी मापदण्ड बमोजिम छ कि छैन चासो राख्ने, अनुगमन गर्ने र नियमन गर्न नसक्नु नियामक निकायको लाचारीपन हो । त्यसैले नियामक निकायले सहकारी समस्या ग्रस्त भयो भनेर चुपलाग्न र जिम्मेवारीबाट पन्छन मिल्दैन । उत्तरदायी हुनै पर्दछ । तर हाल यस्तो अवस्था देखिदैन, सहकारी विभाग, प्रदेश सरकार र स्थानीय सरकार समस्याग्रस्त सहकारी संस्थाका सदस्यहरूलाई न्याय दिन लागि परेको पाइदैन । यो नियामक निकायको लाचारीपन हो ।

२०७४ सालमा सहकारी ऐन बन्दा त्यसले केही आसा पलाएको थियो । सहकारी अनुगमनमा सम्बन्धित संघहरूको भूमिका राख्ने प्रयास गरिएको थियो तर त्यसको मोडल र प्रकृया के हो नियामकले स्पष्ट पार्न सकेन । सहकारी ऐन २०७४ ले कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण लगायतको व्यवस्था गर्‍यो तर त्यसको कार्यान्वयन गर्न नियामक निकाय सँधै मौन बन्यो । स्थिरीकरण कोष समयमा सुरूहुन र प्रभावकारी कार्यान्वयनमा आउन सकेन । बचत तथा ऋण सुरक्षण कोषको व्यवस्था ऐनले गर्‍यो तर त्यो कार्यान्वयनमा आउन सकेन । सहकारीको नियमित अनुगमन हुनुपर्ने तर त्यो हुन सकेन । धेरैजसो स्थानीय तहमा सहकारी शाखा खोलिएन । शाखा खोलिएका स्थानीय तहमा छुट्टै कर्मचारी व्यवस्था गरिएन । कर्मचारी व्यवस्था गरिएको भएपनि तालिम क्षमता विकास गरिएन, दक्ष कर्मचारी नहुँदा काम प्रभावकारी बन्न सकेन, अनि कसरी सहकारी संस्थामा समस्या आयो भनेर हल्ला गरेर मात्र हुन्छ र ? पक्कै हुँदैन ।

मैले यसो भनिरहँदा सहकारी भनेको त स्वःसञ्चालन, स्वःव्यवस्थापन, स्वःशासित संस्था हो नी भन्न सकिएला तर स्वःसञ्चालन, स्वःव्यवस्थापन र स्वःसुशासन आफैमा जटिल विषय हो । कुनै पनि संस्था स्वः चल्न सक्दैन । त्यसकोलागि नियमन र आपसी सन्तुलन आवश्यक हुन्छ । एक जना सार्वजनिक पद धारण गर्ने व्यक्तिलाई विभिन्न विधाका सल्लाहकार र सहयोगीको व्यवस्था गरिएको हुन्छ । उनीहरूलाई नियमन गर्नुपर्ने हुन्छ भने सहकारी संस्थामा सबै कुरा आफैं कसरी हुन सक्छ ? कम्तीमा अनुगमन र नियमन त चाहिन्छ । बाटो बिराउन लागेको छ भने सहि बाटो यो चाही हो है भनेर भनिदिनु त पर्छ नी ।

नेपालको अर्थतन्त्रमा सहकारी क्षेत्रको योगदान २० प्रतिशत रहेको छ भन्ने गरिन्छ । अर्थतन्त्रमा यतिठूलो भूमिका खेल्ने सहकारी संस्थासँग समुदायका सदस्यहरूको खर्बौ रकम रहेको छ । एक प्रदेश भित्रको त कुरै नगरौं, कुनै एक स्थानीय पालिका भित्र सञ्चालित सहकारी संस्थाहरूले परिचालन गरेको रकम हेर्ने हो भने पनि त्यहाँ करोडौं देखि अर्बै रकम परिचालन भैरहेको छ । यति ठूलो परिमाणमा रहेको रकमलाई उत्पादन मूलक क्षेत्रमा लगानी गराउन प्रोत्साहन गर्ने, सहकारी संस्थाहरूसँग हातेमालो गरी जनताको काम गर्ने दिशामा स्थानीय सरकार लागि परेको पाइदैन । यसको प्रमुख कारण भनेको स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूको दिर्घकालिन योजना बनाउने र कार्यान्वयन क्षमता कमजोर हो भन्न सकिन्छ । यसले जनप्रतिनिधिहरूमा रहेको ज्ञान, सीप र क्षमतामा प्रश्न चिन्न खडा हुने देखिन्छ ।

आखिर सबैले चाहने भनेको सफल सहकारी अभियान हो । सहकारी मार्फत समुदायको विकास गर्नु हो । त्यसका लागि सहकारीहरूमा आन्तरिक सुशासन मजबुत बनाउने, सहकारी संस्था सञ्चालन सम्बन्धी ऐन, नियमावलीको पूर्ण कार्यान्वयनमा सरकार र सहकारी संस्था लागि पर्ने, राज्यको नीति अनुसार कार्यगर्न सहकारी संस्थाको क्षमता विकास गर्ने, सहकारीमा रहेको पूँजी उत्पादन मूलक कार्यमा लगाउन प्रोत्साहन गर्ने, सहकारीको अनुगमन र नियमनको लागि संयन्त्र विकास गर्ने, विषयगत संघहरूको भूमिका परिभारित गर्ने र संघहरूसँग सहकार्य गरी सहकारी नियमन र अनुगमन प्रभावकारी बनाउने कार्यलाई प्रारम्भिक कार्यको रूपमा लिइ कार्य गर्ने हो भने एकातर्फ सहकारी क्षेत्र व्यवस्थित हुने र अर्कोतर्फ त्यसले समुदायको आर्थिक सामाजिक विकासमा उल्लेख्य उपलब्धी हाँसिल गर्न सकिन्छ ।



# सहकारीमा देखिने समस्या र तरलता ब्यवस्थापन



हरि पौडेल
उपाध्यक्ष
पश्चिम नेपाल साकोस, म्याग्दी

बैदेशिक मुद्रा सञ्चिति घट्दै गैरहेको, आयातको तुलनामा निर्यात दर अत्यन्त न्यून रहेको कारण ब्यापार घाटामा अकल्पनीय वृद्धि भैरहेको, राष्ट्र ऋण अत्याधिक वृद्धि हुँदै हाराहारी २० खर्ब पुगेको, सरकारले पुजिँगत खर्च गर्न नसकेको, राज्यको नीतिका विरूद्ध हुँदा हुदै डिजिटल मुद्रामा लगानी भैरहेको, वैदेशिक रोजगार वाट हुने आय को ठुलो हिस्सा अवैधानिक माध्यम वाट भित्रने हुँदा त्यसको राष्ट्र योगदानमा गणना नरहेको आदी कारणहरूले हाल देशमा आर्थिक संकट चुलिदैं गैरहेको छ । यस अवस्थाको असर प्रत्यक्ष परोक्ष रूपमा आम सर्वसाधारण सम्म पर्ने कुरा स्वभाविक नै मानिन्छ । त्यसैमाथी विगत वर्ष देखी महामारीको रूपमा फैलिएको कोरोना महामारी को कारण मुलुक थप आर्थिक संकट तर्फ धेकेलियो, एकातर्फ पर्यटन ब्यवसाय ठप्प प्राय रहयो नै ! अन्य नियमित आयआर्जनका कार्यहरू सवै रोकिए अर्को तर्फ विकासमा लगाउन सकिने वा देश भित्र चलायमान रहने पूँजी मास्क स्यानिटाइजर देखी औषधि र उपकरणहरूमा लगानी गर्नुपर्ने अवस्था रहयो जसको कारण लगानी योग्य रकम अनुत्पादक क्षेत्रमा खर्च हुन पुग्यो । साथै हाल चलिरहेको रूस युक्रेन युद्धले हाम्रो जस्तो आयातमुखी अर्थतन्त्र रहेको मुलुकलाई थप आर्थिक क्षती पुऱ्यायो । सवै जसो उपभोग्य वस्तुको मुल्य २५/३० प्रतिशत न्यूनतम देखी सतप्रतिशत सम्म को वृद्धिले बैदेशिक मुद्राको ह्रास गरायो ।

उल्लेखित पृष्ठभुमीलाई आधार मान्दा देशमा आर्थिक संकट गहिरिदै गैरहेको अनुमान गर्न गाह्रो हुँदैन, यसको शिकार सवै क्षेत्र बनी रहेकै छन् ।

नेपालमा सहकारीको इतिहास त्यति लामो छैन, आर्थिक रूपमा विपन्न समुदाय जस्ले आफ्नो दैनिक ज्याला मजदुरीवाट सानो भन्दा सानो रकम ब्यवस्थापन गरी एकअर्काको गर्जो टार्ने अभियानका साथ सुरू भएको विश्व सहकारीको इतिहास पाइन्छ । नेपालमा पनी खासगरी आर्थिक विपन्नहरूले आफू भित्र नै रकमको जोहो गरेर एकअर्कोलाई सयोग गर्ने अभियानका साथ सञ्चालन सुरूआत भएको सहकारी अभियान सञ्चालनका क्रममा यसको मर्म विपरीत साहु महाजनले आफ्नो धनलाई सहकारीको मार्फत वाट वैधानिक रूपमा चक्रिय ब्याजमा लगानी गर्ने कलुसित अभिप्रायले सहकारीहरू गठन हुन थाले साथै यस अवस्थामा राज्यले स्पष्ट नीतिगत निर्देशन गर्न सकेन, फलस्वरूप सहकारीहरू केही गतल बाटोमा लागेको देखिन्छ । यसरी सहकारीहरूले मर्म विपरित गतिविधिहरू सञ्चालन गरेकै कारण आजको दिनमा सहकारीहरू थप आलोचित बन्न गएका छन्, सहकारी क्षेत्र स्व-शासित, स्व नियमनकारी, सदस्यको अधिनमा रहने संस्था हो त्यसैले सहकारीमा शेयर सदस्यहरूको सहकारी नियन्त्रण र नियमनमा अत्यन्त ठूलो भूमिका रहन्छ यस बारे सहकारी सदस्यहरू वेखबर जस्तै छन्



जस्को कारण केही सहकारीहरू यस क्षेत्रकै वदनाम गराउने गरी गलत मनसायबाट परिचालित भएका छन् फलस्वरूप आज सहकारीहरूले निक्षेप फिर्ता गर्न नसकेका समाचारहरू आइरहेका छन् केही हदसम्म यो सत्य हो ।

मुख्य रूपमा सहकारीहरूले आफ्नो आन्तरीक ब्यवस्थापनको बारेमा ध्यान नदिइ देखासिकी र लहैलहैमा परिचालित हुने, सदस्यहरूले आफु सदस्य हो भन्ने हेक्का नराखेर अन्य वित्तीय संस्थामा आर्थिक कारोबार गरेकै शैलिमा आर्थिक कारोबारसँग मात्र जोडिने, सहकारीहरूले सदस्यको बचतलाई अनुत्पादक क्षेत्रमा मनोमानी तबरबाट लागानी गर्ने आदि कारणले सहकारीहरूले तरलता अभावको समस्या भेलिरहेका छन् । सहकारीहरूले खासगरी तरलता ब्यवस्थापनमा ध्यान दिन आवश्यक छ, यसको लागि दीर्घकालिन योजना सहित अगाडि बढ्न आवश्यक छ, जसको लागि संस्थागत सम्पत्तिमा वृद्धि गर्नु आवश्यक छ भने हामिकहाँ अझै सम्म थोरै मात्र सदस्य भएमा धेरै मुनाफा लिन पाइन्छ भन्ने भ्रम छ, त्यो गलत हो । सहकारी सदस्य नवनी कुनैपनि कारोबार गर्न नपाइने भएको हुँदा जती धेरै सदस्य भयो त्यतिनै धेरै कारोबार हुन्छ । जति धेरै कारोबार भयो त्यतिनै धेरै मुनाफामा वृद्धि हुन्छ, त्यसैले सदस्य संख्या वृद्धि गर्ने र प्रति सदस्य शेयर रकम थोरै राख्ने गर्नुपर्दछ, त्यस्तै संस्था सफल हुन आवधिक वचतलाई सकेसम्म कम गर्दै अनिवार्य बचतमा सकेसम्म सवै सदस्यहरूलाई सहभागी गराउन सक्नुपर्दछ जस्ले सहकारीमा तरलतालाई बचाइराख्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । त्यस्तै तरलता ब्यवस्थापन गर्ने अर्को महत्वपूर्ण उपाए भनेको कर्जा प्रवाह गर्दा सानो सानो रकम धेरै सदस्यहरूमा प्रवाह गर्ने साथै मासिक किस्ताबन्दीमा प्रवाह गर्नुपर्दछ जस्ले गर्दा धेरै जनाबाट सानो सानो रकम दैनिक जसो किस्ता र ब्याजको रूपमा प्राप्त भैरहन्छ र त्यसले हामीलाई अत्यन्त सहज बनाउँछ ।

संस्थागत पूँजी वृद्धिमा कुनैपनि ध्यान नपुऱ्याउने, सकेसम्म विभिन्न खर्च शिर्षक देखाएर अल्पकालिन स्वार्थका लागि मुनाफाको रूपमा वितरण गर्ने, सदस्यहरू तत्कालिन रूपमा ठुलो रकम मुनाफाको रूपमा प्राप्त गर्दा संस्थाको अन्य अवस्थाको बारेमा चासो नराख्ने वा त्यसबारे जानकारीको कमी, सदस्य वाट लिएको वचत रकमलाई संस्थागत सम्पती सरह घरजग्गामा लगानी गर्ने, सञ्चालकहरूले मनोमानी रूपमा रकम अपचलन गर्ने, विना धितो वा कमसल धितोमा ठूलो रकम एकै ठाउँमा लगानी गर्ने, फर्जी ऋणी खडा गरेर रकम हिनामिना गर्ने आदि अहिलेको सहकारीका मुख्य समस्या हुन । यी समस्यालाई निराकरण गरेमा सहकारीहरू दीर्घकालिन रूपमा सञ्चालन भैरहन सक्छन् ।

राज्यको कुनैपनि निकायसँग आधिकारीक तथ्याङ्क नरहेको भएता पनि मुलुकमा ३० हजार हाराहारी सहकारी छन् भन्ने गरिन्छ । यी मध्य कुनै एउटामा भएको कमजोरी वा समस्याले सिङ्गो सहकारी क्षेत्र बदनाम हुने र गराउने गरिन्छ, जुन सतप्रतिशत गलत छ । जुनसुकै सहकारीमा आवद्ध सदस्य समस्यामा पर्नु हुँदैन भन्ने मान्यता राख्नु उचित हो तर सञ्चालन नियमन र नियन्त्रणमा चासो नराख्ने पछी समग्र क्षेत्र हतोत्साही हुने गरी राज्य निर्मम बन्नुलाई उचित मान्न सकिदैन । सहकारीता को बारेमा बुझाई नै नभएको अवस्थामा समुदायमा विभिन्न विषयगत सहकारी सञ्चालन गर्न अनुमती प्रदान गर्ने, क्षमता अभिवृद्धिमा राज्यले कुनै चासो नराख्ने, नियमनकारी निकायहरू चिरनिन्द्रामा बस्ने, जव समस्या आउन थाल्छ अनि नियन्त्रणको बहानामा हतोत्साही बनाउने परीपाटीले सहकारी क्षेत्र दिगो हुन सक्दैन । समस्याहरू पत्ता लगाई उचित मार्गनिर्देशन गर्दै सदस्यहरूको लगानी तथा बचतलाई सुरक्षित बनाउदै सञ्चालकहरूलाई जिम्मेबार बनाउनेतर्फ सरोकारवाला छाता संगठनहरू, नियमनकारी निकायहरूले उचित कदम चाल्न आवश्यक छ ।

# सदस्यका सपना पुरा गर्ने अभियानमा सुदूरपश्चिमको सुन्दर अगमगढी साकोस

सुदुरपश्चिम प्रदेशको डडेल्धुरा जिल्लामा अवस्थित अमरगढी नगरपालिका सबैभन्दा पहाडी भेगमा रहेको नगरपालिका हो । डडेल्धुरा जिल्लाको सदरमुकाम वरपरका ५ गाउँ विकास समितिहरू (डोटी घटाल, सहस्रलिङ्ग, खलङ्गा, उग्रतारा र भुमिराज) मिलाएर यस नगरपालिकाको घोषणा गरिएको थियो । डोटी राज्यका प्रथम प्रशासक अमरसिंह थापाले राज्यको भुभागको सुशासनलाई सुदृढ र विस्तार गर्न विशाल ढुङ्गे किल्ला निर्माण गरेका थिए । अमर थापाको सोही ऐतिहासिक कदमबाट अमरगढी नामाकरण भएको थियो । किल्लाको बिचभागमा प्राचिन उग्रभैरव मन्दिर रहेको छ । ऐतिहासिक, धार्मिक र सामाजिक महत्व बोकेको अमरगढी किल्ला पर्यटकीय दृष्टिकोणले समेत विशिष्ट महत्व बोकेको छ ।

डडेलधुरा भौगोलिक विकटताका बाबजूद पर्यटन, जलश्रोत, वनजङ्गल, जडिबुटी, बन्यजन्तु लगायत प्राकृतिक सम्पदाले धनी पहाडी जिल्ला हो । सुदुरपश्चिम खाद्यान्न उत्पादनमा पूर्ण आत्मनिर्भर बन्न नसकेपनि जिल्लाका उत्पादन जस्तै फलफूल, तरकारी, भट्मास, घ्यू, मह निर्यात हुँदै आइरहेका छन् । पछिल्लो समय सडक सञ्जालको विस्तार, जिल्लाबासीहरूमा शिक्षा र चेतनास्तर बृद्धिका कारण साक्षरता दर, औषत आयु र प्रति व्यक्ति आय जस्ता सूचकहरूमा उकालोलाग्दो स्थितिमा छ ।

पर्यटनको हिसाबले प्रचुर सम्भावना बोकेको अमरगढीलाई सहकारी मार्फत जोडेर सहकारी पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावन पनि उच्च रहेको छ । अन्य क्षेत्रसँगै नगरपालिकामा बचतको महत्व सिकाउन, व्यवसायका लागि पुँजी अभावको समस्यामा सहयोग गर्न, समुदायका सदस्यबीच सुखदुःखमा सहकार्यको भावना विकसित गराउन समुदायमा सहकारी संघ संस्थाहरू लागिपरेका छन् । यस्तैमध्येको एक हो सुन्दर अमरगढी बचत तथा ऋण सहकारी संस्था लि.। सहकारी समर्पणको उत्कट अभिलाषा बोकेको सुन्दर अमरगढी सदस्यहरूको दुःखसुखको सारथी बनेको छ ।

**स्थापना**

"सहकारी सिद्धान्त अनुरूप सर्वसुलभ वित्तीय सेवा मार्फत सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक स्तरोन्नती गर्ने लक्ष्यका साथ अमरगढी नगरपालिकालाई कार्यक्षेत्र बनाई २०६६ श्रावण २६ (दर्त्ता नं. २५४/०६६/०६७) साविक सुन्दर पश्चिम बचत तथा ऋण सहकारी संस्था गठन भएको थियो । त्यसैगरी २०६८ भाद्र ३० (दर्त्ता नं.४२६/०६८/०६९) गते अमरगढी नगरपालिकालाई कायक्षेत्र बनाई साविक अमरगढी बचत तथा ऋण सहकारी संस्था गठन भएको थियो । सहकारी ऐन २०४८ बमोजिम स्थापना गरिएको साविकको सुन्दरपश्चिम बचत तथा ऋण सहकारी संस्था र अमरगढी बचत तथा ऋण सहकारी संस्थाले समाजका विभिन्न क्षेत्र, पेशा र व्यवसायका व्यक्तिहरूलाई सदस्यको रूपमा समेट्दै अगाडि बढेका थिए ।

२०७८ माघ १८ गते सुन्दर पश्चिम र अमरगढी बचत तथा ऋण सहकारी संस्था एकीकरण भई सुन्दर अमरगढी बचत तथा ऋण सहकारी संस्था नामाकरण भएको हो । ४० जना शेयर सदस्यहरूबाट सुरू गरिएको सुन्दर पश्चिम साकोसमा एकीकरणका बेला ५ सय २५ जना शेयर सदस्यमार्फत २ लाख रूपैंया बचत संकलन र ३२ जना शेयर सदस्यहरूबाट शुरूवात गरिएको अमरगढी साकोसमा एकीकरणका बेला ५ सय २४ जना शेयर सदस्यमार्फत ३ लाख ५० हजार रूपैंया बचत संकलन गरिएको थियो । दुवै साकोस गाभिएर सुन्दर अमरगढी नामाकरण सहित कुल १ हजार ४९ सेयर सदस्यसहित ३ करोड ९ लाख ७७ हजार ४ सय ४५ रूपैंया पुँजी लिई ०७८ माघ १८ गतेदेखि संयुक्त कारोबारको सुरूवात भएको थियो ।

संस्था स्थापनाको इतिहास स्मरण गर्दै सुन्दर पश्चिम साकोसको संस्थापक अध्यक्ष प्रकाश बहादुर साउद र अमरगढी साकोस साथै सुन्दर अमरगढी साकोसका संस्थापक अध्यक्ष तेज बहादुर ऐर भन्नुहुन्छ, "त्यो बेला सहकारी के हो ? सहकारी मार्फत के गर्न सकिन्छ ? भन्ने विषय बुझाउन निकै कठिन थियो । सदस्यहरू मिलि सदस्यहरूकै आर्थिक सहभागिताबाट एक आपसमा आर्थिक आवश्यकता पुरा गर्न सकिने सहकारीको सामुदायिक उद्देश्य बुझाउँदै गठन भएको सुन्दर पश्चिम र अमरगढीको एकताबाट आज सुन्दर अमरगढी बचत तथा ऋण सहकारी संस्थाले एक महत्वपूर्ण गन्तव्यका लागि आफ्नो यात्रा प्रारम्भ गरेको छ ।"

**संस्था स्थापनाको उद्देश्य**

- वित्तिय क्षेत्रमा प्रतिस्पर्धी एवं गुणस्तरीय सेवा प्रदान गर्ने ।
- सदस्यहरूको व्यावसायीकरणमा जोड दिने ।
- स्थानीय स्रोत साधनको उचित परिचालन र

व्यवस्थापन गर्ने ।

- आवश्यक भौतिक पूर्वाधारको विकास तथा विस्तारका साथै दक्ष जनशक्तिको उत्पादन गरी संस्थागत विकास गर्ने ।
- सुशासनयुक्त समावेशी संस्थाको रूपमा प्रतिस्थापित गर्ने ।

सुन्दर अमरगढी साकोसको सदस्यता बृद्धिदर करिब ३५ प्रतिशत रहेको छ ।

साकोसमा ६ कर्मचारी (४ महिला र २ पुरूष) कार्यरत छन् ।

सुन्दर अमरगढी साकोसको सदस्यता बृद्धिदर करिब ३५ प्रतिशत रहेको छ ।

साकोसमा ६ कर्मचारी (४ महिला र २ पुरूष ) कार्यरत छन् ।

**वित्तीय अवस्था**

एकीकरण पूर्व सीमित सदस्य र न्यूनतम ५०/१०० रूपैंया बचत संकलनबाट शुरू भएको सुन्दर अमरवढी एकीकरण पश्चात भने सदस्य सहभागिता र संकलित पुँजीका कारण साच्चिकै सुन्दर बनेको छ । साकोसमा ३ सय ९८ महिला सदस्य, ७ सय ७७ पुरुष सदस्य, २ जना संस्थागत सदस्य गरी १ हजार १ सय ७७ जना सेयर सदस्य छन् भने ६९ जना बालबचतकर्ता छन् ।

**संस्थाको विगतदेखि बर्तमानसम्मको वित्तीय अवस्था ?**

| शुरूवात को अवश्था २०७८ पौष मसान्त | | हालको अवस्था २०७९ अषाढ मसान्त |
|---|---|---|
| शेयर पुंजी | ८६,७८,५००। | १,००,९२,२००। |
| संस्थागत पुंजी | ४३,७१,२८१। | ५२,२८,६४५। |
| बचत निक्षेप | ३,०९,७७,४५८। | ३,३४,८७,०६२। |
| ऋण लगानी | ४,५७,२६,६५५। | ४,८३,५६,५६२। |
| बाह्य ऋण | ५४,९७,२६४। | ३३,२२,२२०। |
| जगेडा कोष | | १३,०७,१६१। |
| संरक्षित पुंजी फिर्त्ताकोष | | ९,९१,०८७। |
| शेयर लाभांश कोष | | ६,९८,७६१। |
| कुल वासलात | | ५,४२,१२,३४१। |
| अन्य कोषहरू | | २२,३१,६३६। |

**कर्जा लगानीको प्राथमिकताका क्षेत्रहरू**

- व्यापार व्यवसाय
- कृषि तथा पशुपालन
- सिलाई कटाई
- उत्पादन मुलक व्यवसाय

**सहकारीका सेवाहरू**

- बजार प्रतिनिधिहरूद्वारा घरघरमा गई बचत संकलन तथा चेक सटही सुविधा ।
- कार्यालयमा चेक सटही सुविधा काउन्टर व्यवस्थापन ।
- बचत तथा ऋण कारोवार नियमित तथा निरन्तर ।
- साना साना व्यवसायीहरूमा लगानी गरि व्यवसायिक सुधार गरि स्वरोजगार बनाउने ।
- सहकारी मार्फत बिभिन्न सामाजिक क्षेत्रमा सहभागिता ।

सञ्चालक समिति र व्यवस्थापनबीच सुमधुर सम्बन्ध रहेको छ । सञ्चालक समितिले नीतिगत निर्णयहरू गर्ने र व्यवस्थापनले त्यसलाई संस्थागत विकासमा कार्यान्वयन गर्ने गरिएको छ । छिटो छरितो कार्य सम्पादनमा सहयोग पुगेको छ । कर्मचारीहरूबाट नसकिएका काममा सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरूबाट सम्बन्धित क्षेत्रमा नै गई समस्या समाधान गर्ने गरिएको छ । सदस्यता बृद्धिदर उकालो लाग्दो छ, समुदायमा साकोसको छवि उच्च छ ।





एक आपसमा सुमधुर सम्बन्ध विकास भएको छ । सदस्यता बृद्धि साकोसको सकारात्मक पक्ष हो भने यसले समुदायमा पनि बचत शिक्षाको ज्ञान विस्तार गर्दै बर्तमान पुस्ताबाट भावी पुस्तासम्मलाई आर्थिक सशक्तिकरणको बाटो पहिल्याउन सहयोग पुऱ्याएको छ । सदस्यता वृद्धिसँगै सदस्यहरूको आर्थिक सशक्तिकरणको क्षेत्रमा सहकारीमार्फत भएका कामहरू समुदायमा प्रशंसनीय बनेका छन् । सदस्यहरूमा बचत गर्ने बानीको विकास भएको छ । सदस्ययहरूको आर्थिक सशक्तिकरणमा ध्यान दिई व्यवसाय गर्न उत्प्रेरित गरि लगानी बृद्धि गरिएको छ । महिलाहरूलाई उद्यमशिल बनाउन सस्तो ब्याजदरमा महिला उद्यमी ऋण उपलब्ध गराउने व्यवस्था गरिएको छ । बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोषमा योगदान गर्न यस बर्षको लेखापरिक्षणबाट व्यवस्था गरिएको छ ।

**चुनौतीहरू**

- कार्यक्षेत्र बजारकेन्द्रीत हुँदा व्यापारिक सदस्यहरूको वाहुल्यता बढी छ ।
- बचत तथा ऋण सहकारी बाहेकका अन्य सहकारीहरूले पनि बचत तथा ऋण को कारोबार गर्दा अस्वस्थ प्रतिस्पर्धा बढ्दो छ ।
- अन्य जिल्लाबाट पनि सहकारी संस्थाहरूको शाखा बिस्तारको प्रभाव बढी छ ।

**रणनीतिक योजना**

सहकारीको सेवा चुस्त, दुरूस्त बनाउन प्रविधि उपयोगमा जोड दिने,

पुराना ऋणी सदस्यहरूसँग आवश्यक समन्वय गरि असुली प्रक्रियामा जोड दिईने,

संस्थाको आफनै भवन निर्माणका लागि जग्गा खरिदको कार्यलाई प्राथमिकतामा राख्ने,

कार्यक्षेत्रभित्र सदस्य विस्तारमा जोड दिइने

कर्मचारीहरूको कार्यसम्पादन मुल्यांकन नियमित गर्ने

सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, अन्य उप-समिति र कर्मचारीहरूका लागि आवश्यक तालिम उपलब्ध गराउने,

उत्कृष्ट सहकारी अवलोकन भ्रमणको कार्यक्रमलाई प्राथमिकता दिने उत्कृष्ट सदस्यहरूलाई प्रोत्साहन स्वरूप सम्मान तथा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिने

**सम्मान तथा पुरस्कार**

नेफ्स्कूनद्वारा उत्कृष्ट बचतकर्ता पुरस्कार



# व्यावसायिक सफलताको श्रेय स्वस्तिक साकोस

wg axfb'/ v8\sf
उद्यमी

रौतहटको चन्द्रपुर नगरपालिका वडा नं. ५ सुन्दर बस्तीमा मेरो घर छ । श्रीमती, १ छोरा र २ छोरीहरू सहित ५ जनाको परिवार छ । मुख्य पेशा गमला उद्योग हो । विगत ८ वर्ष देखि गमला निर्माणको कामलाई निरन्तरता दिँदै आएको छु । त्यसको अलावा बंगुरपालन र ई रिक्सा चलाउने काम पनि गर्छु । मलाई यी सवै कामप्रति हौसला बढाउने र आर्थिक सहयोग उपलब्ध गराउने एक मात्र आधार स्वस्तिक बचत तथा ऋण सहकारी संस्थाको नै हो । विगत १० बर्षदेखि स्वस्तिक साकोसमा शेयर सदस्य छु । साकोसद्वारा गठित उन्नतिशील बचत समूहको समेत सदस्य हुँ ।

समूहको सदस्यता लिएदेखि नियमित रूपमा समूहमा उपस्थित भई हरेक महिनाको ९ गते बस्ने बैठकमा सहभागी हुने गरेको छु । मासिक बचतलाई निरन्तरता दिएको छु । सुरुमा उद्योग सञ्चालनका लागि आवश्यक फर्मा र अन्य औजार खरीद गर्न रू. २५ हजार लागेको थियो । स्वस्तिक साकोसबाटै ऋण लिएर उद्योगको शुरूवात गरेको थिएँ । अहिले महिनामा ३ सय ५० देखि ४ सय थान गमला उत्पादन गरिरहेको छु । करिब ४ सय थान गमला उत्पादन गर्न रू. २० हजार लागत पर्छ । उक्त संख्यामा गमला उत्पादन गर्न ४ ट्रिप बालुवा र १५ बोरा सिमेन्ट खपत हुन्छ । १ ट्रिप बालुवा ल्याउन रू. ७ सय र १ बोरा सिमेन्टको रू. ८ सय ५० पर्छ । रंगरोगनको लागि रू. २ हजार देखि रू. ३ हजार खर्च हुन्छ । २ जनाले १० देखि १५ दिनमा उक्त गमला तयार पार्छन् । गमलाको मुल्य प्रतिगोटा रू १ सयमा बिक्री हुन्छ । औषत गमला उद्योगबाट मासिक रू. २० हजार नाफा हुन्छ ।

बंगुरपालन व्यवसायमा पनि राम्रो सफलता मिलेको छ । १ वटा माउ बंगुरबाट वर्षमा २ वेतमा १५ देखि २० वटा पाठा उत्पादन हुन्छन् । बच्चा जन्मेको सरदर १ महिना भित्र रू. ३ हजार ५ सय देखि ४ हजार सम्ममा बिक्री हुन्छ । केही पाठाहरूलाई घर मै पालेर ठूलो बनाएर पनि बेच्ने गरिन्छ । ई-रिक्सा चलाएर मासिक रू. २० देखि रू. २५ हजार कमाइ गर्ने गरेको छु । ३ वटै पेशा व्यवसायबाट मासिक औषत रू. ४० हजार देखि रू. ५० हजार नाफा हुन्छ । यही पेशाबाट ८ धुर घडेरी खरीद गरेको छु भने दैनिक घर खर्च धान्न र छोराछोरी पढाउन सजिलो भएको छ । दुई छोरी ११ र १२ मा






पढ्दैछन् भने छोरा कक्षा ६ मा पढ्दैछ । साकोसमा केही रकम बचत गरेका छौं । श्रीमती र सबै छोराछोरीहरूको सहकारीमै खाता सञ्चालन गरी नियमित बचत गर्दै आइरहेका छौं । सहकारी संस्थाबाट सुरूदेखि हालसम्म गरी ४ पटक ऋण लिइसकेको छु भने ऋणको किस्ता र ब्याज पनि नियमित रूपमा बुझाइरहेको छु । नियमित किस्ता र ब्याज तिरे बापत सहकारी संस्थाले स्वस्तिक दिवसको अवसरमा उत्कृष्ट ऋण कारोबारी सदस्यको रूपमा समेत सम्मान गरेको छ । वस्तिक साकोस नै मेरो सफलताको श्रेय हो । ग्रामीण क्षेत्रका महिला, दलित, जनजाति, आर्थिक रूपले पिछडिएका व्यक्ति र समुदायलाई लक्षित गरि समूह मार्फत बचत र ऋणको कारोबार गरी सदस्यहरूको आयआर्जनमा सहयोग पुर्‍याउने स्वस्तिक बचत तथा ऋण सहकारी संस्था सम्पूर्ण सदस्यहरूका सुख दुखको साथी बनेको छ ।

## साकोस परिचय

२०६९ फागुन ९ गते डिभिजन सहकारी कार्यालय, रौतहटमा दर्ता भई सञ्चालनमा रहेको स्वस्तिक बचत तथा ऋण सहकारी संस्था लि. सदस्यहरूको सुख दुखको साथी बनेको छ । स्वस्तिक बचत तथा ऋण सहकारी संस्थाले ग्रामीण क्षेत्रका आर्थिक रूपले कमजोर समुदायलाई लक्षित गरि समूह गठन गरि बचत र ऋणको कारोवार मार्फत ती व्यक्तिहरूको आयआर्जनमा टेवा पुर्‍याउदै आइरहेको छ ।

३ हजार ९०९ शेयर सदस्य र २ हजार १०८ बालबचतकर्ताहरू सहभागी साकोसको २ करोड ७ लाख शेयर पूँजी रहेको छ । १४ करोड २२ लाख बचत संकलन र १७ करोड ८८ लाख ऋण लगानी रहेको साकोसको कुल पुँजी २० करोड ५३ लाख पुगेको छ । साकोसमा १० कर्मचारी कार्यरत छन् । सञ्चालक समितिमा ११ जना (महिला ७, पुरूष २) र लेखा सुपरिवेक्षण समितिमा ३ जना (महिला २, पुरूष १) रहेका छन् भने ६ वटा बालक्लब र १ सय ४९ समुह साकोसमा आबद्ध छन् । सुशासनमा प्रतिबद्ध स्वस्तिक साकोस जोखिममा आधारित साकोस सुवरिवेक्षण कार्यक्रम कर्ब्समा पनि आबद्ध छ ।

# कोपोमिस प्रणालीमा आवद्ध हुन
# संघमा आवद्ध सम्पूर्ण संघ/संस्थाहरूलाई आह्वान

सहकारी बिभागले विगत केही वर्षदेखि देशभरका सबै सहकारी संघसंस्थाहरूको एकिकृत अभिलेख राख्ने तथा नियामक निकायमा विद्युतीय सूचना व्यवस्थापन माध्यम मार्फत प्रतिवेदन पठाउने कार्यलाई विद्युतीय माध्यमबाट सहजीकरण गर्नको लागि सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) सञ्चालनमा ल्याएको व्यहोरा विदितै छ ।

उक्त प्रणालीमा अनिवार्य रूपमा आवद्ध भई प्रत्येक महिनाको ७ गते भित्र मासिक, प्रत्येक चौमासिक अवधि व्यतित भएको १५ दिन भित्र चौमासिक र प्रत्येक आर्थिक वर्ष व्यतित भएको ३० दिन भित्र वार्षिक प्रतिवेदन रजिष्ट्रारले तोकेको ढाँचामा कोपोमिस प्रणालीमा दाखिला गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । साथै, उक्त प्रणालीमा समष्टिगत विवरण फारम थप गरिएको हुँदा उक्त फारम समेत प्रत्येक आर्थिक वर्षको माघ मसान्त भित्र भर्नुपर्ने व्यवस्था रहेको छ ।

सहकारी सम्बन्धी नीति तथा योजना निर्माण गर्नको लागि सहकारी क्षेत्रको एकीकृत तथ्यांक अत्यावश्यक हुने भएकोले सबै संघसंस्थाहरूलाई उक्त प्रणालीमा २०७८ असार मसान्त भित्र आवद्ध भई नियमित रूपमा प्रतिवेदन पेश गर्न र हाले उक्त प्रणालीमा थप भएको समष्टिगत विवरण फारम समेत अनिवार्य रूपमा भरी सहकारी क्षेत्रको पहुँच, क्रियाशिलता, अर्थतन्त्रमा यस क्षेत्रको योगदान सहितको एकीकृत तथ्यांक तयार गरी सहकारी क्षेत्रको विकास, सम्वर्द्धन र प्रवर्द्धनको लागि सबैबाट सहकार्य गर्न आह्वान गर्दछौं ।

*नोटः हाल सम्म उक्त प्रणालीको Username र Password नलिएका संघसंस्थाहरूले आ-आफ्नो नियामक निकाय वा सहकारी बिभागमा सम्पर्क गरी Username र Password लिन सकिनेछ । संघसंस्थाले सहकारी बिभागको ईमेल ठेगाना sahakaribivag@gmail.com मा संघसंस्थाको नाम, दर्ता नम्बर र आधिकारिक ईमेल ठेगाना उल्लेख गरी संस्थाको आधिकारिक लेटरप्याडमा लेखिएको पत्र पठाईएको ३ (तीन) दिन भित्र सो को जवाफ प्राप्त हुने व्यवस्था रहेको छ ।*

आवद्धता

**नेफस्कून**
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

नयाँ बानेश्वर, काठमाडौं, नेपाल, फोन नं. : +९७७-१-४७९१९६३, ४७८०२०१, ४७८३०७१, ४७८४६५९,
इमेल : nefscun@nefscun.org.np, वेभसाइट : www.nefscun.org.np

## नेफस्कूनद्वारा प्रवर्द्धित स्तरीकरण कार्यक्रम

ACCESS
A-one Competitive Choice for Excellence in Service and Soundness



बागमती प्रदेश सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

हेटौंडा, नेपाल

## सहकारी संस्थाका सदस्यहरु र सर्वसाधारणलाई सूचना !!!

१. सहकारी संस्थाको कार्यक्षेत्र सीमित हुन्छ ।सीमित कार्यक्षेत्रभित्रका स्थानीय बासिन्दाहरुले रीत पूर्वक संस्थाको न्यूनतम एक शेयर खरिद गरी सदस्य बनेर शेयर प्रमाणपत्र प्राप्त गरेर मात्र बचत राख्ने तथा ऋण लिने कार्य गर्नुपर्छ । आफू बसोबास गरेको क्षेत्र संस्थाको कार्यक्षेत्रभित्र पर्छ, पर्दैन बुझेर सदस्य भएर मात्र कारोबार गर्नुहोला ।

२. सहकारी संस्था सदस्यले नियन्त्रण गर्ने संस्था हो । संस्था समुदायमा आधारीत हो, होइन ? संस्थाका संचालकहरु आफूले चिने जानेका व्यक्तिहरु हुन कि होइन्न ? संस्थाले सबै सदस्यहरुलाई साधारण सभामा सहभागी गराएर छलफल गर्ने गराउने, सदस्यहरुको सुझाव निर्देशन लिई कार्यान्वयन गर्ने गर्छ कि गर्दैन, यी कुराहरु राम्रो बुझेर मात्र सदस्य भै कारोबार गर्नुहोला ।

३. विद्यमान कानूनी व्यवस्था अनुसार सहकारी संघ/संस्थाहरुले आफ्नो नाम अनुसारको मुख्य कारोबार गर्नुपर्छ, जस्तै-कृषि सहकारी संस्थाले कृषि सामाग्री बिक्री र सदस्यको कृषि उत्पादन संकलन प्रशोधन र बजारीकरण गर्ने, उपभोक्ता सहकारीले उपभोग्य बस्तु बिक्री गर्ने, बहुउद्देश्यीय सहकारी संस्थाले उत्पादन खरीद र उपभोग्य बस्तु बिक्री गर्ने, बचत तथा ऋण सहकारी संस्थाले बचत तथा ऋण लगानी गर्ने जस्ता कामहरु मुख्य कारोबारका रुपमा गर्नुपर्छ र बचत तथा ऋण बाहेक अन्य संस्थाहरुले सहायक कारोबारको रुपमा मात्र बचत तथा ऋणको कारोबार गर्न पाउँछन् । तसर्थ आफ्नो संस्थाको विषय र सो अनुसार आफूले लिने सेवा प्रति सचेत रहेर मात्र कारोबार गर्नुहोला ।

४. साधारण सभामा सहभागी भएर छलफलमा भाग लिन पाउनु सबै सदस्यहरुको अधिकार हो । संस्थाहरुले साधारण सभा गर्दा एकै स्थान वा क्षेत्रगत रुपमा समूह विभाजन गरी सबै सदस्यहरुलाई सहभागी गराउनु पर्छ । कुनै कुनै सहकारी संस्थाले निश्चित रकमको शेयर खरीद गर्ने सदस्यहरलाई मात्र साधारण सभामा सहभागी गराउने र शेयर लाभांश, संरक्षित पूँजी फिर्ता गर्ने लगायतका रकमहरु दिने, राहत कार्यक्रमहरुमा सहभागी गराउने, संचालक र लेखा सुपरिवेक्षण समितिमा त्यस्ता सदस्यहरुको प्रतिनिधित्व रहने जस्ता विभेदकारी व्यवस्थाहरु राखेको पाइएको छ । तपाई सदस्य भएको संस्थामा पनि यस किसिमको विभेद गरिएको छ भने शेयर लगानीको आधारमा त्यस्तो विभेद गर्न पाइदैन । न्यूनतम एक कित्ता शेयर खरीद गर्ने सदस्यले संस्थाका सबै अधिकार प्रयोग गर्न र सुविधा प्राप्त गर्न पाउँछ । संस्थामा कुरा उठाउनुहोस्, सुधार नभएमा नियामक मन्त्रालयमा सम्पर्क गरी लिखित उजुरी गर्नुहोस् ।

५. सहकारी संस्थाहरुले ऋण लगानीमा प्रचलित कानूनले तोके बमोजिम निर्धारणगरिएको सन्दर्भ ब्याजदर भन्दा बढी ब्याज लिन पनि पाउँदैनन्। ब्याजलाई साँवामा जोडी पुनःसावाँ कायम गरेर ब्याज लिन पाँउदैनन् । किस्ता घट्दै गए अनुसार ब्याज पनि घट्दो दरमा लिनुपर्छ । सदस्य भई ऋणको कारोबार गर्दा यी कुराहरुमा ध्यान दिनुहोला र यस बमोजिम नभएको पाइएमा प्रमाण सहित यस मन्त्रालयमा उजूरी गर्नुहोला ।

६. एक स्थानीय तहमा एकै खालको सेवा दिने एक भन्दा बढी संस्थामा सदस्य भएर कारोबार गर्न नपाइने कानूनी व्यवस्था भएको हुँदा आफूलाई सदस्य भएर कारोबार गर्न उपयुक्त लागेको एक संस्थामा मात्र सदस्य भएर कारोबार गर्नुहोला ।

७. यस मन्त्रालयको नियमन क्षेत्राधिकारमा रहेका सहकारी संघ/संस्थाहरुमध्ये धेरै सहकारी संस्थाहरुले संस्था नियमित रहेको प्रमाण कागजात, आ.व. ०७७/०७८ सम्मको लेखापरीक्षण प्रतिवेदन पेश गरी अद्यावधिक हुन आएका छैनन् । त्यस्ता सहकारी संस्थाहरु निस्कृय सहकारी संस्थाको सूचीमा पर्दछन्। ।नियामक निकायसँग सम्पर्क नगर्ने, प्रतिवेदन पेश नगर्ने तथा अपारदर्शी ढंगले कारोबार गर्ने, संस्थाहरुसँग कारोबार गर्दा जोखिम हुन सक्ने भएकाले यस प्रति सर्वसाधारणले सचेत भएर मात्र कारोबार गर्नुहोला ।

८. केही सहकारी संस्थाहरुले सदस्य बनाउने समयमा शेयर पूँजी र प्रवेश शुल्क बाहेक जगेडा कोषमा सहभागिता, घर जग्गा कोषमा सहभागिता लगायत विभिन्न खालका अतिरिक्त रकमहरु लिने, नियमित रूपमा सदस्यता खुला नगरी निश्चित समयमा मात्र सदस्यता खुला गर्ने लगायतका कार्य गरेको गुनासो प्राप्त हुने गरेको छ । सहकारी संस्थाको सदस्यता सधै खुला हुनु पर्दछ र सदस्य बन्दा न्यूनतम शेयर पूँजीको रकम तथा विनियममा तोकिए बमोजिम प्रवेश शुल्क बाहेक अन्य थप शुल्कहरु केही तिर्नुपर्दैन । कुनै संस्थाले योग्यता पुगेर पनि कृत्रिम बन्देज खडा गरी सदस्यता नदिएमा वा प्रवेश शुल्क बाहेक अन्य यस्तो अतिरिक्त शुल्क माग गरेमा तत्काल यस मन्त्रालयमा लिखित उजूरी गर्नुहोला ।

९. सहकारी सम्बन्धी विभिन्न सूचनाहरु यस मन्त्रालयको वेवसाइट, फेसबुकपेज क्रमश **“https://molmcpa.bagamati.gov.np/”**, **“https://www.facebook.com/molmcpa/”** मा नियमित रुपमा प्रकाशन भई राख्ने हुँदा यस्ता सूचनाहरु हेरेर, बुझेर कुनै कुरा अस्पष्ट भएमा यस मन्त्रालयको फोन नं. ०५७-५२५६४३, मा सम्पर्क गरी स्पष्ट हुनुहुन र आफ्नो बचत रकमको सुरक्षा हुने गरी ऋण लिदाँ पनि अनुचित रुपमा आर्थिक भार नपर्ने गरी र सदस्यतामा विभेद समेत नहुने वातावरण सृजना भए नभएको सम्बन्धमा विश्वस्त भएर मात्र सहकारी संस्थासँग कारोबार गर्नुहोला ।

# नेफस्कून फिल्ड कार्यालय तथा सेवा केन्द्रहरू

| क्र.सं. | फिल्ड कार्यालयहरू | सम्पर्क नं. | ईमेल |
|---|---|---|---|
| १. | चितवन | ०५६-५९८८०४ | nefscunchitwanfo@gmail.com |
| २. | सुनसरी | ०२५-५८४८०५ | sunsarifo@gmail.com |
| ३. | बाँके | ०८१-५३७५९१ | nefscun.nepalgunj@gmail.com |
| ४. | दोलखा | ०४९-४२१६८४ | nefscundolakha@gmail.com |
| ५. | सर्लाही | ०४६-५३०६८७ | nefscunsarlahi@gmail.com |
| ६. | चावहिल | ०१-४४७९५४४ | nefscunchabahil@gmail.com |
| ७. | ललितपुर | ०१-५५३२६५० | lalitpurfo@nefscun.org.np |
| ८. | कञ्चनपुर | ०९९-५२५२०५ | kanchanpurfo@nefscun.org.np |
| ९. | रूपन्देही | ०७१-५३०३९० | rupandehifo@nefscun.org.np |
| १०. | पोखरा | ०६१-५३३३८९ | nefscunpokharafo@gmail.com |
| ११. | झापा | ०२३-५८५३५५ | nefscun.jhapa@gmail.com |
| १२. | कलंकी | ०१-५२३४३५० | kalankifo@nefscun.org.np |
| १३. | डडेलधुरा | ०९६-४१०१२७ | dadeldhurafo@nefscun.org.np |
| १४. | दाङ | ०८२-५६१८०९ | dangfo@nefscun.org.np |
| १५. | पर्सा | ०५१-५२८१०६ | nefscun.birgunj@gmail.com |
| १६. | लमजुङ | ०६६-५२१०९३ | lamjungfo@nefscun.org.np |
| १७. | सुर्खेत | ०८३-५२५७६० | surkhetfo@nefscun.org.np |
| १८. | बनेपा | ०११-६६२७५४ | banepafo@nefscun.org.np |
| १९. | न्यूरोड | ०१-४२२४७६२ | newroadfo@nefscun.org.np |
| २०. | जनकपुर | ०४१-५९०५९० | nefscunjanakpur@gmail.com |
| २१. | धादिङ | ०१०-५२१२९९ | dhadingfo@nefscun.org.np |
| २२. | मकवानपुर | ०५७-५२३८१२ | makawanpurfo@nefscun.org.np |
| २३. | भक्तपुर | ०१-५०९३३०३ | nefscun.bhaktapurfo@gmail.com |
| २४. | गोंगबु | ०१-४९५१५६५ | nefscun.gongabu@gmail.com |
| २५. | मन्थली | ०४८-५४०४१० | nefscunramechhap@gmail.com |
| **क्र.सं.** | **सेवा केन्द्रहरू** | **सम्पर्क नं.** | **ईमेल** |
| १. | लेटाङ | ०२१-५६०६०५ | letangnefscun@gmail.com |
| २. | भुमही | ०७८-४१५४१८ | bhumahisc@nefscun.org.np |
| ३. | टाँडी | ०५६-५६०७८९ | tandisc.nefscun@gmail.com |
| ४. | विराटनगर | ०२१-५९०४१५ | biratnagarsc@gmail.com |
| ५. | खैरहनीटार | ०६५-४१२२०५ | nefscunkhairenitar@gmail.com |
| ६. | सुर्यविनायक | ०१-६६१२९४० | nefscunsuryabinayak@gmail.com |
| ७. | विर्तामोड | ०२३-५९०४१९ | nefscun.birtamod@gmail.com |
| ८. | धनगढी | ०९१-५९०५१० | nefscun.dhangadhi@gmail.com |
| ९. | सिन्धुली | ०४७-५९०३०० | nefscunsindhuli@gmail.com |
| १०. | म्याग्दी | ०६९-५२२०८९ | myagdisc.nefscun@gmail.com |
| ११. | पेप्सीकोला | ०१-५९१०९९३ | pepsicola.nefscun@gmail.com |
| १२. | लहान | ०३३-५९००३३ | lahan.nefscun@gmail.com |
| १३. | चापागाऊँ | ०१-५२६५३६७ | chapagaunsc.nefscun@gmail.com |

नेफस्कून

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.**

नयाँ बानेश्वर, काठमाडौं

फोन नं.: ०१-४७९११६३, ४७८०२०१

इमेलः nefscun@nefscun.org.np

वेबसाइटः www.nefscun.org.np

# नेफ्स्कून ३५औं स्थापना दिवसका केही झलकहरू















IMELiFE

कर्जा म्यादी

जीवन बीमा योजना

# आइ.एम.ई. कर्जा म्यादी जीवन बीमा योजना

# I.M.E. Credit Term Life Policy

## विवरण:

मानव जीवन संग सम्बन्धित जीवन बीमा,लघुवित्त संस्थाहरुको बचत तथा ऋण सहकारी संस्थाहरुद्धारा आफ्ना ग्राहकलाई प्रदान गरिने विभिन्न कर्जाको सुरक्षणको लागि यो बीमा योजना बजारमा हामीले ल्याएका छौ ।

यस अन्तर्गत बिभिन्न ब्यक्ति, संस्थाका शेयर सदस्यहरु, बचतकर्ताहरु र संस्था मार्फत कर्जा लिएका ऋणीहरुको न्युनतम बीमाशुल्कमा जीवन बीमा गरी वित्तीय संस्थाहरुको कर्जा सुरक्षित समेत गर्न सकिनेछ । बीमित व्यक्तिको बीमा अवधि भित्र कुनै पनि कारण (कालगति, दुर्घटना, कुनै रोग वा अन्य कुनै अज्ञात कारण) बाट मृत्यु भएमा बीमा बराबरको रकम सहित भुक्तानी गरिने छ । साथै काजक्रिया खर्च वा दुर्घटनाको कारणबाट आंशिक वा पूर्ण स्थायी अशक्तताको समेत जोखिम बहन गरिने छ ।

| | |
|---|---|
| १. न्यूनतम प्रबेश उमेर: | १६ वर्ष |
| २. अधिकतम प्रवेश उमेर: | ६५ वर्ष |
| ३. न्यूनतम बीमा अवधि: | १ वर्ष |
| ४. अधिकतम बीमा अवधि: | ९ वर्ष |
| ५. अधिकतम उमेर परिपक्वतामा: | ६६ वर्ष |
| ६. न्यूनतम बीमाङ्क रकम: | रु. १०,०००/– |
| ७. अधिकतम बीमाङ्क रकम: | रु. २०,००,०००/– |
| ८. बीमा शुल्क भुक्तानी तरिका: | वार्षिक । |
| ९. चुक्ता मुल्यरसमर्पण मूल्यरकर्जा: | बीमालेख अन्तर्गत यी सुबिधाहरु उपलब्ध हुने छैन । |

**IME Life Insurance Company Ltd.**
3rd Floor, Hathway Complex, Lainchaur, Kathmandu | P. Box 740 | 977-01-4024071
info@imelifeinsurance.com | www.imelifeinsurance.com